# थापाथली पाञ्चायन परिसर भित्रको पूजा चोक स्थित नरसिंह मन्दिरसंग रहेको वि.सं.१९०६ सालको शिलापत्र अभिलेख

## परिचय

थापाथली पाञ्चायन जगनन्दप्रकाशेश्वर मन्दिरको प्राङ्गणको उत्तर पूर्व कोणमा रहेको पश्चिम फर्काएर राखिएको शिलापत्र अभिलेख जुन अभिलेखको शीर्षमा शिवपार्वती मूर्ति र दाँयावाँया चन्द्रसूर्यको देवमूर्ति छ। अभिलेखको मिति वि.सं.१९०६ मार्ग कृष्ण अष्टमी शुक्रवार छ। यसमा जम्मा ३४ पंक्ति अक्षर कुदिएको छ र श्लोक वद्ध गरि २२ वटा श्लोकमा लिखित छ। अभिलेखको लिपी देवनागरी छ। भाषा प्रौढ संस्कृतमा त्यसबेलाको प्रसिद्ध पण्डित विजय राजले रचना गरेको छन्। यसमा पण्डितले कुवर राजाहरूको वंश महिमाको राम्रो चित्रण गरिएको छ।

श्री

आसीन्कूवर नाम्निं वाहुजकुले श्री रामकृष्ण मिधः
क्षात्रोघर्म्म इवाश्रितो नर वपुः पुण्यैरगण्यै युर्युतः ॥
तत्सुनू रणजिद्दिमन्तर तटी किर्ति वितन्वन् रणे
हन्तिस्मायुत शोहिता त्विहितसन् कौक्षेय कालवन् ॥१॥

तस्यामूत्तनयोथ वालनरसिंहनख्यो यदियार्प्पण
माकर्ण्यैव विवर्णतामुपगतालकर्स्मादयः स्वर्गिणः ॥
यतवद्गक्षषिनारिगात्र विगल दुक्तांम्बु सिक्त द्युतेः
सादृष्याल्पकलामुपैति सतत सन्ध्या द्वय धौरियम् ॥ २ ॥

यस्मिन्शौर्य्य मुनिति रीतीम् हिते गोरक्ष भूमी भुजा
यावज्जीवमुपाहितं हितकरे साचिव्य भारं परम्
पत्निस्तस्य वभूव वीर तनया त्वं वीर पत्नी त्वक
यत्रैकत्र गणेश पूर्व पदतो नाम्ना कुमारी मता ॥ ३ ॥

तदीय तनयो नयोदय जय त्रि लक्ष्म्या तयो लयो
खिलविरोधिनां स्वसहृदां जयो दूर्जयः ॥
परैरणन्मुखेन्मुखेच्चित सुरः स पृथ्वी तले तुले
विलसदो जसा जयति जङ्गवहादुरः ॥ ४ ॥

अनुजावम्बहादुर वद्रीनरसिंह मुखाःषट्चास्य सोदर्य्या
विलसदौ दार्य्या वर्य्या अन्येपि सन्त्यार्ययाः ॥ ५ ॥

सप्ताभि भ्रातरोपि क्षितिप्रति रतिदाः शौर्य्य सौन्दर्य्य धैर्य्य
गांभीर्य्य स्थैर्य्य वीर्य्य प्रमुखगुणगणाल कृता प्रगब्या ॥
भूमीशप्राप्ते मानोदयनय विजय व्यक्त संरक्त लोकं
सन्तुष्ट स्वान्त यितामल चरित युता भूषयन्ते धरित्रीम् ॥ ६ ॥

गोरक्षेशसुरेन्द्र विक्रम महाराजस्य मंत्र्य गुणी
श्रेणी शेखरमेष राजतितरां श्री जंगवाहादुरः ॥
यन्मंत्र प्रवल प्रभञ्जन समुद्रीन द्विषस्तल
वत्कान्तार नन्तेधरे मिनवरे तिष्ठति देशोदरे ॥ ७ ॥

हत्वातान् विमतान् नरेन्द्रपद संहर्तृन संख्या नमि
द्वैतीयीक दूता विचाल्य चपर संस्थाप्य धर्म्मनृपात्
यो लेमं पदमुत्तमोत्तम मिदंनाकात पूर्व हृदा
प्यन्यैर्धन्य जनानि गेय चरितो वर्वर्तिसोयं क्षितौ ॥ ८ ॥

यस्मिन्तस्य पतन्ति दुग्धजलधि स्निग्धाः कटाक्ष छटा
सद्यस्तस्य गृहा भवन्ति हरिभिर्व्यावला मानैर्य्यताः ॥
किनचान्यत्कनक प्रवालखचिता नागेन्दुयुक्ता गणा
श्चित्र यत्र रूषा रूणा अपिट्ट शस्तस्या पिताङ्गगृहाः ॥ ९ ॥

आसन्कर्ण्णारयस्तेर्प्पण विधिषु रणेपार्थ मुख्यादयाया
शिव्याद्यावीर मुख्यानन् पुनरभवन्तेषु विरत्व मात्रम् ॥
विद्वैन्य ध्वंर हेतोररिनि वहसमुन्मूलनाल्लोक पाता
तेषांतेषां च तेषां वहति धरम यन्त्वेक एवानिवीरः ॥ १० ॥

सचित्यसारं जननस्य सुकृतं सोयं सदा धर्म्म सुकर्मतत्परः ॥
दिगन्त विश्रान्त निनान्त कान्ति कान्तनोत्पल कीर्ति परं पराम्पराम् ॥ ११ ॥

सोयं श्री वीजयादि राज विवुध श्रेणी प्रमोः सर्वतः
स्फूर्ज्जत्कीर्ति सुरेन्द्र विक्रम महाराजस्य प्रम्ना अपि ॥
भातृणामपि सम्मताज्ज गदिदं मन्ते भकर्ण्णाञ्चल
चेष्टा चंचलमर्थसार्थमपितंच्छेपा प्रकम्पोपमम् ॥ १२ ॥

ज्ञात्वा स्थापयदार्य्य तीर्थ मनुतं श्री जङ्गनन्देश्वर
थापाथल्यनु जगनन्द पदतः ख्यातं प्रकाशेश्वरम् ॥
वाग्मत्यामपि जगनंद प्रथमं भक्तेश्वरं तत्रच
राधाकृष्ण गणेश वायुज पुन गणेष्टदेवादिकाम् ॥ १३ ॥

एतेषां दैवतानां श्रुति मनु गदिनां स्थापनां संविधाय
शश्वन्नैमित्तिकाच्चार्थ मथपरिलसद्वर्ष वन्द्यादिकार्थम्
सन्यासि स्नातकद्या नियत वसतिका धीच्छगद्भोजनार्थं
क्षेत्राण्यष्टदशा सौन्य सभत विधिगत वेदसंख्याश्च ग्रामान् ॥ १४ ॥

क्षेत्र त्रयं पाटन वल्षुमध्ये थापास्थले पंचदशैवतानि ॥
तत्पञ्च पञ्चाशदपीह मूरीकीतानि भूम्यधि गतानि तानि ॥ १५ ॥

हरीन्मरीकः सकरीकटैआ तथाहरि नै इति मध्यदेशे
ग्रामत्रयं साषुरिहापरोस्तिय एम्पआय प्रतिकर्षमस्ति ॥ १६ ॥

एकायुतं चैक सहस्रकञ्च शतानि सप्ताष्ट युताधि विशंति
मुद्रानिधेयन्नदनेन पूजनं शतद्वयं सप्ततिका द्वयं च ॥ १७ ॥

आमान्न पात्राणि दिने दिने च देयानि तत्कर्म्मकरैः शतानि
ग्राह्याणि षट् शिष्ट धननिधेयं कालान्तरे दैवत कार्य्य कृत्यै ॥ १८ ॥

एवं व्यवस्थाप्य मिनिष्टरेण समर्प्पितं तर्क खनन्द भूमिः॥
सवद्यतेमार्ग शिरोः सिते शतिथ्यां कवरेन्हि समग्रमेतत् ॥ १९ ॥

श्री भूपचिन्हाङ्कित पत्र मध्ये तत्ताम्रपत्रे पि विशेषतो स्ति ॥
क्षेत्रादि सीमार्चन वस्तु पूजादि नादिकं चापनियोजने च ॥ २० ॥

योमोहाच्छलतो मदादपि भवेदेत द्विनाशेरत
स्तत्रस्थापित देववृन्द किदृशश्चामूल मुन्मूलिकाः ॥
यस्त्वेतत्परि रक्षणं च निरतोन्पुन प्र पुत्रादपि तत्र
नैनसुर सुदृशश्शय शय येभ्यश्च तुर्वर्ग्गकम् ॥ २१ ॥

यत्कीर्तिश्चरिकिर्ति पार्व्वण शशि ज्योत्स्नैव सर्व्व सितं
योधीरान्वरि भर्ति यद्गुण गणश्चेतो जरी हर्त्यलम् ॥
नेनश्री सचिवेङ मिनिष्टर वहादूरेण यन्निर्म्मित
स्तावत्सुकृत सेतरस्तु गगणे यावद् वीन्दूदय ॥ २२ ॥

**शिलापत्र उतारक श्री श्याम सुन्दर राजवंशी प्रमाणित गर्ने तत्कालीन सदस्य सचिव मेजर श्री पदम बहादुर कुँवर। पाञ्चायन मन्दिर भित्र स्थापित शिलापत्रमा लिखित भएका कुराहरू यस पत्रमा उत्तार गरिएको प्रमाणित गर्दछु।**

# थापाथली पाञ्चायन परिसर भित्रको पूजा चोक स्थित नरसिंहको मन्दिरसँगै रहेको वि.सं. १९०६ सालमा संस्कृतमा लेखिएको शिलापत्रको अनुवाद

श्री कुवर नाम भएको क्षत्रिय कुलमा श्री रामकृष्ण भन्ने थिए। तिनि क्षत्रिधर्ममा लागेका मनुष्यरूप थिए। तथा अनेक पुण्यवान् थिए। तिनका छोरा रणजित दिशाका अन्त्य किनार सम्म कीर्ति फैलाएका लडाईमा कौक्षेयकाल जस्ता भई लाखौ शत्रुहरूलाई मारेथे ॥ १ ॥

तिनका छोरा वालनरसिंह भन्ने भए। जसको अर्पणलाई सुनेर स्वर्गीय कर्मठहरू निस्तेज भए। जसको विशाल छातिमा नारीको शरीर लाग्दा गएको पसिनाले भिजेको कान्तिको सादृश्यले दूवै सन्ध्या आत्मकलामा पुग्दछ ॥ २ ॥

वसमा पराक्रमबाट मुनिको रीति भन्दा ठुला भएका गोरखाका राजाले जीवनभर साचिव्य पदको ठुलो भार सुम्पेका थिए। तिनकी पत्नी वीरकी पुत्री वीर पत्नी कहलाएकी थिइन् ,गणेश कुमारी नामकी थिइन् ॥ ३ ॥

तिनका छोरा नयोदय तीन लक्षीका घर सम्पुर्ण विरोधीहरूको लय मित्रहरूको जय लडाईमा शत्रुले दुर्जय यज्ञले पूजिएका देव तिनी पृथ्वी तलमा अतुल पराक्रम भएका जङ्गबहादुर ठुला छन् ॥ ४ ॥

भाईहरू बम्बहादुर, बद्धीनरसिंह आदी ६ जना सहोदरले सुहाएका उदारले युक्त पनि छन् ॥ ५ ॥

सातभाईहरू पनि पृथ्वीमा आनन्ददिने शौर्य सौन्दर्य धैर्य गाम्भीर्य स्थैर्य वीर्य आदि गुणहरूले अलंकृत अग्रगण्य थिए। राजाबाट पाएको मानोदय नय विजयले रत्तिएका लोक छन्। तिनलाई सन्तुष्ट पारेको अन्तस्करणको सफा चरित्रले पृथ्वीलाई सिंगार्छन् ॥ ६ ॥

गोरखाका राजा सुरेन्द्र विक्रम महाराजाको मन्त्रीमा अग्रणी श्रेणी शेखर यी जङ्गबहादुर विराजमान छन् जसको मन्त्रवलले फुटेर उडेका शत्रुहरू अनन्त जंगल भित्र रहन्छन् मित्रहरू देश भित्र रहन्छन् ॥ ७ ॥

राजाको पद हरण गर्ने यी असंख्य विराधीहरूलाई मारेर द्वैत दूत राखी राजाबाट ठुलो धर्मथामी जसले यो उत्तम पद पाए तथा कसैले आफु ननासिने भए धन्य भनी जनताले चरित्र गान गर्ने भए तिनी पृथ्वीमा विराजमान छन् ॥ ८ ॥

जहाँ तिनको पनाति दुग्ध सागरले चिल्लो कटाक्षको छाँया परेको घर छन्। सिंहादिजन्तुले युक्त भएको सुन मुगाले जडेको हात्तिहरू छन्। यस्ता चित्रले सिंगारेको घरहरू छन् ॥ ९ ॥

लडाईमा कर्णादिहरूले प्रयोग गरेका विधिमा अर्जुन मुख्य भएथे फेरी शिवी आदी वीर भएथे त्यस्तै वीरत्वले युक्त छ। विद्धानको दैत्यलाई नाश गर्नामा कारण भएका शत्रु समुहलाई उन्मूलन गर्नाले लोकको रक्षक भएका तिनीहरू मध्येमा धर्मलाई धारण गर्ने एउटै वीरत्व छ ॥ १० ॥

जन्मको धर्मको सारलाई संचय गरी सधै धर्म कर्ममा लागेका दिशाको अन्त्य सम्म कीर्ति परम्पराको कान्तिले राम्रा भएका छन् ॥ ११ ॥

श्री विजय राज पण्डितहरूमा मुख्य छन्। सबै तिर कीर्ति फैलिएका सुरेन्द्र विक्रम महाराजको प्रेमले र भाईहरूको अनुमतिले जगतलाई कम्पायमान् गर्ने अर्थ सामर्थ्य पाएको ॥ १२ ॥

जानेर आर्य तीर्थ स्थापना गरे अनि श्री जङ्गनन्देश्वर स्थापना गरे। जङ्गनन्द पदले थापाथली प्रख्यात भए वाग्मतीमा पनि जगनन्दादि प्रकाशेश्वर भक्तेश्वर त्यहाँ राधाकृष्ण गणेश हनुमान स्थापना गरे। गणेशादि देवताहरूलाई ॥ १३ ॥

यी देवताहरूको वैदिक मतानुसार स्थापना गरेर वारम्वार नैमित्तिक पूजा र बर्षबन्धादिका निमित्त १८ क्षेत्र र ४ गाँउ विधि पूर्वक राखे।
पाटन बल्षु मध्ये ३ क्षेत्र थापाथलीमा १५ क्षेत्र ५५ मुरी आउने भूमि किने ॥ १५ ॥

हरीन्मरीक सकरीकटैञा तथा हरित इति मधेशका र ३ गाँउ साखुका हुन्। यसको आयस्ता प्रतिवर्ष जति छ ॥ १६ ॥

एक लाख एक हजार सातसय अठ्ठाइस मुद्रा राखे। यसमध्ये पूजालाई २ सय ७२ ॥ १७ ॥

दिनदिनै त्यस काम गर्नेहरूले १०० सिधा पात्र दिन वाकी छ कालान्तरमा देवकार्य कृत्यलाई राख्नु ॥ १८ ॥

यसरी व्यवस्था गरी मिनिष्टरले संवत् १९०६ मार्ग कृष्ण अष्टमी शूक्रवारको दिन यति सबै समर्पण गरे ॥ १९ ॥

श्री भूमी चिन्हाकित पत्र मध्ये ताम्रपत्र पनि छ क्षेत्रादि सीमार्चन वास्तु पूजादिमा प्रयोगमा ॥ २० ॥

जो मानिस मोहले छलले मदले नाश गर्नमा लाग्ला त्यहा स्थापना गरिएका देवताहरू उन्मूलन गर्ने कुदृष्टिमा पर्ला। जो मानिस संरक्षण गर्नमा लाग्ला पुत्र पौत्रादि यश र चतुर्वग फल पाउला ॥ २१ ॥

जुन कीर्ति पूर्णिमाको चन्द्रको जुन झै चम्कन्छ। जुन गुणले भरिपूर्ण गर्छ चित्तहरण गर्छ। सचिव मिनिष्टर वङ वहादुरले वनाए त्यो धर्म रूपी पूल आकाशमा जहाँहरू चन्द्र सूर्य रहला तहाँ सम्म रहने छ ॥ २२ ॥

---

**अनुवादक श्री श्याम सुन्दर राजवंशी अनुवाद गरेको प्रमाणित गर्ने तत्कालीन सदस्य सचिव मेजर पदम बहादुर कुँवर। पान्चायन मन्दिर भित्र स्थापीत शिला पत्रमा लिखीत भएका कुराहरू यस पत्रमा उत्तार गरिएको प्रमाणीत गर्दछु।**

समस्त
राणा तथा कुँवर परिवारमा
२०७४ सालको विजयादशमी
एवं शुभ दिपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ–कामना व्यक्त गर्दछौं ।

महेन्द्र शम्शेर ज.ब.रा.
रानी किरण राणा
छोरा सेचन शम्शेर ज.ब.रा.
रानी प्राप्ती राणा
छोरा डा.अर्चन शम्शेर ज.बरा.
रानी रचना राणा
सुश्री साराक्षी राणा
आरब्य शम्शेर ज.ब.रा.
उपहार मार्ग, बालुवाटार

समस्त
राणा तथा कुँवर परिवारमा
२०७४ सालको विजयादशमी
एवं शुभ दिपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ–कामना व्यक्त गर्दछौं ।

नगेन्द्र श्रेष्ठ
श्रीमती सन्ध्या सुब्बा श्रेष्ठ
छोरी ररिका श्रेष्ठ
हात्तीगौडा, काठमाडौं

We extend our best wishes
for peace, progress
and
prosperity
to all our "Kul Bandhus"
on the auspicious
occasion of

# HAPPY BIJAYA DASHAMI
# &
# DEEPAWALI 2074

Honourable Justice Cholendra Shamsher J. B. Rana

(Supreme Court)

Mrs. Rezi Rajyalaxmi Rana

Mr.Sachindra Samsher J.B.Rana

Engineer Mrs.Sophy Rajyalaxmi Rana

and

Seiraya Rajyalaxmi Rana

*Kalikasthan*

समस्त
राणा तथा कुँवर परिवारमा
२०७४ सालको
*विजयादशमी एवं शुभ दिपावली***को**
पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना
व्यक्त गर्दछौं।

सुबास विक्रम राणा
रानी हेमन्ती राज्यलक्ष्मी राणा
छोरा सुहेन्त विक्रम राणा

---

समस्त राणा तथा कुँवर परिवारमा
२०७४ सालको **विजयादशमी एवं शुभ दिपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना
व्यक्त गर्दछौं ।

श्रीमती मीना राज्यलक्ष्मी राणा
(स्व.विराज शमशेर ज.ब.रा.)
छोरा विकर्ण शमशेर ज.ब.रा.
बुहारी इच्छा राज्यलक्ष्मी राणा
नातिनी सुश्री काश्विनी राज्यलक्ष्मी राणा
लालदरबार

# प्रदुषित बागमति यसका सहायक र उप-सहायक नदी र सफाइ अभियान



महेश विक्रम कुँवर
प्रधान सम्पादक

**नेपाल अधिराज्यभित्र बहेका विभिन्न नदीहरूमध्ये उच्च सांस्कृतिक मुल्य र मान्यता बोकेको बागमति नदीको संरक्षण, योजनाबद्ध पुर्नस्थापन, वातावरणीय आकर्षण र सांस्कृतिक क्षयीकरणलाई रोक्नु पर्ने आजको आवश्यकता हो । बागमति नदीको उद्‌गम स्थल उपत्यका देखि १५ किलोमिटर उत्तरमा अवस्थीत बागद्वार सुन्दर प्राकृतिक रमणीय स्थल शिवपुरी डाँडा हो । शिवपुरीदेखि कट्वाल दह हुँदै बग्ने यो पवित्र नदी छेउ छाउ रहेका सास्कृतिक सम्पदा हरू मन्दिर घाट पवित्र तिर्थ स्थल र प्राकृतिक सौन्दर्यतालाई विध्वशं र विनाश बनाउने कार्य हामीबाट भएको छ । उपत्यकाको औद्योगीक करण अव्यवस्थीत सहरीकरण तिव्र जनसंख्या वृद्धिले भुमि अधिक्रमण, अनियन्त्रित बालुवा निकाल्ने कार्य नदीमा फोहोर फाल्ने कार्यले बागमति यसका सहायक र उपसहायक नदीहरूमा गम्भीर असर पारेको छ । साथै यसको प्रतिफल हामीले अस्वस्थ जीवनयापन पहिरो, बाढी, भुक्ष्य आदिका समस्या खेप्दै आएका छौं । वन विनाश र नदी प्रदुषित हुँदा सुन्दर चरा चुरूङ्गी, वन्यजन्तुहरू पलायन भएका छन् । विभिन्न प्रजातीका माछाहरू नदीबाट लोप भएका छन् ।**

**केही वर्ष यता उपत्यका वासिहरू बागमति नदीको दुर्दशा प्रति चिन्तित रहेको देखिन्छ । नेपाल सरकार सहरी विकास मन्त्री ज्यूको उच्च स्तरिय अध्यक्षतामा अधिकार सम्पन्न बागमति सभ्यता एकीकृत विकास समिति गठन भई बागमति र यसका सहायक नदीहरूलाई पुर्नस्थापित गरी संरक्षण गर्ने दृष्टिकोणका साथ अगाडि बढेको छ । जसमा विभिन्न संघ संस्था नागरिक समाजको संलग्नता रहेको छ । नदी सफाइ अभियान केही वर्ष यता देखि निरन्तर प्रत्येक हप्ता जारी रहेको छ भने नदी संरक्षण दायाँ बायाँ करीडोर बाटो निर्माण, पार्क निर्माण कार्यहरू अगाडि बढेका छन् र निकट भविष्यमा नदीका छेउ छाउ बग्ने दुषित ढललाई प्रशोधन गरी सफा पानी नदीमा बगाउने उद्देश्यले ठुला ठुला प्रशोधन केन्द्रहरू स्थापना गरिने कार्य योजनामा छन् । उपत्यकामा बहने नदीहरूमध्ये बागमति मुख्य नदी हो भने विष्णुमति यसको मुख्य सहायक नदी हो र टुकुचा, धोबीखोला (रूद्रमति), मनोहरा, बल्खु (इन्द्रमति), नख्खु यसका सहायक नदीहरू हुन् । र गोदावरी , हनुमन्ते, साङ्गले खोला, महादेव खोला, कोड्कु खोला यसका उपसहायक नदीहरू हुन् ।**

## बागमति :-

काठमाडौंको उत्तर भेग शिवपुरीको डाँडा बागद्वार यसको उद्‌गम स्थल हो । यो नदी उपत्यका भित्र बग्ने अन्य सहायक उपसहायक नदीहरू मिसिदै चोभारको गल्छी तराईको कर्मैया हुँदै भारतको गंगा नदीमा मिल्दछ । बागमतिको उत्तरी क्षेत्र शिवपुरी राष्ट्रिय निकुञ्ज छेउछाउ धाप, पानी मुहान, पोखरी, साना ठुला सिमसार क्षेत्रहरू स्वच्छ देखिन्छन् भने जोरपाटी, तिलगंगा, मिनभवन, शंखमुल, जावलाखेल, कुपनडोल, सानेपा, टेकु, बल्खु, सुन्दरीघाट, र चोभारमा अप्रषोधित ढल नदीमा मिसाइएको छ । नदी किनारमा अवस्थित अनियन्त्रीत शुकुम्बासीका मल मुत्रहरू सिधै नदीमा मिसिन्छ । अत्यन्तै प्रषोधित धोबी खोला, विष्णुमति, टुकुचा र नगरबासीका फोहोर मैला बागमति नदीमै विर्सजन गरिन्छ । गोकर्णदुखि तलतिर नदी किनार छेउछाउ निर्माण गरिएका विभिन्न निर्माण सामाग्रीका डिपोहरू, कल कारखाना, जबरजस्ती बस्ती बसाई अधिकरण गर्ने कार्यहरू भएका छन् । त्यस्तै गैरी गाउँ शान्तिनगर, प्रगति टोल, कुरिया गाउँ, शंखमुल,कालीमाटी टोल जस्ता ठाउँहरू गैर कानुनी रूपमा बस्ती बसाई अधिकरण गरिएका छन् । सुन्दरीजल, गुह्येश्वरी, गैरीगाउँ, थापाथली, बल्खु, चोभारबाट दिनहुँ ५० औं ट्रक बालुवा निकाल्ने कार्य गरिन्छ । उचित संरक्षणका अभाव र अनुपयुक्त व्यवस्थापकीय प्रणालीको कारण सुन्दरीजलमा अवस्थित सुन्दरी माइको मन्दिर, गोकर्णेश्वर महादेव, पशुपति गुह्येश्वरी मन्दिर क्षेत्र शंखमुल, थापाथली मन्दिर, टेकु चोभार गणेश मन्दिर जस्ता धार्मिक स्थल मठ मन्दिर घाटहरू प्रायजसो नदी किनारमा अवस्थित भएका छन् र विनाश हुँदै छन् ।

## सहायक नदीहरु :-

### ◆ विष्णुमतिः-

काठमाडौं उपत्यकाको उत्तर पटि अवस्थित शिवपुरी डाँडाको विष्णुद्वार यसको उद्‌गम स्थल हो । साङ्ला खोला, महादेव खोला, सामाखुशी, भाचाखुशी, मनमति, चर्चरे, लुदी, यसका सहायक नदीहरू हुन् । यो विष्णुमति नदी टेकु दोभानमा पुगी बागमतिसँग मिल्दछ । बढ्दो जन घनत्व सहरीकरण अवस्थित बसोबास अधिक्रमणका कारण विष्णुमति नदी पनि प्रदुषित छ । विष्णुमति छेउ छाउ रहेको अतिक्रमण गरी बस्नेहरूले नदीमा फोहोर मैला फाल्ने सौचालय प्रयोग गर्ने गरेका छन् । मनमैजु, बालाजु,म्हेपी, खुशिबु, शोभा भगवति,डल्लु, कालीमाटी छेउ छाउका जमिनहरूमा अतिक्रमण भएका छन् । गोंगबु बसपार्क वरिपरि किनारा व्यापारिक प्रयोजनका लागि प्रयोग गरिएका छन् । नदी किनार छेउका स्थानहरूमा फोहोरका ढंगुर थुपारिएका हुन्छन् । टेकु कंकेश्वरी एरियामा विशेष फोहोर थुपारिएको देख्न सकिन्छ । विष्णुमति नदीको किनारमा रहेका धार्मिक स्थल सांस्कृतिक सम्पदा पाटी पौवा घाट स्थल विनाश हुने क्रम तिव्र छ । गोंगबु मरण पाटी शोभा भगवति इन्द्रायणि, कंकेश्वरी , राम मन्दिर विष्णुमति नदी किनारमा अवस्थित धार्मिक सम्पदाहरू हुन् । केही दशक अगाडिको पवित्र सुन्दर स्वच्छ सफा विष्णुमति नदी हाल खहरे, नाला, डोम्पीङ् साइडको रूपमा परिणत भएको छ । नदीमा भेटिने थरी थरीका माछाहरू चराचुरूङ्गीहरूको स्थानमा विभिन्न पशुपन्छीका हड्डी, प्लाष्टिकका थुप्रा, शौचालयका मलमुत्र भेटिन्छन् ।

### ◆ मनोहराः-

उपत्यकाको उत्तर पूर्वी भाग मणिचौर डाँडाबाट उत्पत्ति भई उपत्यकाको च्यासलमा पुगि बागमतिमा मिल्ने यो नदी बागमतिको सबैभन्दा लामो सहायक नदी हो । जसको लम्बाई २३.४ किलोमिटर रहेको छ । ९एचबमजबल झढढट० नदीको उपल्लो भाग साँखु , थली, मुलपानी, कृषि भुमि र वन जङ्गल रहेको हुदा त्यत्ति प्रदुषित रहेको देखिदैन भने , सानो ठिमी, पेप्सीकोला, जडीबुटी छेउछाउ जग्गाको अतिक्रमण अत्याधिक भएको पाइन्छ । विभिन्न कल कारखानाहरू अवस्थित रहेकोले ज्यादै प्रदुषित हुनु पुगेको छ । यस नदीमा समाहित हुने सहायक नदीहरू शालीनदी, हनुमन्ती, कोडकु, गोदावरी,

घट्टे खोलारू हुन् । मुलपानीदेखि कोटेश्वरको क्षेत्रसम्म अनियन्त्रित बालुवा निकाल्ने कार्य भएको पाइन्छ ।

◆ **बल्खु (इन्द्रमति):-**

काठमाडौं उपत्यकाको पश्चिम भेग चन्द्रगिरी डाँडाबाट उत्पति भइ चक्रपथ बाहिर बल्खुमा गई भेट हुने यो इन्द्रावति जलधार क्षेत्र थानकोट बलम्बु तीनथाना र सतुङ्गल हुन् । यस नदीको छेउमा अवस्थित कलंकी, बल्खु अत्यन्तै जनघनत्व रेहको स्थल हुन् भने कलंकी खसिबजार ठाडोखोला र बल्खु दोभान वरिपरि जग्गा अतिक्रमण भई गैर कानुनी रूपमा बस्तीहरू ीवकास भएका छन् । सतुङ्गल एरियामा सानो तिनो उद्योगहरू संचालीत छन् । नदीका छेउछाउ फोहोरका डंगुर भेटिन्छन् । यस क्षेत्रमा धार्मिक र सांस्कृतिक महत्व बोकेका विष्णुदेवी मन्दिर, इच्छा विश्वेश्वर महादेव, वीर विनायक मन्दिरहरू रहेका छन् ।

◆ **नक्खु :-**

काठमाडौं उपत्यकाको दक्षिणी भेग भारदेउ डाँडाको टुप्पो यसको उद्‌गम स्थल हो भने यो खोला चोभारको गल्छी नजिक गइ बागमति नदीसँग मिल्दछ । नक्खु खोलाको माथिल्लो भाग नल्लु र लेले खोला छेउछाउ प्रदुषित नदेखिए पनि तल बग्दै आउँदा कुसुन्ती देखि नक्खु खोला घरायसी र औद्योगीक फोहोरले प्रदुषित भएको पाइन्छ । सांस्कृतिक महत्व बोकेको टिका भैरव मन्दिर नक्खु दोभानमा अवस्थित छ भने १२ वर्षे मेला लाग्ने मच्छिन्द्रनाथको जात्राका लागि नक्खु खोला प्रसिद्ध छ ।

◆ **धोबीखोला (रुद्रमति):-**

यो नदीको उद्‌गम स्थल शिवपुरी पर्वत नै हो । उपत्यकाको बुद्धनगरमा आइपुगेपछि यो नदी बागमति नदीसँग मिल्दछ । यो नदीको उपनाम रूद्रमति हो । यो नदीको माथिल्लो खण्ड कृषि भुमिलाई छोएर बगेको छ । प्रदुषण मुक्त छ भने कपनबाट तल बगेपछि मण्डिखाटार, चावहिल, शिफल, बानेश्वर, मैतीदेवी, अनामनगरको बढ्दो जनघनत्व नदी छेउ छाउको जग्गा अतिक्रमण र गैर कानुन रूपले बसोबास गर्नेहरूले ढल मिसाउने र जथाभाबी फोहार फाली दिनाले ज्यादै नै प्रदुषित भएको छ । नदीमा रहेको बालुवा झिक्ने कार्य तिव्र रूपमा भएको देखिन्छ जसले गर्दा चावहिल चक्रपथको पूललाई समेत क्षति पुग्न गएको ।

**उपसहायक नदीहरु :-**

◆ **साङ्गुला खोला :-**

कुनै बेला उपत्यका बासीका लागि उत्कृष्ट पिउने पानीको मुहानको रूपमा रहेको साङ्ला खोला विष्णुमतिको सहायक नदी हो । उपत्यकाको उत्तर-पश्चिमी भेगमा अवस्थित आले डाँडा यसको उद्‌गम स्थल हो । यो नदीको माथिल्लो खण्ड सफा देखिएता पनि तल्लो भाग टोखाको सपनतीर्थ पूल देखि तलतिरका भागहरू भने प्रदुषित बनेको छ । नदीको किनारा वरिपरी बाटो निर्माण जग्गा अतिक्रमण र खोला बाट अनियन्त्रीत बालुवा निकाल्ने कार्यले खोलाको ठाउँ ठाउँमा खाल्डा खुल्डीहरू परेका छ र यसले गर्दा नदी बग्ने मार्ग नराम्ररी प्रभावित बनेको छ । यस छेउछाउका बासिन्दाहरूको मुख्य पेशा नै बालुवा निकाल्ने रहेको छ । अत्याधिक बालुवा निकाल्नुले नदीको पिंध पहिलेको सतहभन्दा पाँच मिटर मुनिसम्म गहिरिन पुगेको छ । स्वच्छ सफा पानी बग्ने साङ्ला खोलाका माछाहरू लोप हुन पुगेका छन् । काठमाडौं उपत्यका खानेपानी लिमिटेडले हाल पनि उपत्यका बासीहरूका लागि यस खोलाबाट खाने पानी उपलब्ध गराउदै आएको छ । विष्णुमति नदी र साङ्ले खोलाको संगम स्थल कलकत्तेपार्टी (मरण पार्टी) वरिपरी रहेको गोंगबु, मनमैजु, घनेश्वर बालुवापार्टीको बढ्दो जनघनत्वका कारण साङ्गला खोला नदीलाई बढी प्रदुषित बनाएको पाइन्छ ।

◆ **महादेव खोला :-**

काठमाडौं उत्तर पश्चिम भेगमा अवस्थित आले डाँडा उद्‌गम स्थल रहेको महादेव खोलाका माथिल्लो भाग त्यति प्रदुषित नदेखिए पनि फुटुङ्ग, काभ्रेस्थली, जरङ्कु, हिले डोल हुँदै विष्णुमति सँग मिल्दा नदी अतिक्रमण , अनियन्त्रित बस्ती घरको ढल सिधै यस खोलामा मिसाइनाले नदी प्रदुषित हुन पुगेको छ । विष्णुमतिको सहायक नदी महादेव खोला हाल सानो खहरेको रूपमा परिणत भएको देखिन्छ । महादेव खोला र विष्णुमतिको दाभानलाई तारकेश्वर धामलाई हाल गुम्बा भनिन्छ । यहाँ व्यवस्थित रूपमा क्रियापुत्री स्थल विभिन्न देवी देवताहरूको मन्दिर घाट निर्माण गरिएको छ ।

◆ **हनुमन्ते:-**

भक्तपुरको नगरकोट नजिक महादेव पोखरीबाट उत्पत्ति भएको यो खोला मनोहरा खोलाको सहायक खोला हो । र यो फिडोल भन्ने ठाउँमा आई मनोहरा सँग मिल्दछ । भक्तपुरको एक दहा संस्कार गरिने क्षेत्र हनुमन्ते घाटमा भक्तपुरको फोहोर मैला मिसाइने गरिएको पाइन्छ । भक्तपुरको ठिमी वरिपरी बढ्दो जनसंख्याको चाप गैर कानुनी रूपमा बस्नाले नदीको अतिक्रमण र बालुवा निकाल्ने कार्यले हनुमन्ती खोला पनि अक्रान्त छ ।

◆ **गोदावरी:-**

मनोहरा खोलाको सहायक नदी  गोदावरी हनुमन्ती खोलासँग भक्तपुरको बाल्कोटमा पुगी मिल्दछ ।  गोदामचौर र गोदावरी कुण्डको पानी ट्यांकरमा भरि बिक्रि वितरण गरिने गरेको छ । यो नदीको पानी सिचाइमा पनि प्रयोग हुँदै आएको छ । नदीको छेउछाउ रहेको ढुंगा खानीले नदीलाई प्रदुषित बनाएको छ । यो नदीको माथिल्लो भाग स्वच्छ सफा र वन क्षेत्र रहेकोले चरा चुरुङ्गीहरू भेटिन्छन् भने बालकोट वरिपरि बस्ती बढ्ने क्रम जारी रहेकोले नदी प्रदुषित बन्दैछ ।

◆ **कोड्कु खोला :-**

उपत्यकाको दक्षिणी भेगमा अवस्थित तिलेश्वर डाँडा र भगवान डाँडाबाट उत्पत्ति भइ यो नदी उपत्यकाको उत्तर तिर बग्दछ । यो खोलाको माथिल्लो भाग स्वच्छ र सफा रहेको छ । वरिपरिको प्राय सबै भाग कृषि भुमीका लागि प्रयोग गरिएको छ भने हरिसिद्धी पुलभन्दा मुनिको भागमा आइ ढल मिसाइएको छ । यो खोलालाई ग्वार्को र हात्ती वन गरि दुई खण्डमा विभाजन गरिएको छ र लिटिल एन्जल स्कुल र गुण सिनेमा हलले नहरमा सिमित गरिएको छ । उपत्यका भित्रको नदीहरूलाई प्रदुषित गर्ने कार्य रोकिएका छैनन् यो कोड्कु खोला पनि यो चपेटाबाट वञ्चित हुन सकेको छैन ।

यसरी बागमति नदी यो सँग मिल्ने सहायक र उप सहायक नदीहरूले उपत्यका भित्र रहेका हामी जनताहरूलाई खानेपानी, सिचाई, औद्योगिक प्रयोजनमा विशेष भुमिका खेल्दै आएको सर्वविधितै छ । पानीको उपादयता र महत्व सम्बन्धमा मानव जातीको उत्पत्ति सँगसँगै जोडिएर  आएको छ । नदी किनार छेउ छाउमा नै मानव सभ्यताको विकास भएको हो । यसको  छेउ छाउमा सांस्कृतिक सम्पदाहरू मन्दिर, पाटी, घाट, निर्माण भएका छन् र प्रसिद्ध तिर्थ स्थलहरू रहेका छन् । विगत केही दशक यता काठमाडौं उपत्यकामा बढ्दो जनघनत्व, अव्यवस्थित सहरीकरण, अनियन्त्रित यातायात साधन निर्यात, कार्यले उपत्यका बढी प्रदुषित बन्न पुगेको छ । यहाँका वासिन्दाहरूको स्वास्थ्य दिन प्रति दिन  खस्किदो छ । सहर कुरूप  बन्दै छन् । पौराणिक महत्व, सौन्दर्यता, धार्मिक आस्था र अधिकार नै प्रभावित हुन पुगेको छ । विश्वका हिन्दु धर्मावलम्बीहरूको आस्था र विश्वास को केन्द्र श्री पशुपतिनाथ मन्दिर, गुह्येश्वरी मन्दिर, कुलेश्वर मन्दिर, थापाथलीको पाञ्चायन मन्दिर, शोभा भगवती मन्दिर, आर्यघाट, कालमोचन घाट, जस्ता स्थानहरू नदीका छेउ छाउमा रहेको र अत्याधिक प्रदुषणका कारण र अनियन्त्रित अतिक्रमणले गर्दा निकै नै प्रभावित बनेको छ ।

नदी सरसफाइ गरि विगत केही दशक अगाडिको स्थितीमा पुर्‍याउने संस्कृति र धार्मिक सम्पदाको रक्षा गर्ने पवित्र उद्देश्य राखि २०७० जेठ ६ गतेबाट तत्कालीन मुख्य सचिव लिलामणि पौडेल ज्यूको अगुवाइमा विभिन्न संघ संस्था, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, कामनपा तथा नागरिक समाजहरूको संलग्नतामा सुरू भई अघि बढिरहेको अभियान र यसको निरन्तरता प्रत्येक

शनिबार हप्ताको एक पल्ट बिहान जारी रहेको छ । बागमतिका साथै विष्णुमति र अन्य सहायक नदीहरू पनि सफाई गर्ने क्रममा अघि बढी रहेको छ । हाल आएर झण्डै २००० संघ संस्थाहरूको प्रत्यक्ष संलग्नतामा अगाडि बढेको यो सरसफाई महा अभियान पूर्ण रूपमा समाज सेवी, डाक्टर, इन्जिनियर, शिक्षक, कवि, देखि लिएर कलाकारहरू सिताराम कट्टेल (धुर्मुस), मनोज गजुरेल, सुष्मा कार्की, र केही महिना अगाडी तत्काली सहरीविकास मन्त्री श्री अर्जुन नरसिंह केसी ज्यूको पहलमा नेपालकी चेली बलिउड चलचित्र क्षेत्रकी बहुचर्चित नार्यिका तथा समाजसेवी मनिषा कोइरालाले यस अधिकार सम्पन्न बागमति सभ्यता एकीकृत विकास समितिको सभ्यता दुतको रूपमा २०७४ जेठ २२ गते देखि आफ्नो संलग्नता देखाउनाले यसको महत्व र बागमति सफाईको गरिमा बढ्नुका साथै उपत्यका बासीहरूमा सफाईको चासो अत्याधिक बढेको देखिन्छ । दिनानु दिन जन सहभागीता बढी रहेको छ भने नदीमा फोहोर नगर्ने र फोहोर भइसकेकोलाई सफा गर्ने चेतना जगाएको छ । नदीमा मिसाइएको ढलको व्यवस्थापन गरि स्वच्छ पानी नदीमा मिसाउने कार्य अत्यन्त महत्वपूर्णरहेकोले बागमति नदी छेउछाउ ५ वटा ढल प्रसोधन गर्ने स्थान बनाउन कार्यका लागि प्रक्रिया अगाडी बढीसकेको छ । मुहानको तल सुन्दरीजल देखिका किनाराहरूको दायाँ बायाँ बाटो निर्माण ढल र बगैचा निर्माण गरिने कार्य चाँडै नै शुरू गरि सम्पन्न गर्नका लागि मन्त्रालय र नेपाल सरकार सम्बन्धित मन्त्रालय र निकायहरूलाई उपत्यकाका जनसमुदायहरूले दबाब दिन जरूरी देख्दछु । शहरका नदीहरू सफा रहे हामी स्वस्थ रहन सक्छौं । यहाँका सम्पदाहरू संरक्षित रहे पर्यटनमा वृद्धि हुन्छ । यहाँको कला संस्कृति जोगाइराखे हाम्रो गौरव बढ्छ ।

*अहिले नगरे कहिले गर्ने , हामीले नगरे कसले गर्छ*
*हाम्रो नदी हामी सफा राख्छौं, राख्छौं, राख्छौं !!!*

***भन्ने प्रणका साथ सम्पूर्ण उपत्यका बासीहरूलाई यस महान कार्यमा लाग्ने प्रेरणा श्री पशुपतिनाथले प्रदान गरून ।***

*जय बागमति ! जय विष्णुमति !! जय अन्य हाम्रा उपत्यकामा बग्ने नदीहरू !!!*

दर्ता नम्बर २४४२=०६६=०६७

श्रीया महिला
बचत तथा ऋण सहकारी संस्था लि.

मध्य बानेश्वर-१०, काठमाण्डौं, नेपाल
सर्म्पक फोन नम्बर :- +९७७-०१-४४७८७३६



समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
विजयादशमी एवम् शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

सुरज विक्रम राणा
श्रीमती दिपीका राणा
थापाथली

विजयादशमी
तथा
शुभ दीपावली २०७४ सालको पावन
अवसरमा सम्पूर्ण ग्राहक महानुभाव तथा
शुभचिन्तकहरुमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

यूरो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Euro Saving & Credit Co-operative Society Ltd.

Ganesh Sadhan, Tridevi Marg,
Thamel, Kathmandu, Nepal
tel:977-1-4442749,442679
Fax: 977-1-4422697
Email:eurosaving@info. com. np



**समस्त**

**राणा तथा कुँवर परिवारमा**

**२०७४ सालको**

*विजयादशमी एवं शुभ दिपावली***को**

**पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना**

**व्यक्त गर्दछौं ।**

शेखर प्रताप राणा
रानी बिन्दु राणा
ललितपुर, सातदोबाटो

सम्पूर्ण
राणा तथा कुँवर
परिवारहरुमा
२०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन
अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं।

अ.प्रा. प्रहरी महानिरीक्षक ओम बिक्रम राणा
श्रीमती विद्या राणा
तथा
परिवार
नखखुडोल, शोभाहिटी,ललितपुर

# २०७४ सालको
## विजयादशमी एवं
## शुभ दीपावलीको पावन

**अवसरमा सम्पूर्ण ग्राहक एवं शुभचिन्तकहरुमा सुख, शान्ति एवं समृद्धिको कामना गर्दै हार्दिक मंगलमय शुभ–कामना व्यक्त गर्दछौं ।**

**Shova Bhagawati Multipurpose Co-Operative Ltd.**
**Battisputali-9, Kathmandu,**
**Phone: 4492255,016221248**



**सम्पूर्ण**
**राणा**
**तथा**
**कुँवर**
**परिवारहरुमा**
**२०७४ सालको**
*विजयादशमी एवं*
*शुभ दीपावली*को **पावन**
**अवसरमा हार्दिक मंगलमय**
**शुभ–कामना व्यक्त गर्दछौं ।**

**पुर्व सचिव अक्रुर नरसिंह राणा**
**रानी ओपल राणा**
**छोरा अभिनव नरसिंह राणा**
**बुहारी स्वीटी राणा**
**नाति अर्नब नरसिंह राणा**
**तथा**
**आभुषण नरसिंह राणा**

# अ.प्रा रथी जेष्ठ कुलबन्धु श्रीधर शम्शेर ज.ब.रा.ज्यू सङ्गको अन्तरवार्ताः



**श्री ३ महाराज चन्द्र शम्शेरका नाती शंकर शम्शेर जवरा र रानी खिला राज्य लक्ष्मी देवी राणाका सुपुत्र अ.प्रा. रथी श्री धर शम्शेर जवरा वि.सं. १९८५ साल भाद्र १ गते काठमाडौंमा जन्मिनु भएको हो । वि.सं २००१ सालमा १६ बर्षे उमेरमा सैन्य अधिकृतबाट सेवा प्रारम्भ गर्नु भएका उहाँ सनु १९४९ मा सैन्य एट्याची भई लण्डनमा कार्यरत रहनु भएका रथी श्रीधर शम्शेर ज.ब.रा सन् १९५६ मा सैन्य सेवाबाट अवकास प्राप्त गर्नु भयो । विभिन्न पद तथा उपाधिहरुबाट विभूषित उहाँ राष्ट्रिय पञ्चायतको सदस्य, रक्षा सहायक मन्त्री र रक्षा राज्यमन्त्री राजसभामा सदस्य रही कार्य गर्नु भएको छ । सैन्य सेवाबाट अवकास भए पनि सैन्य प्रतिको सद्भाव र पूर्व सैनिक संगठनका साथीहरुलाई एकतावद्ध गराउने उद्देश्यले उहाँले पुल्चोक स्थित आफ्नो १८ रोपनी जग्गामा भूतपूर्व सैनिक संगठन स्थापनाको साथै कार्यलय र सभाहल निर्माण गर्न लगाई आफु उक्त संस्थाको अध्यक्ष भई देशभर रहेका भूतपूर्व सैनिकहरुलाई एकतावद्ध गरानुभयो । वि.सं २०४९ सालदेखि उहाँ पाञ्चायन संरक्षण समितिको उपाध्यक्षको कार्यभार सम्हाल्दै आउनु भएको छ । पाञ्चायन स्मारिका २०७४ को लागि उहाँसँग लिएको अन्तर्वार्ताको सार संक्षेप ।**

**हजुर कस्को सन्तती होइबक्सन्छ ?**
☞म श्री ३ चन्द्र शमशेर ज.ब.रा. को नाती हु ।

**हजुरको बुवा मुवाको नाम के हो ?**
☞मेरो बुबा नाम शंकर शमशेर ज.ब.रा र मुवाको नाम रानी खिल राज्यलक्ष्मी देवी राणा हो ।

**हजुरको जन्म कहिले र कहाँ भएको हो ?**
☞मेरो जन्म १९८५ साल भाद्र १ गते काठमाडौंमा भएको हो ।

**हजुरको दाजुभाई तथा दिदि बहिनीहरु कति जना होई बक्सन्छ तथा उहाँहरु के के गर्दै छन् ?**
☞हामी दुई जना दिदि भाई मात्र छौं मेरो दिज्यू प्रभालक्ष्मी देवीको भारत रकलाम स्टेटका महाराज श्री लोकेन्द्र सिंहसंग विवाह भएको थियो । उहाँ रकलाम स्टेटको **MP** होइबक्सन्थ्यो । उहाँ स्वर्गीय भई सक्यो । मेरो एक जना फुपु होईबक्सन्थ्यो उहाँको विवाह पनि भारतको वलरामपुर स्टेट का महाराज **Sir Pateshwari Prsad Singh** संग भएको थियो ।उहाँलाई हामी वाकु महारानी भन्थ्यो ।

**हजुरको विवहा को सङ्ग कहिले भएको हो र हजुरको सन्तान कति छन् र उहाँहरु के के गर्दै छन् ?**
☞मेरो विवाह पदमा देवी राणा संग भएको हो र वहाँ पनि स्वर्गीय भई सक्यो । मेरो एक छोरी तथा दुई छोराहरु छन् । जेठो छोरा शरद शमशेर ज.ब.रा र कान्छो क्यापटेन (पाइलट) सर्वज्ञ शमशेर ज.ब.रा हुन उनी हाल एती एयर लाईन्समा काम गर्दै छ र छोरी बबी राज्यलक्ष्मी राणाको श्री जीवन बहादुर मल्ल संग विवाह भएको छ ।

**हजुरको रुचीको विषय के के हुन जस्तै खाना खेलकुद आदि ?**
☞मेरो रुचीको विषय फोटोग्राफी, म्युजिक सुन्ने हो ।

**हजुरले आर्मीमा जागिर कहिले देखी कहिले सम्म खाई बक्सीयो ?**
☞त्यस बेला उमेर पुगे पछि सबैले आर्मीमा नै जागिर खाने प्रचलन थियो ।मैले वि.सं.२००१ सालमा सैनिक अधिकृतबाट सेवा प्रारम्भ गरेको हुँ ।

**सन १९४९ मा मिल्ट्री एट्याची भई लण्डनमा कार्य गरी बक्सेको रहेछ व्यारेकमा बसेर कार्य गर्नु र मिल्ट्री एट्याची भै कार्य गर्नुमा कस्तो फरक अनुभव गरी बक्सियो ?**
☞हुन त मिल्ट्र एट्याची भै गर्ने कार्य भनेको दुई देश बिच आएको सैनिक संबन्धलाई सुदृढि गर्ने कार्य नै हो तर पनि मिल्ट्री एट्याची भै कार्य गर्दा कुटनितिक नियोगले गर्ने कार्य जस्तो गरी कार्य गर्नु पर्दथ्यो त्यसैले व्यारेकमा गरी आएको कार्य र मिल्ट्री एट्याची भै गर्ने कार्यमा नितान्त फरक पाए । किन भने मैले त्यहाँ हरेक प्रकारको सूचनाहरु संकल्न,बिशष्लेषण गरी आफ्ना् राष्ट्रमा पठाउनु पर्दथ्यो ।

**१९७०- १९७१ सम्म राष्ट्र पञ्चायत मा निर्वाचित भै राजनितिमा प्रवेश गरी बक्सेको रहेछ, आर्मीमा जागिर खाई बक्सेर एक प्रकारको फौजी अनुशासन फौजी जीवन बिताई अवकाश पाएको व्यक्ति हजुर एका एक राजनितीमा जाँदा हजुरलाई अफ्ट्यारो लागेन ? हजुरको अनुभव बताई बक्सन्छकी ?**
☞फौजी जीवनबाट राजजितिमा जाँदा केहि अफठ्यारो भए होला तर हाम्रो जीवन बहुआयामिक पनि त होनी तसर्थ सक्रिय राजनितिमा प्रवेश गर्दा काम नै गर्न नसकिने अफठ्यारो लागेन त्यसमा पनि मैले रक्षामन्त्रालयमा जिम्मेवारी नै सम्हालेको हुँदा माथिल्लो स्तरबाट सेवाको पोलिसी बनाउने तथा सेनालाई सबल र सक्षम बनाउन आवश्यक निति तथा नियम बनाउन मलाई त सहज सरल नै भयो । किन भने त्यस्तो नियम कानून पालना गर्ने तथा बजेटको माग गर्ने स्थानमा सेनामा जनरल हुँदा म थिएँ भने

पछि गएर मन्त्री हुँदा आफैले सेनाको नीति नियम बनाउनु पर्ने भयो फरक त्यति मात्र हो ।

**एक चोटी निर्वाचित भै माननिय भैसेकेको व्यक्ति हजुर पून राजाबाट फेरी १९७४ देखि १९७९ सम्म मनोनित माननिय भैबक्सियो हजुर र राजा बिच ज्यादै राम्रो सम्बन्ध थियो कि ?**

☞राम्रै सँम्बन्ध थियो । राजा संग राम्रै संबन्ध भएकै कारण मेलै सैनिक सेवाबाट अवकाश पाए पछि पनि एक पटक रक्षा सहायक मन्त्री तथा अर्को पटक राज्यमन्त्री भई रक्षा मन्त्रालय सम्हाल्ने मौका पाए जुन जिम्मेवारीलाई मैले गौरव मानेको छु ।

**१९७५ मा रक्षा सहायक मन्त्री र १९७७ मा पून: राज्य मन्त्री भई बक्सियो हजुरको कार्यकालमा उल्लेखनिय कार्यहरु भएका छन् की ?**

☞भएका थिए । सैनिकहरुको स्वास्थको लागि हस्पिटल सैनिक परिवारहरुको शिक्षा को लागि स्कूलको व्यवस्था सैनिकलाई सक्षम चुस्त दुरुस्त बनाउन आवश्यक बजेट व्यवस्था गर्ने आदी उल्लेखनीय कार्यहरु गरियो ।

**१९९६ मा राज सभाको सदस्य भै कार्य गरि बक्सदा देशमा पञ्चायती व्यवस्था परिवर्तन भई बहुदलिय व्यवस्था आई सकेको थियो त्यस समय कस्तो फरक अनुभव गरिबक्सियो ?**

☞राजनैतिक प्रणालीहरुमा परिवर्तन भई रहन्छन् मैले राणा शासन देखे भोगेको मानिस २००७ सालको परिवर्तन पनि देखे भोगे सन् १९९६ मा म राज सभाको सदस्य भै कार्य गर्दा पञ्चायती व्यवस्था परिवर्तन भई बहुदलिय व्यवस्था आउँदैमा मलाई कुनै अफठेरो को अनुभव भएन किनभने देशमा जून प्रणली आउँछ त्यसै प्रणालीको नियम कानून अनुसार चल्नेलाई कुनै अफठ्यारो हुँदैन ।

**आर्मी बाट सन् १९५६ मा आवकाश भै सके पछि सन् २०१० सम्म नेपाल भूतपूर्व सैनीक संघको अध्यक्ष भै कार्य गरी बक्सियो त्यसको अनुभव बताई बक्सन्छ की ?**

☞मैले लामो समय नै सेनामा बिताएका हुँ । त्यसैले सेनामा मेरो विशेष रुची तथा सेना प्रती सद्‌भाव तथा स्नेह रहेको हुँदा अवकाश पछि पनी भूतपूर्व सैनिक संघको अध्यक्ष भै भुपु सैनिकको हितमा कार्य गर्दै गएँ । भूतपूर्व सैनिक संगठनलाई सबल संगठन बनाउनको लागि मैले पुल्चोक स्थित मेरो निजी जग्गा १८ रोपनी भूतपूर्व सैनिक संगठनलाई प्रदान गरें । त्यसबाट संगठनको कार्यालयले स्थायीत्व प्राप्त गर्यो भने उक्त जग्गालाई आय मुलक कार्यमा प्रयोग गरि त्यसबाट आएको रकमबाट भूतपूर्व सैनिकको हितका लागि कार्य गर्दै आइरहेको छ ।

**पाञ्चायन मन्दिरमा २०४९ साल देखि हाल सम्म हजुर उपाध्यक्ष भै कार्य गर्दै आई बक्सेको छ यस बारेमा केहि बताई बक्सन्छ की ?**

☞मैले २०४९ सालमा उपाध्यक्ष भै पाञ्चायनमा कार्य गर्दा पाञ्चायन मन्दिर पुरै जिर्ण अवस्थामा रहेको वेवारिसि ऐतिहासिक धरोहरको रुपमा रहेको थियो तर विस्तारै हामीहरुले कुलबन्धुहरुलाई पाञ्चायनमा सहयोग गर्न अनुरोध गर्दै गयौ सहयोग पनि बिस्तारै प्राप्त हुँदै गयो हालको पाञ्चायन हामी सबैले देखेकै छौं । कुलबन्धुहरु तथा बहिरका आगन्तुक मन्दिर आउँदा आन्नद मान्छन् ,तारिफ गर्दछन् संरक्षण कार्यको । यस्तो सुन्दा आत्मसन्तुष्टी हुन्छ । श्री ३ जंग बहादुरले त्यस बेलाको जनसंख्यालाई आधार मानी बनाई बक्सेको पाञ्चायन मन्दिर परिसर हाल नेपालमा रहेको संपूर्ण कुलबन्धुहरुको लागि पाञ्चायन परिसर ज्यादै साङगुरो हुदै गएको हामी सबैले महशुस गरेको हुँदा एक न एक दिन यो परिसर हामीले विस्तार गर्नु पर्छ भन्ने हाम्रो समितिलाई लागि २०६५ सालमा परिसर विस्तारको लागि पाञ्चायन विस्तार कोष रु १८००० बाट स्थापना गरीएको थियो । कोषको अभिवृद्धि गर्नको लागि हामीले कुलबन्धुहरुको घर घरमा खुत्रुके वितरण गरी उक्त खुत्रुकेमा हाम्रो चाड पर्व जन्मउत्सब आदी उत्सबमा आफ्नो इच्छा अनुसार रकम भेटी चढाउने अपिल गर्यौ । करिब ५०० जना कुलबन्धुहरुले घरघरमा खुत्रुके राखेको जानकारी पाएको छु । त्यसबाट राम्रै दान पनि प्राप्त भई रहेको छ । त्यस्तै वर्षको एक पटक स्मारिका प्रकाशन तथा सम्मान कार्यक्रम गर्ने गरेको छ त्यसले कुनै पनि हालतमा निरन्तता पावस भन्ने मेरो इच्छा रहेका छ । त्यस स्मारिका मा छापिएका विज्ञापनबाट प्राप्त रकम पनि परिसर विस्तार कोषमा जम्मा भई हाल उक्त कोषमा एक करोड भन्दा बढी रकम जम्मा भईसकेको छ । र गत साल देखि पाञ्चायन मन्दिरबाट केहि यूवाहरुले आफू मेट लाइफ इन्सुरेन्सको एजेन्ट बनी कुलबन्धुहरु तथा आफ्ना इष्ट मित्रहरु लाई विमा गराई त्यसबाट प्राप्त रकम बाट हाम्रो अध्यक्षको नाममा सेयर समेत किनी रहेको भन्ने राम्रो खुशीको खबर मैले पाइ रहेको छु । तसर्थ उक्त पुण्य कार्यको लागि सहयोग गर्न म सबै कुलबन्धुहरु तथा इष्टमित्रहरुलाई बिशेष अनुरोध गर्दछु ।

**हजुर के कस्ता तक्माहरुबाट बिभूषित भै बक्सेको छ त ?**

☞ गोरखा दक्षिण बाहु पहिलो त्रिशक्ति पट्ट दोस्रो **Orange Nassau Netherlands** दोस्रो **Legion Of Honour France** तेस्रो ।

**अन्तमा नयाँ पिढीलाई केहि सन्देश छ की ?**

☞ नयाँ पिढीलाई मेरो अनुरोध भनौ वा सन्देश भनौ कुनै पनि काम सानो हुँदैन सानैबाट ठूलो हुन्छ हामीले श्री ३ जंग बहादुर राणाले निमार्ण गरी बक्सेको धरोहर पाञ्चायनलाई यहाँ सम्म ल्याई सुरुमा एक लाखको अक्ष कोषबाट काम सुरु गरि पाञ्चायानलाई आज यहाँसम्म ल्याई पुर्‍याएको छौं । अबका दिनमा नयाँ पिढिले यो ऐतिहासिक धरोहरलाई जिम्मेवारी पूर्वक इमान्दारीका साथ सर्म्वधन संरक्षण गर्न कम्कर कसेर लानु पर्छ भन्ने मलाई लागेको छ । आफ्नो ऐतिहासिक धरोहर आफैले नसम्हाले कसले सम्हाल्छ त ।


समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

रानी ऋद्धि राणा
छोरा रवीन नरसिंह राणा
एवं परिवार
ठमेल



# सम्पूर्ण
# राणा तथा कुँवर
# परिवारहरुमा २०७४ सालको
# *विजयादशमी एवं शुभ दीपावली*को
# पावन अवसरमा
# हार्दिक मंगलमय शुभ–कामना
# व्यक्त गर्दछौं।

## श्री तोप जङ्ग राणा
## श्रीमती बिमला देवी राणा
## छोरी सुश्री सुस्मा राणा
## छोरा श्री दिपेश जङ्ग राणा

**पोखरा लेखनाथ म.न.पा, वडा नं १२**
**सितलादेवी, ०६१–५२७२६८**



# सम्पूर्ण
# राणा तथा कुँवर
# परिवारहरुमा
# २०७४ सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको पावन
# अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं।

**इतिहास विज्ञ पुरुषोत्तम शम्शेर ज.ब.रा.**

**श्री परमवीर शम्शेर ज.ब.रा.**

**श्रीमती भगवती मल्ल राणा**

**छोरी सुश्री निष्ठा राणा**

**बखुण्डोल, ललितपुर**

सम्पूर्ण
राणा तथा कुँवर
परिवारहरुमा
२०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन
अवसरमा हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं।

**अध्यक्ष आदर्श बिक्रम राणा**
**रानी दिलाशा राज्यलक्ष्मी देवी राणा**
**धोबीचौर, काठमाडौं**

सम्पूर्ण
राणा
तथा
कुँवर
परिवारहरुमा
२०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन
अवसरमा हार्दिक मंगलमय
शुभ–कामना व्यक्त गर्दछौं ।

श्रीमती सावी राणा
छोरा मनोहर बिक्रम राणा
बुहारी राखी राणा
नाती आयुद बिक्रम राणा
नाती आर्य बिक्रम राणा
हात्तीगौंडा

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

अ.प्रा.म.से.दिलिप विक्रम राणा
रानी देवीता राज्यलक्ष्मी राणा
तथा
परिवार
क्षेत्रपाटी, धोबीचौर

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

घनश्याम विक्रम राणा
श्रीमती लिला राणा
छोरा मनिष राणा
बुहारी निरिजा राणा
नातिनी श्रीयान्भी राणा
महाराजगन्ज बजार

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको** पावन
अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

किशोर विक्रम राणा
श्रीमती लक्ष्मी राणा
तथा परिवार
पानीपोखरी, काठमाडौं

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

रानी शान्ति राज्यलक्ष्मी राणा
छोरी सुलोक्ष्यना राज्यलक्ष्मी राणा चन्द
छोरी ज्वाँई अमित बहादुर चन्द
लालदरबार, काठमाडौं

**सम्पूर्ण**
**राणा**
**तथा**
**कुँवर**
**परिवारहरुमा**
**२०७४ सालको**
**विजयादशमी एवं**
**शुभ दीपावलीको पावन**
**अवसरमा हार्दिक मंगलमय**
**शुभ–कामना व्यक्त गर्दछौं ।**

**रानी सीमा राणा**
**छोरा सेनानी सौजन्यनरसिंह राणा**
**बुहारी उपमा राज्यलक्ष्मी राणा**
**नाती उत्सब नरसिंह राणा**
**नाती सायुद नरसिंह राणा**
**नयाँबजार, धारा**

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

श्री हिमगंगा
बचत तथा ऋण सहकारी संस्था लि.
केन्द्रिय कार्यालय बागबजार काठमाडौं
फोन नं. ४२४८३८२

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

ई. मनोज जंग राणा
रानी कल्पना राणा
छोरी अदिती राणा
तथा परिवार
कुपण्डोल

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

नारायणदेव राणा
रानी सन्ध्या राणा
तथा
परिवार

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

रानी मिलन राणा
छोरा श्रीयन्त्र शमशेर ज.ब.रा.
रानी अम्बालिका राणा
छोरी आयुश्री राज्यलक्ष्मी राणा
छोरा श्रीयुक्त शमशेर ज.ब.रा.
तथा परिवार
थापाथली

**समस्त**
**राणा तथा कुँवर**
**परिवारमा २०७४ सालको**
*विजयादशमी एवम् शुभ दीपावली***को**
**पावन अवसरमा हार्दिक मंगलमय**
**शुभ-कामना व्यक्त गर्दछौं ।**

श्री क्षेत्र बहादुर कुँवर
श्रीमती रमा देवी कुँवर
छोरा श्री देश भक्त सिंह कुँवर
छोरा श्री पृथ्वी कुँवर
बुहारी श्रीमती सपना कुँवर
ज्वाई/छोरी श्री शुपै बहादुर थापा
श्रीमती विश्व शान्ति थापा
पो.ले.म.न.पा. १४, मझेरी पाटन पोखरा
फोन नं ९८४६६०२०००

**समस्त**
**राणा तथा कुँवर**
**परिवारमा**
**२०७४ सालको**
*विजयादशमी एवम् शुभ दीपावली***को**
**पावन अवसरमा हार्दिक मंगलमय**
**शुभ-कामना व्यक्त गर्दछौं ।**

श्री जितेन्द्र जङ्ग राणा
श्रीमती गीता राणा
छोरा श्री शुसिल जङ्ग राणा
बुहारी श्रीमती प्रनिता राणा
नाती श्री रोननि जङ्ग राणा
ज्वाई/छोरी श्री विपिन शेरचन
श्रीमती दिपा राणा शेरचन
**न्यू शुभ राज मेडिकल हल,पोखरा रामबजार**
फोन नं ०६१-४३०८१९

**समस्त**
**राणा तथा कुँवर परिवारमा २०७४ सालको**
**विजया दशमी एवं शुभ दिपावलीको पावन अवसरमा हार्दिक मंगलमय**
**शुभकामना व्यक्त गर्दछौं ।**

**श्रीमती परिक्षित नरसिंह राणा**
**छोरी दिपा राज्यलक्ष्मी राणा**
**छोरा प्रसन्न नरसिंह राणा**
**बुहारी उमा राज्य लक्ष्मी राणा**
**नातिनी प्राथवी राज्यलक्ष्मी राणा**
**तथा प्राथिका राज्यलक्ष्मी राणा**
**ठमेल**

# माननीय मन्त्री श्री सुनील बहादुर थापाज्यूसँग लिएको अन्तर्वार्ता



वि.सं. २०१६ साल बैशाख १ गतेका दिन पूर्व प्र.म. स्व. सूर्यबहादुर थापा र स्वर्गीय मुमा लिला कुमारी थापाको कान्छा सुपुत्रको रूपमा मुगा, धनकुटामा जन्मनु भएका सुनिल बहादुर थापा नेपाली राजनीतिक धरातलमा राष्ट्रिय प्रजातन्त्र पार्टीको महामन्त्रीको रूपमा परिचित हुनु हुन्छ । नेपालको पूर्वमा रहेको एक सुन्दर गाउँ कोशी अञ्चलको धनकुटा मुगामा जन्म लिएता पनि उहाँको प्रारम्भिक शिक्षा काठमाडौंको चेतभवन लाजिम्पाटबाट सुरू भई St. Xavier पद्मोदयबाट SLC पास गरी सरस्वती मल्टीपल कलेज ठमेलबाट I.Com सकी गुजरातको अहमदावाद स्थित HM College of Commerce B.Com सकी कालिदास School of Commerce बाट M.Com गर्नुभएको र अमेरिकाको California बाट १९८१ मा Master in Public Administration गरी काठमाडौं आई पूर्व अर्थ सचिव पूर्व गभर्नर श्री हिमालय शम्शेर ज.व.रा. को कान्छी छोरी सङ्गीता राणासँग २०४२ साल जेठमा बैवाहिक बन्धनमा बाँधिनुभएको थियो । लामो समय संयुक्त राष्ट्र संघको शरणार्थी उच्च आयोग अन्तर्गत विभिन्न राष्ट्रमा रही कार्य गर्नुभएका उहाँले केही बर्ष सह-प्राध्यापकको रूपमा त्रि.वि. अन्तर्गत आर्थिक विकास तथा प्रशासन केन्द्र (CEDA) मा नेपालको ग्रामीण र सामुदायिक विकास गतिविधिहरूको सामूहिक अनुसन्धानमा व्यवस्थापन प्रणाली र प्रशासनको संयोजक तथा परियोजना प्रमुखको काम गरेको अनुभव पनि बटुल्नु भएको छ । आफ्नो जीवनमा विश्वका भण्डै ४० राष्ट्रहरू भ्रमण गर्नुभएका उहाँले नेपाल सरकारको वाणिज्य तथा आपूर्ति मन्त्रीको अनुभव संगाल्नु भएको छ । उहाँसँगको एक भेटमा उहाँकै निवासमा गरिएको कुराकानीको सारसंक्षेप ।

**हजुरको बुवा मुवाको नाम के हो ?**
☞मेरो बुवा पूर्व प्रधानमन्त्री स्व. सूर्यबहादुर थापा र आमा लिला कुमारी थापा हुन् ।

**हजुरको जन्म कहिले र कहाँ भएको थियो ?**
☞मेरो जन्म २०१६ साल बैशाख १ गते मंगलबारका दिन धनकुटाको मुगा गाउँमा भएको थियो ।

**हजुरको प्रारम्भिक शिक्षा देखि उच्च शिक्षा कहाँ कहाँ भएको थियो ?**
☞सर्वप्रथम बाल्यकालमा चेतभवन, लाजिम्पाटमा नर्सरी कक्षा सुरू गरैं, St. Xavier विद्यालय गोदावरी र जावलाखेलमा पढे पनि अन्त्यमा पद्मोदय मा.वि. बाट SLC पास गरे र Saraswati M. Campus बाट I.Com / B.Com पास गरे । साथै कालिदास कलेजबाट M.Com गरी पुनः Claremont University, California बाट Government and Public Administration मा स्नातकोत्तर गरैं ।

**हजुरको विवाह को सँग र कहिले भएको हो ?**
☞मेरो विवाह अमेरिकाबाट फर्केपछि पूर्व गभर्नर हिमालय शम्शेर जवरा र विजय राज्य लक्ष्मीदेवी राणाकी कान्छी छोरी संगीता राणासँग २०४२ साल जेठमा काठमाडौंमा भएको हो ।

**हजुरको परिवारमा दाजु भाइ दिदी बहिनी कति छन् ?**
☞हामी दुई भाइ मध्ये दाजु प्रकाश ७ बर्षको बालकै उमेरमा स्वर्ग भएको र एक दिदी सविता रायमाझी, दुई बहिनी सरीता कार्की र सविना सिंह (कान्छी) हुन् ।

**हजुरको छोरा छोरी कति छन् र के के गर्दै छन् ?**
☞मेरो एक छोरी सिताश्मा थापा संयुक्त राष्ट्र संघीय विश्व खाद्य कार्यक्रममा प्रमुख संचार अधिकृत छिन् भने छोरा सिद्धार्थ थापा राजनीति गर्छन् हाल उनी राप्रपा युवक संगठनको केन्द्रिय सदस्य छन् । बुहारी श्रीमती रिद्धी थापा गृहिणी हुन् भने नातिनी मायासूर्य थापा साने छिन् ।

**अध्ययन पश्चात घरमा राजनैतिक वातावरण भए तापनि हजुर राजनीतिमा प्रवेश नगरी जागिरमा प्रवेश गर्नु खास कारण के हो ?**
☞यसमा, हुन त मलाई राजनीतिमा आउनुपर्ने बुवाको इच्छा थियो । तर स्व. राजा विरेन्द्रबाट पनि परराष्ट्र मन्त्रालयमा मौका दिने कुरा थियो तर मैले CEDA मा ४ बर्ष जति काम गरैं साथै जनप्रशासन क्याम्पसमा पढाउने काम पनि गरैं । जसले गर्दा जागिर खाने इच्छा म मा पलाउँदै गए यसै बिच संयुक्त राष्ट्र संघीय शरणार्थी सम्बन्धी काम गर्ने राम्रो अवसर पाएको हुँदा जागिरमा २५ बर्ष रमाए पनि बुवाको इच्छा पनि राजनीतिमा नै लागोस भन्ने थियो र घरको अवस्थाले पनि नेपाल फर्कनै पर्ने भएको थियो । नेपाल फर्के पछि राजनीति मै लागैं पनि ।

**संयुक्त राष्ट्र संघको कार्यकारी अधिकारी भई हजुरले गरेको ठोस कार्यहरू के के हुन् ?**
☞सबै भन्दा ठूलो कुरा शरणार्थीहरूको जीवन सम्बन्धी निर्णय गर्नु पर्थ्यो ।

---

**यो अर्न्तवार्ता माननीय मन्त्री श्री सुनिल बहादुर थापाज्यू, माननीय र राष्ट्र प्रजातन्त्र पार्टीको महामन्त्री हुँदा लिएको हुँदा सोही अनुसार बुझ्ी दिनु हुन अनुरोध छ ।**

जस्तै छापामारबाट जोगाएर उनीहरूलाई सुरक्षित स्थानतिर पठाउनु पर्ने बारे सांकेतिक भाषामा निर्देशन दिनु पर्ने हुन्थ्यो । उदाहरणको लागि श्रीलङ्कामा काम गर्दा करिब ६५-७५ हजार शरणार्थीलाई घर फिर्ती कार्यक्रम सफल बनाएँ । शान्ति क्षेत्र नेपालमा बसेको म जस्तो व्यक्तिलाई तामिल विद्रोहीले शंका गरी अपहरण पनि गर्न सक्ने अवस्था थियो र मलाई मेरो व्यक्तिगत विवरणले पनि मलाई युद्ध क्षेत्र भन्दा १ किलोमिटर टाढै बस्ने निर्देशन थियो । यस्तो अवस्थामा जीवन चुनौतीपूर्ण भए पनि कोसोभोमा गरेको शान्ति प्रयासले राजनैतिक खेल र विद्रोहीसँग बार्ता गर्न सिक्ने अवसर पनि मिल्यो ।

**के कस्तो घटनाले हजुरलाई प्रेरित गरेको हुँदा खाई रहेको राम्रो लाभदायक संयुक्त राष्ट्र संघको जागिर छोडेर सानो पार्टीको राजनीतिमा प्रवेश गरी बक्सियो ?**

☞अमेरिकामा बसेर पढ्दादेखि नै त्यहाँ बस्ने कुरा मैले कहिल्यै सोचिन । बरू नेपाल फर्केर देशको लागि केही गरौं भन्ने मेरो सुसुक्त मनमा थियो नै राजनीतिक घरानामा पले बढेको मानिस त हुँदै हुँ तसर्थ राजनीतिमा नै आफ्नो भविष्य देखि नेपाल फर्किएर राजनीतिमै संलग्न भएँ । यहाँ बच्चाले राम्रो पढ्न पाउन्, हाम्रो सीप र शिक्षाबाट नेपाललाई पनि केही प्रतिफल प्राप्त होस् र वि.सं २०४६ मा स्व. बुवाज्यूको इच्छा अनुसार नेपाली कांग्रेसमा अटाउन नसकेका व्यक्तिहरू सहित यो वैकल्पिक पार्टीमा प्रवेश गरेँ । जहाँ उदारवाद, राष्ट्रियता र प्रजातन्त्र पार्टीको सिद्धान्त थियो ।

**राष्ट्रिय प्रजातन्त्र पार्टीको महामन्त्री पनि होइबक्सदो रहेछ पार्टी एकीकरण भै स्थानीय चुनावमा भाग लिदा जनताले हजुरलाई भोट नदिनुको कारण के रहेछ ?**

☞यसमा २/३ वटा कुरा छ । राप्रपा प्रजातान्त्रिक र राप्रपा नेपालको फागुनमा मिलेको पार्टी जेठमा चुनावमा जानुपर्दा हामीलाई पर्याप्त समय मिलेन । राप्रपाको समावेशी चिन्ह हलो थियो तर गाई चिन्हले गर्दा पहाडमा उपयुक्त सन्देश गएन । राजतन्त्र छोडेको भनिए पनि दुवै तर्फबाट पार्टीले मार खायो । गणतन्त्र र राजतन्त्रको कुरा भन्दा हाम्रो नीति स्थानीय चुनावमा विकास र नयाँ संविधानलाई स्थापित गर्ने थियो ।

**हजुरहरूले संवैधानिक राजतन्त्र र हिन्दु राष्ट्रको नारालाई ओझेलमा पारेको महशुस जनताले गरे भन्छन् नि ?**

☞स्पष्ट कुरा गर्दा गणतन्त्र वर्तमानको यथार्थ हो । हाम्रा नेता कमल थापा उप-प्रधानमन्त्री पनि भएकै हो । संविधानलाई मान्नु पर्ने हुँदा हामीले दोश्रो धार रोज्यौं । जनतामा पनि भ्रम फैलियो । हाम्रो हलो चिन्ह खै भनेर सोध्ने जनतालाई हामीले स्पष्ट पार्न सकेनौं ।

**२०७० मा धनकुटाको क्षेत्र नं. २ व्यवस्थापिका संसद सदस्यमा निर्वाचित होईबक्सदो रहेछ हजुर जस्तो राजनीतिमा नव प्रवेशीलाई नै चुन्नुको कारण के हो ?**

☞यसमा पनि २/३ वटा कारणहरू छन् । पहिलो त धनकुटाको पहिचान, विकास र बुवाले खेलेको सक्रिय भूमिका थियो । दोश्रो नयाँ पुस्तामा योग्य युवालाई मौका दिएमा मन्त्री हुन सक्ने व्यक्ति जो जिल्लाको विकासको लागि पनि चाहिएको हुन्छ ।

**२०७०-७१ मा वाणिज्य तथा आपूर्ति मन्त्री होइबक्सेको त्यस समयमा उल्लेख गर्न लायक काम के के गरिबक्सियो ?**

☞सबैभन्दा ठूलो कार्य काठमाडौंका सडकमा टायर जल्न छोड्यो । त्यसले गर्दा जनस्वास्थ्य पनि सुध्रियो । काठमाडौं जलिरहेको अवस्थामा नेपालमा अन्तराष्ट्रिय स्तरमा पेट्रोलको भाउ रू १३७ प्रतिलिटरबाट र ९९ सम्म झारियो । पहिलो पटक म मन्त्री हुँदा नेपाल आयल निगम रू. ३८ अर्ब ऋणमा थियो । मैले मूल्य समायोजन गरी ऋण चुक्ता गराएँ । त्यतिबेला हिमालयन बैक र नेपाल इन्भेष्टमेट बैंकले समेत हामीलाई पत्याएनन् । पेट्रोलियम बोर्ड गठन गरेँ । FNCCI को सहयोगमा ५ पैसा प्रति लिटर जम्मा गर्ने व्यवस्था मिलाएँ र उपभोक्ताले रू २.५० कोषमा तिर्ने गर्थे । मैले छोड्ने बेलामा रू ६ अर्बको कोष जम्मा भइसकेको थियो । तेलका ट्याङ्करहरू लकिङ्ग तथा मापन प्रणाली सुरूवात गरेँ । नेपालमा २० बर्ष देखि अड्किएको पेट्रोलियम पदार्थ आयात गर्ने ५० किलोमिटर पाइपलाइन नेपाललाई बनाएर दिने कार्यको सुरूवात गरियो । अन्त्यमा कर्णाली क्षेत्रमा पञ्चायत कालदेखि खाद्यान्न संकट थियो । सो समस्याको समाधान गर्न वस्तु विनिमय अर्थात उनीहरूलाई चामल दिने, उनीहरूको स्थानीय उत्पादन गेडागुडी खरिद गर्ने र ५ वटै विकास क्षेत्रमा अन्न भण्डार गर्न गोदाम बनाउने कार्य गरियो । निगमलाई रू ७० करोड प्रति महिना नाफामा लाने प्रयास गरेँ ।

**बहुदलिय राजनीतिले नेपाललाई अग्रगतिमा लैजान्छ जस्तो लाग्छ हजुरलाई ?**

☞हरेक व्यवस्था गतिशील हुन्छ । बहुदल र गणतन्त्रले पनि जनतालाई सचेत बनाएको छ । यस व्यवस्थाका केही संचालकहरूको गलत नीतिका कारण व्यवस्था धरापमा पनि पर्न सक्छ । अहिले यसमा ३ दलहरू हावी छन् । पञ्चायतमा पनि त्यही थियो । व्यवस्थाले राजनीति प्रणाली त बदलिन्छ तर विज्ञान र प्रविधिको प्रयोगले मात्रै आमूल परिवर्तन हुन सक्छ । त्यसलाई अधिकतम सदुपयोग गर्न सक्नुपर्यो । जे होस् गाडिका चालक र उनका सहायकहरू असल हुनुपर्यो ।

**सर्वसाधारण जनताले त कुनै पनि क्षेत्रमा आफ्नो दैनिक जीवनमा नयाँ परिवर्तनले सकारात्मक प्रभाव पारेको महशुस गरेको त पाइदैन त ?**

☞अघि मैले भने नि परिवर्तन भए पनि त्यो महशुस गर्न सकिएको छैन किनकी खेलाडीले राम्ररी खेल्न सकेनन् । देशमा गणतन्त्र आउँदा पनि तिनै पुराना खेलाडीले ढाकेका छन् । परिवर्तन समयमा पनि जनबलको सट्टा धनबल र शक्तिको प्रयोग बढी हावी भएको छ । एउटा वडा अध्यक्षको चुनाव लड्दा पनि रू ५ लाख अधिक खर्च गरे पछि सो खर्च उठाउन पनि विकृति सुरू त्यहीबाट हुन्छ । राज्य संचालन संयन्त्र नै पैसामा फसेको छ । व्यापारी, ठेक्दार, डन बाहेकले चुनाव लड्न सक्ने स्थिति छैन । हामीकहाँ राजदूत हुन पनि योग्यता र कुटनैतिक क्षमताभन्दा दलगत भागबण्डामा नियुक्ति गर्ने गरिन्छ । त्यसको लागि त हामीलाई राष्ट्रिय भावना पो चाहिन्छ ।

**हजुरको खास सोख केही छ की ?**

☞यो सोख भन्ने कुरा आ-आफ्नै हुन्छ । एक ताका कुन घडी, ज्याकेट र पाइन्ट लगाउने, कुन ठाउँमा घुम्न जाने, कुन खेल खेल्ने भन्ने कुरामा विशेष रूचि थियो । जस्तो म पनि पहिले फुटबल र क्रिकेट खेल्ने गर्थे । अहिले पनि कसैको जीवनी सम्बन्धी पुस्तक पढ्ने रूचि छ । तर यो सोख भन्ने कुरा पनि समय र उमेर अनुसार फरक पर्दै जाँदोरहेछ ।

**हजुरले खाने दैनिक खानामा खास रूचि के मा छ ?**

☞खास यही नै चाहिन्छ भन्ने केही छैन । हाम्रो परिवारमा मैले विहानको खानालाई जोड दिने गर्दछु । कारण दिन भरी काम गर्नलाई आवश्यक पर्ने शक्ति विहानको खानाबाटै प्राप्त हुन्छ । शनिबार विशेष गरी नेपाली खाना दाल, भात, तरकारी मन पर्छ ।

**नयाँ पिँढीलाई केही सन्देश छ की ?**

☞हामी नेपालीले हाम्रो नेपाली पहिचानलाई कदापि बिर्सनु हुँदैन । तर आजकाल हाम्रो भाषा, धर्म, संस्कृति, पोशाक आदिमा चौतर्फी आक्रमण भइरहेको छ । अब हामी शसक्त रूपमा तिनको संरक्षण गर्न अगाडि आउनु पर्छ । हाम्रो धर्म र संस्कृतिमा हामी संसारमै धनी भए पनि जोगाउन नसके हाम्रो पहिचान हराउने छ । पोखराबाट मुगासम्म राज्य संचालन गर्ने उद्देश्यका साथ बिस घर बाट सुरु गरेको हाम्रो मुगाली थापा बन्धुहरूको बसोबास पाखिबास लेगुवा, धनकुटामा अहिले पनि प्रसिद्ध छ । 'हामीले हाम्रो जन्मस्थल बिर्सन हुँदैन जसले बिर्सन्छ त्यसले आफैलाई बिर्सिएको हुन्छ', भन्ने हाम्रो बाबु बाजेको समेत भनाई हो ।

अब हामीले नेपालको समृद्धि, सुशासन र बृहत्तर विकास परिवर्तित प्रणाली अनुसारै गर्नु पर्छ । जुत्ताको आकार पनि 'नम्बर ९' भन्दा बढी हुँदैन । देशमा प्रमुख परिवर्तन भइसकेपछि हामी सबै जना समय अनुसार चल्नुपर्ने हुन्छ ।

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

**विवेक बहादुर बस्न्यात**
**रानी आयुश्मा राणा बस्न्यात**
**छोरा बेदाङ्ग बस्न्यात**

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

**अ.प्रा. स.र. राज राणा**
**श्रीमती अम्विका राणा**
**तथा**
**परिवार**

२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

के तपाई नयाँ घर बनाउँदै हुनुहुन्छ ?
खानेपानी योजना संचालन गर्दै हुनुहुन्छ ?
त्यसो भए नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त हाइडेन सिटी पाइप
नै प्रयोग गरी ५० औं वर्ष ढुक्क हुनुहोस् ।
खानेपानी, ढल, सिञ्चाई तथा घरको बिजुली वाईरिङ गर्दा सधैं
हिसि पोलिथिन पाईप नै प्रयोग गर्नु होस् ।

**हिसी पोलिथिन एण्ड**
**प्लाष्टिक इन्डष्ट्रिज प्रा. लि.**
**कारखाना: भवन नं. ३७, बालाजु**
**औद्योगिक क्षेत्र**
**कार्यालय: बालाजु चक्रपथ, फोन : ४३५००२२,**
**फोन: ०१-४३५१८००,**
**फ्याक्स: ०१-४३८८६५१**

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

**मा. सभासद् प्रमिला राणा**
**तथा**
**सम्पूर्ण परिवार**


Bhaivab Rana | Managing Director
PROFICIENT TRAVELS
Nagpokhari, Naxal, Kathmandu, Nepal
Tel: 44429967, 44230033, 4442957
Fax: 44299308, protravels@wlink.com.np

# सम्पूर्ण
# राणा तथा कुँवर
# परिवारहरुमा
# २०७४ सालको विजयादशमी
# एवं
# शुभ दीपावलीको पावन अवसरमा
# हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं।

**अ. प्रा. अतिरिक्त प्रहरी महानिरिक्षक**
**दिनकर शमशेर ज.ब.रा.**
**रानी रवीता राज्यलक्ष्मी राणा**
**तथा**
**परिवार**
**मानभवन, ललितपुर**

# दीक्षा मन्त्र किन ?

वत्स गोत्रीय कुँवर राणा परिवारहरूकी इष्ट देवी वाला त्रिपुरा सुन्दरी दश महा विद्या मध्येकी ललितत्रिपुरा सुन्दरीको वालरूपा देवी हुन् । यिनै वालाको त्र्ययाक्ष्यरी मन्त्र सम्पुर्ण कूलबन्धुहरूलाई दीक्षा मन्त्रका रूपमा दिने प्रचलन छ । वस्तुत यो त्र्ययाक्ष्यरी मन्त्र तान्त्रीक मन्त्र हो ता पनि भिन्न भिन्न प्रयोजनको लागि भिन्न भिन्न विधिवाट सिद्धि गर्न सकिन्छ ।

मन्त्रमहोदरी ग्रन्थ अनुसार शत्रुनाश,वशीकरण र मुक्तिको कामना सिद्ध गर्न सकिने मन्त्रको रूपमा वर्णन गरिएको छ भने सो को विधि,जप संख्या र सम्पुर्ण अङ्गहरूको विषयमा वर्णन गरिएको पाईन्छ ।
हामीले दीक्षा लिएर जप गरिने मन्त्रको विषयमा यसै ग्रन्थमा भनिएको छ ।

पद्मासन गतां वालां लक्ष्मी प्राप्तौ विचिन्तयेत् ।

**अर्थः** पद्मासनमा बसिरहेकी वालालाई मनुष्यजनले लक्ष्मी प्राप्तीको निमित्त चिन्तना गर्नुपर्दछ ।

**अन्यच्च** :– अथ वालां प्रवक्षामि मन्त्री संसेव्य यां द्रुतम् ।
वृहस्पति कुवेरश्च जायते विद्यया धनैः ॥

**अर्थः** मन्त्री आदी उच्चपदस्थ व्यक्तिहरूले सेवा गरिएकी वाला त्रिपुरा सून्दरीको त्र्ययाक्ष्यरी मन्त्र जप गर्नाले विद्यामा वृहस्पति र धनमा कुवेरपद प्राप्त हुनेछ ।



कुलगुरु खेमराज अधिकारी

त्यसकारण यो मन्त्र तान्त्रिक विधिवाट साधना गरिएपनि कुलबन्धुहरूलाई दीक्षारूपमा दिईने यो मन्त्र कुलको रक्षा,वंश निरन्तरता,वाक् सिद्धि र शक्ति उपासनाको अधिकार प्राप्तिको निमित्त प्रदान गरिन्छ ।

---


**समस्त**
**राणा तथा कुँवर परिवारमा**
**२०७४ सालको**
**विजयादशमी एवं शुभ दिपावलीको**
**पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना**
**व्यक्त गर्दछौं ।**

**डा. अशोक शमशेर ज.ब.रा.**
**तथा परिवार**
**लालदरबार**

**Best Wishes on the auspicious occasion of**

**BIJAYA DASHAMI**
**&**
**DEEPAWALI**

**2074**

Achute Bikram Rana
**CACHEMIRE PARACHUTE**
279/9, Paknajole
Kathmandu, Nepal



समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

जीवनबहादुर कुँवर
श्रीमती अनिता कुँवर
छोराहरु: पदम कुँवर
किसान कुँवर
भीरकोट-१, धरमपानी
स्याङ्जा



**सम्पूर्ण**
**कुँवर राणा कुलबन्धुहरुलाई**
**विजयादशमी तथा शुभ दीपावली २०७४ को**
**हार्दिक मंगलमय शुभकामना**
**व्यक्त गर्दछौं ।**

श्याम राज कुँवर
छोरा पूर्व ब.प्र.उ. बसन्त राज कुँवर, बुहारी पूजा कुँवर
छोरा उ.र. हेमन्त राज कुँवर, बुहारी ज्योती कुँवर
छोरा रवी राज कुँवर, बुहारी पारु कुँवर
नातीहरु अभय जंग कुँवर, अशिम जंग कुँवर,
नातिनी आयूषा कुँवर
सामाखुशी /काठमाडौं

# सम्पूर्ण राणा तथा कुँवर परिवारहरुमा २०७४ सालको विजयादशमी एवं शुभ दीपावलीको पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना व्यक्त गर्दछौं।

श्री कृष्ण बहादुर कुँवर
श्रीमती शिव कुमारी बस्नेत कुँवर
छोरा श्री शदिप कुँवर
बुहारी श्रीमती ज्योति कारो कुँवर
ज्वाई/छोरी श्री शुसिल देवकोटा
श्रीमती साधना देवकोटा

**श्री शिव ज्योति ट्रेडिङ कन्सर्न**
**पो.ले.म.न.पा. १४, मझेरी पाटन,पोखरा**
**फोन नं. ०६१–५०५०७६**

सम्पूर्ण
राणा तथा कुँवर
परिवारहरुमा
२०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन
अवसरमा हार्दिक मंगलमय
शुभ–कामना व्यक्त गर्दछौं।

स.र. नवजीव शम्सेर ज.ब.रा.
श्रीमती सोनी सिंह राणा
छोरा डा.देवांश शम्सेर ज.ब.रा.
छोरी सुश्री हितेशा राज्य लक्ष्मी राणा

# सम्पूर्ण
# राणा तथा कुँवर
# परिवारहरुमा
# २०७४ सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको पावन
# अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं।

**अ.प्रा. स.र. निरञ्जन बिक्रम राणा**
**श्रीमती मिनी राणा**
**तथा**
**परिवार**



# सम्पूर्ण
# राणा तथा कुँवर
# परिवारहरुमा
# २०७४ सालको विजयादशमी
# एवं
# शुभ दीपावलीको पावन अवसरमा
# हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं।

**रानी दिपा राज्यलक्ष्मी राणा**
**छोरा प्रदिप्त शम्शेर ज.ब.रा.**
**बुहारी रानी बन्दिता राज्यलक्ष्मी राणा**



**सम्पूर्ण**
**राणा तथा कुँवर**
**परिवारहरुमा**
**२०७४ सालको**
**विजयादशमी एवं**
**शुभ दीपावलीको पावन**
**अवसरमा हार्दिक मंगलमय**
**शुभ–कामना**
**व्यक्त गर्दछौं।**

## किशोर बिक्रम राणा
**क्षेत्रपाटी, धोबीचौर**



**सम्पूर्ण**
**राणा तथा कुँवर**
**परिवारहरुमा**
**२०७४ सालको**
**विजयादशमी एवं**
**शुभ दीपावलीको पावन**
**अवसरमा हार्दिक मंगलमय**
**शुभ–कामना**
**व्यक्त गर्दछौं।**

**प्रदिप बिक्रम राणा**
**रानी छायाँ राज्यलक्ष्मी राणा**
**धोबीचौर, काठमाडौं**

# राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा. प्रभु बुढाथोकी ज्यूसँगको अन्तर्वाता

ललितपुर जिल्लाको टिकाथलीका स्थानीय वासिन्दा खप्तरी बुढाथोकी वंशका गोविन्द बहादुर बुढाथोकी र मुमा मेघ कुमारी बुढाथोकीका माहिला सन्तानको रूपमा वि.सं. २०१६ साल असार १९ गते जन्मनु भएका डा. प्रभु बुढाथोकीको प्रारम्भिक शिक्षा गाउँकै विद्यालयमा भएको हो । उहाँले विद्यालयको पढाई पाटन हाइस्कूलबाट २०३० सालमा सकी विज्ञानमा स्नातक तह सम्मको पढाई त्रिचन्द्र कलेज घण्टाघरबाट पुरा गर्नु भयो । पछि बेलायतको वेल्श विश्वविद्यालयबाट वातावरण व्यवस्थापन गर्नु भयो भने बेलायतकै Greenwich University बाट पी. एचडी. सन २०१४ मा पुरा गर्नु भयो । नयाँ किताब पढने र नयाँ ठाउँ घुम्ने शोख राख्नुहुने उहाँले पूर्व प्रधानमन्त्री एवं कमाण्डर इनचिफ बमबहादुर कुँवर राणाका सन्तति भवानी विक्रम राणाकी सुपुत्री पुनम राणासँग २०४७ को बैशाखमा विवाह बन्धनमा बाँधिनु भएको थियो । हाल उहाँका २ सन्तति प्रनित बुढाथोकी र प्रवर बुढाथोकी अमेरिकामा उच्च शिक्षा हासिल गरिरहेका छन् । लामो समय सरकारी जागिरमा समय विताई विभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूमा लामो अनुभव सँगालेका डा. प्रभु बुढाथोकी विगत १ बर्ष अगाडिदेखि राष्ट्रिय योजना आयोगको सदस्यको रूपमा कार्यरत हुनुहुन्छ । उहाँसँगको एक भेटमा उहाँकै कार्यकक्षमा पाञ्चायन स्मारीका समितिले लिएको अन्तर्वार्ताको सार संक्षेप ।

**१. हजुरको बुबा मुमाको नाम के हो ?**
मेरो बुवाको नाम गोविन्द बहादुर बुढाथोकी हो र मेरो मुमाको नाम मेघ कुमारी बुढाथोकी हो । हामी खप्तडी हो ।

**२. हजुरको जन्म कहिले र कहाँ भएको हो ?**
मेरो जन्म २०१६ असार १९ गते ललितपुर टिकाथली हाल महालक्ष्मी नगरपालिका अन्तर्गत पर्दछ ।

**३. हजुरको दाजुभाई तथा दिदी बहिनीहरू कति जना होई बक्सन्छ तथा उहाँहरू के के गर्दै छन् ?**
हामी ४ दाजुभाइ र १ बहिनी मध्येमा म माहिलो हुँ । जेठो रघु बुढाथोकी पर्यटन व्यवसायी फिल्यान्ड, साहिलो मधुसुधन बुढाथोकी पूर्व प्रहरी नायब उपरीक्षक हाल सिकागो अमेरिकामा बस्छन् । कान्छो भाई अच्युतराज बुढाथोकी वकिल हुन् भने बहिनी महेश्वरी बुढाथोकी विवाह पश्चात काठमाडौंमा शिक्षण पेशामा व्यस्त छिन् ।

**४.हजुरले प्रारम्भिक शिक्षा तथा उच्च शिक्षा कहाँ कहाँ गरी बक्सियो ?**
मेरो विद्यालय शिक्षा पाटन हाइस्कूलबाट २०३० सालमा एस्.एल्.सी. पास गरे भने त्रिचन्द्र क्याम्पसबाट २०३६ सालमा वि.एस्सी. पास गरे । त्यस पछि देहरादुनबाट २०३८ सालमा फरेष्ट्रीमा एम्.एस्.सी. गरें । त्यसपछि बेलायतको वेल्स युनिभर्सिटीबाट वातावरण व्यवस्थापन (सन् १९९१) र सन् २०१४ मा त्यही कै Greenwich University बाट पी.एच.डी. डिग्री हासिल गरें ।

**५. हजुरको विवाह कस्को छोरीसँग कहिले भएको हो र हजुरको श्रीमती हाल के गरी बक्सन्छ ?**



मेरो विवाह भवानी विक्रम राणाको छोरी पुनम राणासँग वि.सं. २०४७ बैशाखमा भएको हो । उनी एक असल गृहिणी हुन् ।

**६. हजुरको सन्तान कति छन् र उहाँहरू कहाँ र के के गर्दछन् ?**
हाम्रा २ छोराहरू मध्ये जेठो प्रनित बुढाथोकी अमेरिकाको सिकागोमा स्नातकोत्तर अध्ययन गर्दै छन् भने कान्छोले सोही ठाउँमा अध्ययन शुरूवात गर्दै छन् ।

**७. हजुरको जागिरे जीवन कहिलेबाट सुरू भएको हो र कहिलेसम्म जागिरमा बसिबक्सियो ?**
मैले धेरै ठाउँमा जागिर गरें । नेपाल सरकारको वन अधिकृत (सं.२०४०) मा प्रवेश गरें । १३ बर्ष वन मन्त्रालय अन्तर्गत विभिन्न पदमा रहेर कार्य गरें । पछि सन् १९९६ देखि संयुक्त राष्ट्र संघ अन्तर्गतका विभिन्न आयोजनामा रहेर कार्य गरें । राष्ट्रिय निकुञ्ज जनता कार्यक्रममा प्रमुख व्यवस्थापक भएर कार्य गरें । त्यसपछि विश्व प्रकृति संरक्षण संघ अन्तर्गत विभिन्न देशमा वसेर १४ बर्ष जति कार्य गरें । सन् २०१६ देखि राष्ट्रिय योजना आयोगको सदस्य पदमा कार्यरत छु । मेरो कार्य क्षेत्र भनेको वन, वातावरण, कृषि र पशुपंक्षी मन्त्रालय सम्बन्धी योजना, नीति निर्माण कार्यान्वयन, बजेट विनियोजन, अनुगमन र निर्देशन आदि दिने कार्य गरिरहेको छु ।

**८. जागिर त राम्रो थियो तर छोडी बक्सियो ?**
लामो समयसम्म अन्य देशमा कार्य गर्दा आर्थिक फैदा भए पनि आफ्नो देशको विकास नभएसम्म पहिचान पनि राम्रो नहुने रहेछ । र विदेशमा हासिल गरेको ज्ञान र अनुभवलाई आफ्नो देशको हितमा प्रयोग गर्न सके देश विकास हुने थियो भन्ने विचारले आयोगको सदस्यबाट काम

गर्न सुरू गरेको छु ।

**९. सरकारी जागिरमा काम गर्नु र बाहिर INGO तथा UN का एजेन्सीहरूमा काम गर्दा कस्तो अनुभव गरी बक्सियो ?**

सरकारी निकायहरूमा काम गर्दा एक प्रकारको सिमित दायराभित्र बसेर कार्य गर्नुपर्ने र आर्थिक रूपमा सिमाना तोकिएको हुन्छ । पारिश्रमिक समेत सोही प्रकारको हुने हुन्छ र सोझो हिसाबले कार्य गर्नेलाई जीवन निर्वाह गर्न नै गाह्रो हुन्छ । सरकारी जागिरले मात्र बढ्दो महङ्गी र आधुनिक जीवन धान्न गाह्रो हुन्छ । अन्तराष्ट्रिय क्षेत्रमा कार्य गर्दा तलवदेखि कार्य क्षेत्र फराकिलो हुने र कार्य गर्दा सजिलो हुने साथै नेतृत्व विकास र आफ्नो विशेषज्ञतालाई सहज रूपमा प्रयोग गर्न सकिन्छ र आफ्नो पेशागत सन्तुष्टी समेत प्राप्त हुन्छ । तर आफ्नो देश समाजलाई केही योगदान पुर्याउन सकिएन भने आत्मसन्तुष्टी हुने रहेछ । सरकारी जागिरबाट प्राप्त हुने पारिश्रमिकले आफ्नो घर व्यवहार पारिवारिक खर्च र स्वास्थ्य शिक्षा जस्तो आवश्यकताहरू पुरा गर्न मुस्किल हुने गर्दछ । सरकारी काम गर्दा विभिन्न किसिमको वाधा-व्यवधानहरू पनि आइपर्नाले आफ्नो व्यवसायिक दक्षतालाई पूर्ण रूपले उपयोग गर्न नसकिने वातावरण हुने भएकाले विकल्पको रूपमा यता लागें ।

**१०. राष्ट्रिय योजना आयोगमा नियुक्ति हुनु अघि कहाँ काम गरिबक्सन्थ्यो ?**

म बङ्गलादेशको FAO विश्व खाद्य कृषि संगठनमा कार्य गर्थे । प्रमुख प्राविधिक सल्लाहकारको रूपमा काम गर्थे ।

**११. राष्ट्रिय योजना आयोगमा कहिले नियुक्ति होई कक्सियो ? हजुरले त्यहाँ कुन कुन क्षेत्र हेरी बक्सन्छ ?**

२०१६ Oct देखि नियुक्ति पाएँ । मैले त्यहाँ Forestry, वातावरण, कृषि सम्बन्धि कामहरू हेर्छु ।

**१२. राष्ट्रिय योजना आयोगले स्वीकृत गरेको साना ठूला योजनाहरू कहिल्यै सन्तोषजनक रूपमा सम्पन्न हुदैन भन्ने कुरा बाहिर आई रहन्छ हजुरले त्यसको कस्तो महशुस गरिबक्सेको छ ? यसको समाधान के हो त ?**

अव नेपालको योजना तथा कार्यक्रमहरू शुद्ध रूपमा व्यवसायिक रूपमा मात्रै निर्माण हुँदैन । विभिन्न राजनैतिक, सामाजिक परिस्थितिले कार्यक्रम छनोट र कार्यान्वयनमा प्रभाव पारेको देखिन्छ । त्यसले गर्दा कार्यक्रमका उद्देश्यहरू राम्रा भए पनि कार्यान्वयनमा विभिन्न कमी कमजोरी भएको पाइन्छ । त्यस्तै कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूका क्षमतामा पनि विभिन्न कारणले कमी भएको देखिन्छ । यसले गर्दा कार्यक्रमहरूको समयमै कार्यान्वयन नहुने पनि देखिन्छ । सम्पन्न भएका कार्यक्रमहरू पनि गुणस्तरीय नहुने समस्या महशुस भएको समयमै कार्यक्रमहरू सम्पन्न गर्नु र गुणस्तरीय कामहरू गरी विकासको फल जनतासम्म पुर्याउने योजना आयोगले आगामि दिनहरूमा अनुगमन र मूल्याङ्कनलाई विशेष जोड दिने भएको छ ।

त्यस्तै कार्यक्रमहरूको निर्माण र छनोटहरूमा प्राविधिक रूपमा सम्भाव्य कार्यक्रमहरूलाई मात्र जोड दिने गर्नु पर्दछ । (Technically Feasible viable) योजना आयोगले स्वीकृति दिने परिपाटी बसाल्नुपर्छ ।

**१३. फुर्सदमा हजुरले समय कसरी बिताइ बक्सन्छ ?**

मेरो २ वटा सोख छ । नयाँ २ कितावहरू पढ्ने र नयाँ २ ठाउँमा घुम्ने हो । यसरी नै फुर्सदको समय विताउँछु । मलाई मन परेका मध्ये मदनमणि दिक्षितको माधवी हो । अहिले जनकराज शर्माको 'कहर' हो ।

**१४. हजुरका रूचीका खाने कुराहरू के के हुन् ?**

मेरो सबैभन्दा रूचिको खानेकुरा शुद्ध दाल, भात र तरकारी हो । मेरो विशेष पेय भनेको कफि हो । सागपात मलाई मन पर्छ ।

**१५. पाञ्चायनले यस प्रकारका कार्यक्रम गरेकोमा हजुरले कस्तो महशुस गरिबक्सियो ?**

यस पाञ्चायनले गरेका २ महत्वपूर्ण पाटो छ । यसले आफ्ना सन्ततिहरूलाई एक आपसमा नजिक ल्याउने र उनीहरूले गरेको प्रगतिको कदर गर्ने, प्रेरणा र उत्साह दिने, हौसला बढाउने कार्य सराहनीय लागेको छ ।

**१६. अन्तमा नयाँ पिढीलाई केही सन्देश छ की ?**

अव आउने पिढीहरूलाई ३-४ कुराहरू भन्न चाहान्छु । हामीले नयाँ पिढीलाई शिक्षामा विशेष जोड दिनुपर्छ, आफ्ना सन्ततिहरू बीच सदैव सहयोग, एकता र परस्पर सहयोगको भावना अभिवृद्धि गर्नु पर्छ, अर्को आफ्नो पुर्खाको गौरवमय इतिहास र समाजको हितमा सदैव लाग्नुपर्छ र अवको समय भावी उद्यम र उद्यमशीलतामा ध्यान दिनुपर्छ । बौद्धिक मात्र नभएर उद्यमशील पनि बन्नुपर्छ । जुन वुद्धिको उपयोग हुँदैन सो विष बराबर हुन्छ भन्ने शास्त्रमा पनि लेखिएको छ । धर्म र संस्कृतिको रक्षामा विशेष ध्यान दिनुपर्छ । पुननिर्माण गर्दा समेत इतिहासको पहिचानलाई जोगाउने कार्य गर्नुपर्छ ।

*मेरो विचारमा केदारनाथमा 'नेपाल हाउस' भन्ने रहेछ जुन सबै भन्दा राम्रो रहेछ यसको मर्मत सम्भार गरे देखि राम्रो हुन्थ्यो । भारतको पुरी हरिद्वार र बनारस आदि ठाउँमा यस्तै ऐतिहासिक भवनहरू देखिए नेपाल सरकार र भारत सरकारले त्यसलाई बनाउनमा ध्यान दिए हुन्थ्यो । पुर्खाको धरोहरलाई पनि संरक्षण र सम्बर्धन गर्नु जरुरी छ ।*


समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

अ.प्रा. रथी श्रीधर शमशेर ज.ब.रा.
तथा परिवार
पुल्चोक



समस्त
राणा तथा कुँवर
परिवारहरुमा २०७४ सालको
विजयादशमी एवं शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ–कामना व्यक्त गर्दछौं ।

>L lg/ ljqmd /f0ff
>LdtL v'd s'df/L /f0ff
5f|/f >L gL/h ljqmd /f0ff
>LdtL ljGw|Zj/L dNn /f0ff
5f|/f >L lg/fhg ljqmd /f0ff
>LdtL a|Gbf k/fh'nL /f0ff
gftL >L lg/fsf/ ljqmd /f0ff
gftLgL ;'>L lg/lj;f /f0ff
gftL >L lgb|z ljqmd /f0ff
gftLgL ;'>L lgxfl/sf /f0ff

शुभम फर्मा स्यूटिकल ईन्टर प्राइजेज
पो.ले.म.न.पा. ५ पोखरा, फोन नं ९८४६२६९८८९

# शिव शरणभद्रेश्वर र शरणभद्र



**इतिहास बोल्छ**

राष्ट्रिय विभुति सेना नायक कप्तान बलभद्र कुँवरका बुहारी रानी वदन कुमारीले पति कप्तान शरणभद्रको सम्झनामा इचङ्गु छग्डोलमा निर्माण गरिएको शिव मन्दिर !

**सौजन्यः रामराजा कुँवर**
**इतिहास विद तथा साहित्यकार**
**स्वयम्भु, काठमाडौं**

**समस्त**
**राणा तथा कुँवर परिवारमा**
**२०७४ सालको**
**विजयादशमी एवं शुभ दिपावलीको**
**पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना**
**व्यक्त गर्दछौं ।**

**यशस्वी शमशेर ज.ब.रा.**
**रानी गीता राणा**
**तेजस्वी शमशेर ज.ब.रा.**
**मिनाक्षी राणा**
**लालदरबार**


**Do You Want to be an Army or Police Officer ?**

सुरक्षा फौज तयारी कक्षाहरूको लागि मुलुककै पहिलो तथा उत्कृष्ट संस्था
**DIMA ACADEMY** मा निम्न तयारी कक्षाहरू सञ्चालित छन् ।

— नेपाली सेनाद्वारा लिइने —

**अधिकृत क्याडेट** (सेकेन्ड लेफ्टिनेन्ट)

*Courses:*
- I.Q./G.K./Maths/English/Nepali/Physical & Bearing
- I.O./T.O./G.T.O./Board Conference & Interview

साथै राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान अधिकृत / सहायक

सम्पर्क:
**DIMA Academy**
(Nepal's No.1 Academy for Cadet Preparation)
(Bagbazar, Opposite to Shrestha Tailoring)
Tel.: 4241350, 9851207943, 9841883399

स्थापना काल देखि १६०० जना व्यक्तिलाई आर्मि तथा प्रहरी अधिकृतमा प्रवेश गराउन सफल मुलुककै एक मात्र संस्था

**साथै यहां**

— नेपाल प्रहरी तथा शसस्त्र प्रहरी —

**अ.स.ई./इन्सपेक्टर**

- I.Q./G.K./English/Nepali / सेवा तथा संविधान


**समस्त**
**नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा**
**२०७४ सालको**
**विजयादशमी एवम् शुभ दीपावलीको**
**पावन अवसरमा हार्दिक मंगलमय**
**शुभ–कामना व्यक्त गर्दछौं ।**
**डिमा एकेडेमी परिवार**
**बागबजार, काठमाडौं ।**

# गणेश चतुर्थी व्रत र यसको महिमा



कुलगुरु खेमराज अधिकारी

*खर्वं स्थुलतनुं गजेन्द्रवदनं लम्बोदरं सुन्दरं ।*
*प्रस्यन्दन्मदगन्धलुब्धमधुपब्यालोलगण्डस्थलम् ।।*
*दन्ताघातविदारितारिरुधिरैः सिन्दूरशोभाकरं ।*
*वन्दे शैलसुतासुतं गणपतिं सिद्धिप्रदं कामदम् ।।*

गणेश शब्दको उत्पत्ति गणंईश मिलेर भएको हो । शाब्दिक रूपमा यसको अर्थ केलाउने हो भने गण भनेको समुह र इश भनेको देवता भन्ने बुझिन्छ । यहां चाहिं गण भनेर शिवसेना र ईश भनेको त्यसका अधिष्ठाता देवता भनेर बुझ्नु उपयुक्त हुन्छ । अर्थात् गणहरूका देवता गणेश , गणनायक , गणेश्वर , गणपति जे भनेपनि गणेश शब्दलाई पार्वती नन्दन भगवान गणेश भनेर बुझ्नु पर्दछ । हामिले पूजा अर्चना र बन्दना गर्ने बिभिन्न देवी देवताहरू बिभिन्न गणमा बिभाजित छन् । जस्तै :—शिवगण,बसुगण,मरूद्‌गण,प्रजापति गण, मातृका गण, ग्रहगण, दिक्पाल गण, लोकपाल गण आदि । सवै गणका प्रमुख र त्यसका अधिष्ठाता देवताहरू हुन्छन् । शिवगणका प्रमुख नन्दी हुन् भने नन्दी सहित सम्पूर्ण शिवगणका देवता चाहि गणेश हुन् ।

ज्योतिष शास्त्र अनुसार समयलाई बिभिन्न चरणमाबिभाजन गरिएको छ । जस्तै :—परार्ध,कल्प,मन्वन्तर,युग,सम्बत्सर,अयन, मास,पक्ष,तिथी,बार,घडि,पला,कला बिकला आदि । यिनिहरूको गणना चाहिं दुईवटा मानको आधारमा गरिन्छ १. सुर्यलाई आधार मानेर गरिने गणनालाई सौरमान भनिन्छ जसमा तिथीको सट्टामा गते र घडि पलालाई घण्टा मिनेटमा गणना गरिन्छ भने यसमा पक्ष बिभाजन हुदैन । २. चन्द्रमालाई आधार मानेर गरिने गणनालाई चान्द्रमान भनिन्छ जसमा शुक्लपक्ष,कृष्णपक्ष,प्रतिपदादि १६ तिथी र घडि पलामा गणना गरिन्छ ।

हिन्दू सनातन धर्मावलम्बीहरूले मनाउने बिभिन्न चाड पर्वहरू चान्द्रमानलाई आधार मानेर निर्धारण गरिएका छन् । शुक्ल पक्ष र कृष्ण पक्षमा बिभाजन गरिएका १६ तिथीहरूलाई प्रतिपदा देखि पञ्चमी सम्म क्रमशः नन्दा,भद्रा,जया,रिक्ता र पूर्णा भनेर नामाकरण गरिएको छ भने षष्ठी देखि दशमी सम्म र एकादशी देखि पूर्णिमा अनि औशीलाई पनि तिनै नन्दादि नामहरूद्वारा क्रमशः सम्बोधन गरिन्छ । भिन्न भिन्न नाम गरिएका तिथीहरूमा भिन्न भिन्न किसिमका धार्मिक अनुष्ठानहरू सम्पादन गरिनुका साथै सम्पुर्ण तिथीहरूका आ—आफ्नै विशेषताहरू छन् । यहा चर्चा गर्न लागिएको चतुर्थी तिथी बर्गिकरणका हिसाबले रिक्ता बर्गमा पर्दछ । रिक्ता तिथीमा बिशेष गरेर गणेश भगवानको पूजा,अर्चना,बन्दना र ब्रत गर्नाले अमोघ सिद्धि , पारिवारिक सुख,शान्ति,ऐश्वर्य प्राप्त हुन्छ भन्ने शास्त्रीय वचन रहेको छ

शिव पुराण अन्तर्गत रूद्र संहिताको चतुर्थ (कुमार)खण्डमा यो वर्णन छ कि माता पार्वतिले कुनै एकान्त स्थानमा स्नान गर्न पुर्व आफ्नो शरिरबाट मयल निकालेर एक बालकको उत्पत्ति गर्नभयो र उसलाई द्वारपाल बनाएर कसैलाई पनि भित्र प्रवेश गर्न नदिनु भन्ने आज्ञा गर्नुभयो । वन बिहारबाट फर्किनुभएका शिवजीलाई उक्त बालकले भित्र प्रवेश गर्न नदिएपछि भगवान शंकर क्रोधित भई शिवगणलाई उक्त बालकसंग युद्ध गर्न अह्वाउनुभयो भयंकर युद्ध हुदा कसैले पनि उक्त बालक लाई पराजित गर्न नसकेपछि भगवान शंकरले अत्यन्तै क्रोध गरि आफ्नो त्रिशुलले बालकको शिर छेदन गरि भित्र प्रवेश गर्नभयो । यो कुरा माता पार्वतिले चाल पाएर अत्यन्तै क्रोध गरि संसारलाई प्रलय गर्ने विचार गर्नभयो,भयभित देवताहरूले देवर्षि नारदको सल्लाहमा जगदम्बाको स्तुति गरी माता पार्वतिलाई शान्त गराएपछि भगवान शंकरको निर्देशन अनुसार भगवान विष्णुले उत्तर दिशामा सवैभन्दा पहिले भेट्टिएको जीव (हात्ति) को टाउको काटेर ल्याउनुभयो । मृत्युञ्जय रूद्रले हात्तिको त्यो मस्तकलाई बालकको शरिरमा जोडेर पुनर्जिवित गर्नुभयो । माता पार्वतिले बडो हर्ष गरी ती गजमुख बालकलाई आफ्नो हृदयमा लगाई देवताहरूमा अग्रणी हुने आशीर्वाद दिनुभयो । ब्रह्मा विष्णु महेशले पनि तिनै बालकलाई सर्वाध्यक्ष्य घोषित गरेर अग्रपुज्य हुने वरदान दिनुभयो । भगवान शंकरले भन्नुभयो हे गिरिजानन्दन ! बिघ्न विनाश गर्नमा तिम्रो नाम सर्वोपरि हुनेछ , तिमी सवैको पुज्य बनेर मेरा समस्त गणहरूको अधिपति हुनेछौ । हे गणेश्वर ! तिमी भाद्र शुक्ल(अपवादमा भाद्र कृष्ण पनि पाईन्छ) चतुर्थीको चन्द्रमा उदित भएपछि उत्पन्न भएका छौ यो तिम्रो जन्म तिथी हो यस तिथीमा व्रत गर्ने भक्तको सवै बिघ्नहरू नाश भएर जानेछन् र सवै किसिमका सिद्धिहरू प्राप्त हुनेछन् ।

भाद्र महिनाको शुक्ल पक्ष चतुर्थी रात्रीमा चन्द्रोदयको समयमा गणेशको पूजा गरे पश्चात् व्रतीले चन्द्रमालाई नहेरी अर्घ दिएर व्राह्मणलाई मिष्ठान्न भोजन गराई आफूले पनि मिष्ठान्न भोजन गर्नु पर्दछ । तर यस दिन चन्द्रमाको दर्शन गरेमा झुट्टा आरोप लाग्ने भएकोले यस दिन चन्द्र दर्शन निषिद्ध गरिएको छ । अज्ञानवस चन्द्र

दर्शन भएमा यो श्लोक पाठ गर्नु पर्दछ *"सिंह प्रसेनमवधीत् सिंहो जाम्बवता हतः ।*

*सुकुमारकमारोदी तव ह्येष स्यमन्तक ।।"*

भगवान गणेश सम्पूर्ण हिन्दू धर्मावलम्बीहरू माझ उत्तिकै आराध्य, अग्रपुज्य र सर्वसिद्धिदाता देवताको रूपमा पूजित देवता हुन् तापनि दक्षिण भारतमा यस ***गणेश चतुर्थी*** पर्वलाई अत्यन्तै भक्तिभाव र विशेष हर्ष उल्लासका साथ मनाउने गरिन्छ । गणेश चतुर्थी देखि अनन्त चतुर्दशी सम्मका १० दिन गणेशोत्सव मनाईन्छ । नेपालमा पनि अन्य देवतालाई भन्दा गणेश भगवानलाई सर्वोपरि स्थानमा राखेर बिभिन्न व्रत,पर्व र उत्सवका साथ गणेश पुजन गर्ने गरिन्छ । सवै मंगलबार गणेश भगवानको विशेष पूजा अर्चना गर्ने , व्रत गर्ने र मंगलबारको दिन चतुर्थी तिथी परेमा सो दिनलाई ***मंगल चतुर्थी*** पर्वका रूपमा गणेशको पूजा गर्ने तथा गणेशको व्रत आरम्भ र व्रत उद्यापन गर्ने दिनका रूपमा शास्त्रहरूमा वर्णित छ ।

भाद्र शुक्ल चतुर्थी अर्थात् हरितालिका तीजको दोश्रो दिन गणेश भगवानको जन्मदिनको रूपमा महिला तथा पुरूषहरूले गणेशको विशेष पूजा अर्चना र व्रत गरि मनाउने चलन परा पूर्व कालदेखि चलिआएको र हिन्दू धार्मिक ग्रन्थहरूमा समेत यस पर्वको महिमाको विषयमा उल्लेख भएको पाईन्छ । यस दिनमा भक्ति भावले गणेशको पूजा र व्रत गर्नाले जीवनमा सुख, शान्ति र ऐश्वर्य प्राप्त हुन्छ भने सन्तान नहुनेले व्रत गर्दा सन्तान हुने जन विश्वास र धार्मिक मान्यता रहेको छ । बिवाह आदि कार्य सफल गर्नका साथै सवै किसिमका बिघ्न बाधाहरू नाश गर्न समेत यो व्रत गर्न सकिन्छ । गणेश चतुर्थीलाई ***संकटा चतुर्थी*** पनि भनिने हुंदा ठूला ठूला संकटहरूबाट मुक्ति पाउनका निमित्त पनि यो व्रतको बिधान शास्त्रहरूमा उल्लेख गरिएको छ ।

गणेशका पत्नीका रूपमा शास्त्रहरूमा वर्णित ऋद्धि सिद्धि माता लक्ष्मीका अंशावतार हुन् यस गणेश चतुर्थीका दिन गणेशका साथमा ऋद्धि सिद्धिको पनि विशेष पुजा गरिने हुंदा गणेश पत्नीहरू प्रसन्न भई अणिमा, महिमा, गरिमा, लघिमा आदि अष्टसिद्धि मात्र होइन श्री, भू , कीर्ति , प्रसिद्धि, कान्ति आदि षोडष कलाहरू समेत प्राप्त हुने शास्त्रोक्त वचन रहेको छ ।

वैदिक कालमा अश्वमेध, गोमेध, सोमयाग जस्ता ज्यादै असाध्य, कठीन र अपूर्व यज्ञ याज्ञादि कार्य सम्पादन पश्चात मात्र आफ्ना अभिष्ट फल प्राप्ति हुन्थे भने श्रीमद्भागवत महापूराणको वचन अनुसार *"कलौ केशव कीर्तनात्"* यस कलियुगमा केवल भगवानको नाम स्मरण मात्रले पनि मन इप्सित कामना पूरा गर्न सकिन्छ । यस कलियुगमा अभिष्ट फल सिद्धिका निमित्त गणेश उपासना र शक्ति उपासना लाई अत्यन्तै महत्वका साथ हाम्रा धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएकोले यो गणेश चतुर्थी व्रतको महिमा अत्यन्तै बढेर गएको छ । भक्ति, भाव, निष्ठा, शुद्धता र आचरणमा बसेर यो व्रत गर्नाले माथी उल्लेखित फल प्राप्त हुने कुरामा कुनै सन्देह रहदैन ।

हाम्रा पुर्खा ऋषि महर्षिहरूले हामीलाई देखाएका मार्ग दर्शन वेद, पुराण, उपनिषद् आदि षट्शास्त्रहरू लाई सत्य ठानि यिनको अध्ययन, मनन् , अनुशिलनले हामीलाई हाम्रो लक्ष प्राप्ति र जीवनलाई सार्थक बनाउन अवश्यमेव सक्षम र सवल छन् खांचो छ त केवल आस्था, बिस्वास र लगनशीलताको । यसै सन्दर्भमा व्रतहरूमा उच्चकोटीको यो ***गणेश चतुर्थी*** व्रत गर्नु अहिलेको युग सापेक्ष कर्म हो, कलियुगका मानवहरूको कर्तव्य हो र हिन्दू धर्मावलम्बीहरूको स्वभाव हो ।

---

*We extend
our best wishes
for peace, progress
&
Prosperity
to all the Rana & Kunwar
on the auspicious occasion
of*

**Bijaya Dashami
&
Deepawali 2074**

**N.R. Construction**
**Jorpati - 3**
**Keshab Charan Shrestha**

**समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
विजयादशमी एवम् शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।**

**प्र.से. रिद्धि नरसिंह राणा
श्रीमती ज्योति राणा
छोरी कामाक्षी राणा
छोरी मल्लिका राणा
बालुवाटार**



**सम्पूर्ण**
**राणा तथा कुँवर**
**परिवारहरुमा २०७४ सालको**
विजयादशमी एवं
शुभ दीपावली**को पावन**
**अवसरमा हार्दिक मंगलमय**
**शुभ–कामना व्यक्त गर्दछौं।**

सम्राट शमशेर ज.ब.रा.
रानी अमृता राणा
छोरा समृद्ध शमशेर ज.ब.रा.
तथा सर्म्पूण परिवार

विजयादशमी
तथा
शुभ दीपावली २०७४ सालको पावन
अवसरमा सम्पूर्ण ग्राहक महानुभाव तथा
शुभचिन्तकहरुमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।





First Floor
Durbar Marg
Kathmandu, Nepal
Tel : 4220346

P.O. Box : 1137
Kathmandu, Nepal
E-mail : koto@mail.com.np
Fax : 00977-1-4229353

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
विजयादशमी एवम् शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

मणि विक्रम कुँवर
श्रीमती पद्‌म कुमारी कुँवर
छोरा सुमन बिक्रम कुँवर
नाती सज्जु बिक्रम कुँवर
तथा परिवार


समस्त
राणा तथा कुँवर परिवारमा
२०७४ सालको
विजयादशमी एवम् शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।



# सम्पूर्ण कुलबन्धु एवं नेपालीहरुमा २०७४ सालको विजयादशमी तथा शुभ दीपावलीको पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना व्यक्त गर्दछौं ।

रानी अम्बिका राणा
छोरा गोरख शम्शेर ज.ब.राणा
बुहारी दिप्ती राणा
नातिनी गिर्वाणी राज्यलक्ष्मी राणा
नातिनी सुरङ्गना राज्यलक्ष्मी राणा
नातिनी सुरभी राज्यलक्ष्मी राणा
तथा परिवार
केशर महल





# समस्त
# राणा तथा कुँवर
# परिवारहरुमा
# २०७४ सालको
# विजयादशमी एवं शुभ दीपावलीको
# पावन अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

**हाटक शमशेर ज.ब.रा.**
**रानी किसु राणा**
**उज्वल शमशेर ज.ब.रा.**
**सुमेर शमशेर ज.ब.रा.**
**बत्तिसपुतली, काठमाडौं**




२०७४ सालको
विजयादशमी
एवं शुभ दीपावलीको
पावन अवसरमा
सम्पूर्ण
नेपालीहरुमा सुख,
शान्ति तथा समृद्धिको
कामना गर्दै हार्दिक
मंगलमय
शुभ–कामना व्यक्त
गर्दछौं ।



समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
विजयादशमी एवम् शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ–कामना व्यक्त गर्दछौं ।

रानी उषा राणा
छोरा सञ्जय विक्रम राणा
तथा
परिवार
धापासी, काठमाडौं



समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
विजयादशमी एवम् शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ–कामना
व्यक्त गर्दछौं ।

रानी जय प्रकाश शमशेर ज.ब.रा.
बबरमहल, काठमाडौं

# नायब प्रमुख कार्यकारी अधिकृत श्रीमती अनुपमा (राणा)खुजेलीज्यू सँगको अन्तर्वार्ता

**बद्री नरसिंह राणाका सन्तती शाम्भ नरसिंह राणाको नातिनी पूर्व सचिव अकुर नरसिंह राणा र मुमा ओपल राणाको कान्छी छोरीको रूपमा ठमेल नरसिंह क्याम्पमा सन् १९७० को दशकमा जन्म लिनु भएको अनुपमा राणा बैकिङ्ग क्षेत्रमा एक सुपरीचित व्यक्तित्व हुनुहुन्छ । पुर्ख्यौली थलो ठमेल छोडी बुवा मुमा र दाजु अभिनव नरसिंह राणासँग महाराजगञ्ज बस्दै आउनु भएको उहाँले St.Mary's High School बाट SLC सकि +२ Delhi को CSKM पब्लिक स्कुलमा अध्ययन सकि शंकरदेव क्याम्पसबाट B.com सक्नु भई Ace Institute सिनामंगलबाट MBA गर्नु भएको छ । नेपाली सेनाका म.से. डा. रविन्द्र खुजेलीसँग बैवाहिक सम्बन्धमा गासिनु भएकी उहाँका एक छोरी स्वस्तीका खुजेली हाल उच्च शिक्षा हासिलका लागि विदेशमा रहेको बताउने उहाँले आफ्नो बैकिङ्ग करियर सन् १९९१ बाट टेलरको रूपमा सुरू गरि हाल मेघा बैंकको Deputy CEO को रूपमा कार्य गर्दै होइबक्सन्छ । उहाँ सँग उहाँकै अफिसमा पाञ्चायन स्मारिकाको लागि लिइएको अन्तर्वार्ताको सार संक्षेप ।**

**१. हजुरको बुवा मुमाको नाम के हो र हजुरको बुवा मुमा के गरि बक्सन्छ ?**
☞बुवा अकुर नरसिंह राणा पूर्व कृषि सचिव (Retd) मुमा ओपल राणा (गृहिणी) होइसिन्छ ।

**२. हजुरको जन्म कहिले र कहाँ भएको हो, हजुरको विवाह को सँग कहिले भयो र हजुरको सन्तान कति छन् र के के गर्दै छन् ?**
☞मेरो जन्म सन् १९७० नोभेम्बर १४ मा ठमेलमा भएको हो र विवाह २०५० साल मा म.से. डा. रविन्द्र खुजेली सँग भयो । हाम्रो एक छोरी छिन् उनी विदेशमा पढ्दै छिन् ।

**३. हजुरको दाजुभाई तथा दिदी बहिनी कति जना होइ बक्सन्छ तथा उहाँहरू के के गर्दै छन् ?**
☞मेरो दाजु एक जना अभिनव नरसिंह राणा होइबक्सिन्छ र उहाँ होटल व्यवसायमा संलग्न होइबक्सन्छ । एक दिदी आराधना राणा पहिल्यै नै स्वर्गीय होइबक्सियो ।

**४. हजुरले प्रारम्भिक शिक्षा देखि उच्च शिक्षासम्म कहाँ कहाँ लिई बक्सियो ?**
☞पहिले एस.एल.सी. St.Mary's High School जावलाखेल बाट गरें । +२ Delhi को CSKM पब्लिक स्कुलबाट गरें र B.com शंकरदेव क्याम्पसबाट सकि Ace Institute सिनामंगलबाट MBA सकाए ।

**५. हजुरको श्रीमान के गरी बक्सन्छ ?**
☞मेरो श्रीमान नेपाली सेनामा म.से. डाक्टर होइसिन्छ । उहाँ फोक्सो रोग विशेषज्ञ होइबक्सिन्छ र प्राइभेट प्राक्टिस पनि गरिबक्सिन्छ ।

**६. हजुरले जागिरको शुरूवात कहिले र कहाँबाट गरी बक्सियो ?**
☞मैले सन् १९९१ मा ग्राजुएसन सकिए पछि त्यो बेलाको नेपाल ग्रीनलेज बैंक अहिलेको स्टाण्डर्ड चार्टर बैंकमा टेलर पदबाट जागिर सुरू गरेको हो ।

**७. हजुर कहिलेदेखि Deputy CEO होइबक्स्यो ?**
☞म २०७३ कात्तिकदेखि मेघा बैंकमा Deputy CEO भै कार्य सुरू गरें ।

**८. Deputy CEO भै कार्य गर्दा र त्यो भन्दा तल्लो Level मा कार्य गर्दा हजुरले के भिन्नता पाई बक्स्यो ?**
☞इन्टायर बैंकको विजनेस अपरेसन हेर्नुपर्छ सिइओ पछिको दोश्रो व्यक्तिको रूपमा कार्य गर्दा ओभरल जिम्मेवारी बहन गर्नु पर्छ १३ बर्ष स्ट्याण्डर्ड चार्टरमा, ६ बर्ष नविल बैंकमा काम गरे पछि २०१० मा डि.जि.एम.को



रूपमा मेगा बैंकमा आइपुगे । नविल बैंकमा हेड अफ ग्लोबल मार्केट र इन्भेष्ट बैङ्किङ्ग हेरे । SCB मा Head of Global Markets हेर्थे ।

**९. हजुरले Assistant Level बाट Grindlays Bank मा Join गरी विभिन्न बैंकहरूमा कार्यरत हुँदै छोड्दै हाल मेगा बैंकमा कार्यरत भै बक्सेको छ यसरी कार्यरत हुँदै छोड्दै गर्नुको खास कारण केही छ की ?**
☞मुख्य कुरा Think out of the box सोच्नुपर्छ र चुनौतीलाई

स्वीकार्नु पर्छ । अन्तर्राष्ट्रिय बैंकिङ्गमा प्रोसेसर्स र स्थानीय बैंकको चुनौती र अन्य तलव स्तर राम्रो हुने र बढुवा आदिमा सहयोग पुग्ने, क्यारीयर ग्रोथमा सहयोग पुग्ने, अन्तराष्ट्रिय फ्रेम वर्कमा बसेर काम गरेको अनुभव स्थानीयमा बाँड्न सहयोग पुग्ने । बैंकिङ्ग क्षेत्रको आर्थिक विकासमा आफुले जानेको सिकेको अनुभव पर अभ्यासलाई सदुपयोग गर्न सकिने पनि भयो । यहाँ मेगा बैंकमा १२१९ जना प्रमोटरहरू हुनुहुन्छ र १ लाख ३० हजार सेयर होल्डरहरू रहनु भएको छ र ७३ जिल्लामा यसका शाखाहरू फैलिएका छन् । बैंकको आम्दानी नेपालमै रहने हुँदा यसका सम्पूर्ण सेयर होल्डर र प्रमोटरहरू स्थानीय नेपालीहरू नै रहेको हुँदा यस बैंक प्रति मेरो आकर्षण बढेको हो ।

**१०. हजुरको जीवनमा दुःख का क्षण र सुखका क्षणहरूबारे केही बताइबक्सन्छ की ?**
☞आफु भन्दा ठूलो दिदीको २१ बर्षको उमेर मै स्वर्गीय हुँदा सारै दुःख लागेको छ भने मेरो छोरीको पढाइको सफलतालाई देख्दा खुशी लागेको छ । साथै आफ्नो बैंकिङ्ग करियरमा मिलेको सफलता र एक महिलाको नाताले समग्र महिलालाई बैंकिङ्ग क्षेत्रको कार्य सुरक्षित, इज्जतदार र चुनौतीपूर्ण रहेको बताउन चाहान्छु ।

**११. पाञ्चायनले यस प्रकारको सम्मान कार्य गरेकोमा हजुरको प्रतिक्रिया केही छ की ?**
☞म के भन्छु भने यो चाहिँ एक दमै राम्रो प्रयास भएको छ । आफ्नु सन्तानको बारे जानपहिचान बढाएको छ । भावी पुस्ताले पनि आफ्ना पूर्वजहरूको योगदान र देन बारे जानकार हुन पाएका छन् । यस्तो कार्य निरन्तर गर्नुपर्छ । भावी सन्तानलाई असल शिक्षा र सन्देश दिन सके हाम्रो लिग्यासी चिरकालसम्म रही रहन्छ ।

**१२. हजुर बैंकमा कार्यरत हुनु देखि बाहेक कुनै सामाजिक सेवामा पनि हजुरको लगाव छ की ?**
☞खासै त्यस्तो त छैन तर कर्पोरेट सोसियल रेस्पन्सिबिलिटी अन्तर्गत पवित्र समाज असहाय र बृद्ध र महिला शिक्षालाई सहयोग गरिरहेका छौ ।

**१३. हजुरको दाम्पत्य जीवन तथा सेवारत जीवनलाई कसरी समन्वय गरी बक्सन्छ ?**
☞स्वास्नी मान्छेको संस्कृति परिवेश परिवर्तन हुन्छ । एक संस्कृती र संस्कारमा जन्मेर फरक संस्कृति र परिवारमा गएर एड्जस्ट हुनुपर्ने हुँदा नयाँ परिवेशमा अभ्यस्त नहुँदासम्म अफ्ठ्यारोनै हूँदो रहेछ । लामो समय जागिरमा पनि दिनु पर्ने र घर परिवारलाई पनि दिनु पर्ने हुँदा महिलालाई गाह्रै छ । काममा ध्यान दिनुपर्ने हुँदा घर परिवारको पूर्ण सहयोग बिना असम्भव हुन्छ ।

**१४. हजुरको जीवनमा कुनै सोखहरू छ की ?**
☞मेरो सोख भनेको खेल प्रति थियो । स्कुल पढ्दा मैले टेनिस, ब्याडमिन्टन, स्वीमिङ्ग, वास्केटवल खेल्ने गर्थे । हाल भने विदामा ट्रेकिङ्ग, हाइकिङ्ग जाने गर्छु । मलाई प्राकृतिक दृश्यहरू सुन्दर लाग्छ ।

**१५. हजुरले विहान बेलुका कस्तो खाना खान रूचाई बक्सन्छ ?**
☞मलाई नेपाली खाना मन पर्छ । दाल, भात, तरकारी, खसीको मासुको रस, गोलभैँडाको अचार मन पर्छ अफिसमा समेत घर बाट नै टिफिनमा हालेर लिएर आउँछु ।

**१६. अन्त्यमा नयाँ पिढीलाई केही सन्देश छ की ?**
☞हजुर ! नयाँ पिढीलाई म के भन्न चाहान्छु भने आफ्नो जिन्दगीको लक्ष्य आफै कोर्नु पर्दछ । राम्रो नराम्रो कार्य आफै छुट्याउनु पर्दछ । आफ्नो काममा खुशी भएर काम गर्दा सफल भइन्छ । विदेश नै जानु पर्छ भन्ने छैन स्वदेश मै कार्य गर्न सकिन्छ । अवसर र मेहनत बाट मानिस सफल बन्न सकिन्छ ।

◆◆◆


**समस्त**
**राणा तथा कुँवर परिवारमा**
**२०७४ सालको विजयादशमी एवं शुभ दिपावलीको**
**पावन अवसरमा हार्दिक मंगलमय शुभ-कामना**
**व्यक्त गर्दछौं ।**

डा. रत्न शमशेर ज.ब.रा.
श्रीमती माधुरी राणा
डा. मित्र शमशेर ज.ब.राणा
श्रीमती डा. स्मृति राणा

**श्री कृपाबासु २०९ नारायणचौर मार्ग**
**नक्साल**



# विजयादशमी
# एवं
# शुभ दीपावली
# २०७४ सालको पावन अवसरमा
# सम्पूर्ण नेपालीहरुमा
# हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

**विनोद शमशेर ज.ब.रा.**

**महामहिम राजदुत तथा पूर्व राज्यमन्त्री**

**श्रीमती प्रतिभा राणा**

**परिवार**

**जावलाखेल, ललितपुर**



# समस्त
# राणा तथा कुँवर परिवारहरुमा
# २०७४ सालको
# विजयादशमी एवं शुभ दीपावलीको
# पावन अवसरमा
# हार्दिक मंगलमय शुभ-कामना
# व्यक्त गर्दछु ।

**रानी आशा राणा**
**(स्व. सत्चित शमशेर ज.ब.रा.)**
**छोरा सदय शमशेर ज.ब.रा.**
**बुहारी पूजा शाह राणा**
**नाती सर्वोदय शमशेर ज.ब.रा.**
**नातिनी प्रेरणा राज्यलक्ष्मी राणा**
**फोहरा दरबार**

सम्पूर्ण
राणा तथा कुँवर
परिवारहरुमा
२०७४ सालको
विजयादशमी एवं शुभ दीपावलीको
पावन
अवसरमा हार्दिक मंगलमय
शुभ–कामना
व्यक्त गर्दछौं ।

रामचन्द्र निजी गुठी तहबिल कार्यालय परिवार
बत्तिसपुतली, काठमाडौं

# नेपाल एकीकरणको दाहिने हात : सरदार रामकृष्ण कुँवर

.............प्रा.डा. राजाराम उपाध्याय सुवेदी

दाहिने हात भन्नाले मुख्य सहायकको प्रतीकको रूपमा बुझिन्छ । नेपाल एकीकरण भन्नाले वर्तमान नेपालको स्वरूप देखाउने बडामहाराजाधिराज पृथ्वीनारायण शाहकालीन नेपाललाई विश्रृङ्खलित रूपबाट गोरखाराजघरानाको छत्रमुनी पार्ने अभियान भन्ने बुझिन्छ । ऐतिहासिक पुरूषहरूको पुरूषार्थबाट देशको उन्नति हुन्छ । लिच्छविकालीन राजा मानदेवका दाहिने हात आफ्नै मामा थिए । राजा शिवदेवका दाहिने हात महासामन्त अंशुवर्मा थिए । राजा जयस्थिति मल्लका दाहिने हात प्रधान अमात्य जयत वर्मा थिए । राजा लक्ष्मीनरसिंहका दाहिने हात काजी भीम मल्ल थिए । राजा पृथ्वीनारायण शाहका दाहिने हात काजी कालू पाँडे थिए । वडाकाजी अमरसिंह थापाका दाहिने हात सरदार कप्तान वीर भक्ति थापा थिए । राजा गीर्वाणयुद्ध विक्रम शाहका दाहिने हात मुख्तियार जनरल भीमसेन थापा थिए । मुख्तियार भीमसेन थापाका दाहिने हात जनरल माथवरसिंह थापा थिए । प्रधानमन्त्री जङ्गबहादुरका दाहिने हात कान्छा भाइ धीरशम्शेर कुँवर थिए । यसबाट दाहिने हातको महत्व गरिमा र महिमा स्पष्ट बुझ्न सजिलो पर्छ । यहाँ हामीले नेपाल एकीकरणको दाहिने हात भएका सरदार रामकृष्ण कुँवरका बारेमा उनको योगदान र कर्तव्यपरायणको सप्रमाण विवेचना गर्ने छौं । गोरखा राज्यको लोकप्रिय काजी कालूपाँडेले लमजुङ्गराज्यसँग लाखबिसीको सन्धि गराउने सफल्ता पाएपछि वि.सं. १८०१ मा नुवाकोटमाथि आक्रमण गर्दा काजी कालू पाँडे दलमुखी बनाइए । त्यहाँ शंखमणि रानामगर मारिएको र जयन्त रानामगर कान्तिपुरबाट बेलकोट फर्केको थाहा पाएर हठात पृथ्वीनारायण शाहले त्यही आक्रमण गर्न फौज पठाए जो अपर्याप्त थियो । त्यो स्थिति बुझी काजी कालूपाँडेले आफ्नो मातहतको फौज पनि लिई थप मद्दत नगरेका भए त्यहाँ पराजय हुन्थ्यो । त्यो कार्यबाट कालूपाँडेसँग पृथ्वीनारायण शाह साह्रै प्रभावित भए । युद्धका कुरामा आँफूभन्दा कालू पाँडे कुशल रहेको कुरा पृथ्वीनारायण शाहले महशुस गरेका थिए । पृथ्वीनारायण शाहको उद्देश्य कान्तिपुरमाथि विजय गर्नु थियो, जसका निम्ति सामरिक महत्वको ठाउँ कीर्तिपुरलाई अधिकार गर्न अपरिहार्य ठानिएको थियो । त्यही ठानेर पृथ्वीनारायण शाहले कीर्तिपुरमाथि आक्रमण गर्ने योजना एक्लै बनाए । ज्योतिषहरूले आक्रमण गर्दा शुभ हुन गाह्रो पर्ने सल्लाह दिए । काजी कालू पाँडेले पनि त्यहाँ आक्रमण गर्ने अवस्था आइनसकेको सल्लाह दिए । पृथ्वीनारायण शाहले काजी कालू पाँडेलाई मर्न डर लागेर त्यस्तो सल्लाह दिएको भन्ने आरोपा लगाई दिएकाले आफ्ना छोराहरूलाई राजा जिम्मा लगाई कीर्तिपुर हान्न अग्रसर भए । उता तीनशहरको शक्ति एकढिक्का भई किर्तिपुरको सुरक्षार्थ बल्खु खोलाको छेउमा तैनाथ थियो । त्यहाँ गोरकाली आक्रमण गर्दा घमाशान युद्धमा काटाकाट मारामार चल्यो । गोरखाातर्फको धेरै योद्धा काटिए र कालूपाँडे घेराउमा परेर काटिए । वि.सं. १८१४ को कीर्तिपुरको युद्धमा गोरखाको पराजय भयो र कालूपाँडे जस्ता योग्य काजी गुमाउँदा पृथ्वीनारायण शाहलाई दाहिने हात गुमेजस्तो भयो । काजी कालूपाँडेले कीर्तिपुरमा वीरगति पाए पछि उनको क्षतिलाई आपूर्ति गर्ने सवल, सक्षम व्यक्तिको खोजि भएरहेको थियो । पृथ्वीनारायण शाह काजी कालूपाँडेको अभावमा झोक्राई बसेको बेलाबखतमा जेठाबूढा रामकृष्ण कुँवर अगाडि बढेर गोरखाले कीर्तिपुरमाथि मात्र आँखा गाढ्दा उपत्यकाका तीनवटै राज्य एक गठ हुने भएकाले त्यसो नगरी उपत्यकालाई चारैतिरबाट घेर्न र शक्ति तितरबितर पार्न चारैतिरका सातवटै नाकाहरू गोरखाले कब्जा गर्नुपर्ने योजना प्रस्तुत गरे । त्यो योजना पृथ्वीनारायण शाहलाई मन परेकोले भारदारीमा छलफल गरी एकमत गरियो । त्यसपछि उपत्यकामाथि नाकाबन्दी गर्ने अभियान शुरू भएको थियो । जसको आरम्भ शिवपुरीबाट भयो ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने प्रेरणा आफ्नी ठूली महातारी चन्द्रप्रभाबाट, मामा उद्योत सेनबाट, आफ्ना भारदारहरूबाट र राजा नरभूपाल शाह नुवाकोटको युद्धमा उपत्यकाको संयुक्त सेनाबाट पराजित भई विक्षिप्त हुन गएको र बाबुको इच्छा पुरा गर्ने छोरो हुन खोज्दा, मिल्न गएको बुझिन्छ । शुरूका दिनमा पाल्पाका राजाले अवध र दिल्लीका शासकहरूबाट अंग्रेजी शक्तिले भारतबर्षलाई निल्दै गरेको र त्यसबाट ठूलादेखि साना राज्य, रियासतहरूलाई पनि धक्का पर्ने भएको हुँदा ससाना राज्यको संयुक्त सैनिक शक्ति तयार पार्ने काममा भारतीय रजवाडाहरू चुकेको र त्यसो गरेरै अंग्रेज (फिरंगी) शक्तिलाई परास्त गर्न सकिने शिक्षा पाल्पाली (मावली) सेन राजाहरूबाट पाएका थिए । त्यसै मन्त्रलाई प्रयोग गर्दै काशीतिर गएका बेलामा डोटी, जाजरकोट र भीरकोटका राजाहरूसँग सल्लाह, सम्झौता र धर्मसन्धि समेत भइसकेको थियो । त्यसै अभियानलाई पक्का गर्न गोरखाको नेतृत्वमा अंग्रेजसँग सामना गर्ने संयुक्त सैन्य तयार पार्ने पत्राचार गर्दा धेरै जस्तो बाइसी चौबीसी राज्यका राजाहरूले त्यसको विरोध गरे । आफ्नो समसामयिक प्रस्तावलाई सख्त विरोध गरेकाले पृथ्वीनारायण शाहले सैनिक शक्तिद्वारा एकीकरणको अभियान चालु गरेका थिए ।

मुसलमानी आक्रमण खैवरघाँटीदेखि सारा दक्षिणपूर्व एसियामा भएको बेलामा चितौरगढका राजा तत्ता राणाका भतिजा फतहसिंहका छोरा रामसिंह राणाले राज्यच्यूतपछि आफन्तसाथ उत्तरपहाडतिर लागे । उनले बगाले क्षेत्रीकी कन्या विवाह गरे । वि.सं. १४६१ देखि जुम्लामा कल्यालवंशी राजाहरले राज्य स्थापना गरे । त्यही राज्इमा रामसिंह थिए । उनका ६ वटा छोराहरू पछि योद्धा भए । जुम्ला र सचहुँकोटे राजाको बीच युद्ध हुँदा रामसिंहका एक छोरा बडो बहादुर भएबाट कुँवर खड्काको पदवी पाए । त्यसपछि उनी चितौरगढतिर गएका फर्केर आएनन् । उनका छोरा रत्नजीत भए जसका एक छोरा अहिराम कुँवर प्यूठान र त्यतैबाट कास्की राज्यमा पुगे । उनी कुँवर खड्का गाउँमा बस्ने र ढुँगेसाँघू भन्ने ठाउँमा विर्ता लिई राजकीय सेवामा लागे । अहिराम कुँवरकी तारादेवी नामकी सुकन्यालाई कास्कीका राजाले दियो, कलश मात्र पुजी भित्र्याउन खोज्दा कुँवर परिवार त्यहाँबाट लमजुङ्गतिर लाग्यो । राज्य लमजुङ्गमा पनि उनी बस्ने वातावरण नदेखि गोरखातिर लागे । गोरखाका राजा नरभूपाल शाहले उनलाई कुँवरखोला भन्ने ठाउँमा बसौविर्ता गरिदिए । उनै अहिराम कुँवरका जेठा छोरा रामकृष्ण कुँवर १४ बर्षबाटै जागिरे भई बालाजु माथिको

टुक्रेपानी, धर्मस्थलीको ढिस्कोमा देवी मन्दिर र सानो किल्ला निर्माण गरे ।

रामकृष्ण कुँवरको जन्म वि.सं. १७६८ मा कास्की राज्यको ढुङ्गेसाघुमा भई कास्की राज्यमा सामान्य शास्त्रविधा आर्जन गरेका थिए। गोरखा बस्न थाले पछि वि.सं. १७९१ मा बाबुको मृत्युले उनलाई पारिवारीक व्यवहारले छोप्न थाल्यो। वि.सं. १८०० मा रामकृष्ण कुँवरलाई जेठोबुढो भन्ने मान मिल्यो । गोरखाका राजा पृथ्वीनारायण शाहसँग भक्तपुर दरबारमा बस्दा अङ्गरक्षक भई गएकाले त्यो बुझेका भक्तपुरका राजा रणजीत मल्लले वि.सं. १८१३ मा "गोरखा र भादगाउँ एक घर हौं" भनी पत्र लेखेका थिए । वि.सं. १८१४ मा कीर्तिपुरको युद्धमा काजीकालू पाँडेले वीरगति पाएपछि रामकृष्ण कुँवरको जिम्मेवारी थपिन थाल्यो। वि.सं. १८१६ मा बाघभीमसिंह थापाको नेतृत्वमा पलाञ्चोकमा युद्ध हुँदा उनले वीरगति पाए र नेतृत्वको जिम्मा रामकृष्ण कुँवरलाई मिल्यो। उनले पलाञ्चोकलाई जितेरै छोडे। त्यसपछि उनलाई त्यही क्षेत्रको तैनाथवाला बनाउँदा १५ बर्षसम्म बसे। काठमाडौं उपत्यकालाई नाकाबन्दी गराउँदा उनलाई उत्तर र पूर्वीभागको जिम्मा मिलेको थियो। मकवानपुर विजय पछि मुसलमानी सेनाको आक्रमण, पनौती र बनेपा कब्जा, कीर्तिपुरमाथि दोश्रो आक्रमणमा रामकृष्ण कुँवर युद्धमा सहभागी थिए। कीर्तिपुरमाथि अन्तिम आक्रमण १८२२ का योजनाकार उनै थिए। १८२४ को सिन्धुलीको अंग्रेजी आक्रमणमा बंशु गुरूङ र रामकृष्ण कुँवर दलमुखी र वंशराज पौडेललाई सैन्य परिचालनको जिम्मा दिँदा अंग्रेजी सेनालाई यत्नसाथ ध्वस्तपारी धपाइदिएका थिए। वि. सं. १८२५ को आश्विन १३ मा कान्तिपुरी आक्रमणमा रामकृष्ण कुँवर र उनका भाइ जयकृष्ण कुँवरले ठूलो वीरता प्रदर्शन गरे। वि.सं. १८२६ मार्गमा भादगाउँमा आक्रमण गरी तीनवटै मल्ल राजाहरूको चित्त प्रशन्न गराएपछि राजा पृथ्वीनारायण शाहले आफ्ना भारदारहरूलाई इच्छादान दिने निर्णय गरे। रामकृष्ण कुँवरलाई सोधेको बेला आर्यघाटको बाग्मती पुल बनाई पशुपति देखि गुह्येश्वरीसम्म पुग्ने बाटोमा ढुंगा बिछ्याउने आदेश मागें। त्यो माग निश्वार्थ हुनाले पृथ्वीनारायण शाहले भक्तपुरे राजाका मठ्याहा (बिटुला) छोरा अवधूतसिंहको २६३ रोपनी जफती विर्तास्वरूप पाएका थिए । तर त्यो जमिनसहित थप ६७०० रूपैयाँ श्री पशुपतिको गुठ राखिदिए । त्यसै आम्दानीबाट मृगस्थलीस्थित जयकृष्णेश्वर शिवपुजा चल्यो ।

जेठाबूढा रामकृष्ण कुँवरलाई नेपालको एकीकरणमा राम्रो योगदान दिएका हुनाले सरदारको पदवी र त्यही कदरको खान्गी (सुविधा) दिएका राजा पृथ्वीनारायण शाहले कालूपाँडेको वीरगतिपछि उनै माथि भरोसा राखेका थिए। नेपालको पूर्वी एकीकरण गर्दा सरदार रामकृष्ण कुँवरलाई गहन जिम्मेवारी दिइएको थियो। राजा पृथ्वीनारायण शाहले गोरखा राज्यको नेतृत्वमा मकवानपुर, उदयपुर, चौदण्डी, चौकोट, धुलिखेल, दोलखा, चरिकोटलाई एकीकरण गर्दा त्यताका शासक, प्रशासक र भारदारहरू भारततिर विभिन्न ठाउँमा शरण लिन पुगेका थिए । सेनवंशका राजाका भारदार किराँत, राई, लिम्बूहरू पनि पलायन गरेका थिए । ती मध्ये नरसिंह राई, दल राई, महेन्द्रसिंह राई, थारू, दनुवार, थाकल, थोकल, पुनेल, ठिनेल आदि पहाडमा अनि थारू, दनुवार, मेचे, कोचे, धिमाल तराईमा बस्दथे। बसाइकै क्रममा किराँतहरू असमतिर जाने आउने मुर्मी, शेर्पा, तामाङ, इमेपा, लेप्चा विब्बेतबाट ब्रह्मपुत्रको तटवर्ति क्षेत्रबाट बसाई सर्दै धेरै पछि पूर्वी नेपालमा बसोबास गरेका हुन्। नेपालको एकीकरण अभियानमा पूर्वी नेपाललाई समाहित गर्दा पहाडको बाटो र तराइको बाटो गरी सेना अगाडि बढेको थियो ।

पहाडको बाटो पूर्वीतिर हाँनिदा चौदण्डीको राजधानी अमरपुर भावरमा पर्ने र त्यसै भेकमा उदयपुर गढीमा मगरहरू रक्षक थिए। त्यसको उत्तरतिर माझकिराँत पर्दथ्यो। खम्बूहरू र खसक्षेत्री ब्राह्मणहरू त्यहाँका बासिन्दा थिए । पृथ्वीनारायण शाहले बाङग्या बस्न्यातलाई त्यता पठाई खसहरूको एकत्व गरे । खार्पा गाउँमा बस्ने हरिनन्द पोखरेल (दूध) नेपालको पक्षमा आउँदा त्यहाँ अनुकूल वातावरण बन्दै गयो । तर खुम्बुका योद्धा चौकीमा तैनाथ हुँदा गोरखालीलाई छल्ल गाह्रो पर्थ्यो । नेपाली सेनाको नेतृत्व दुई सरदार रामकृष्ण कुँवर र बडा अमरसिंह थापा सेनासहित दूधकोशी तर्न हरिनन्द र त्रिलोचन पोखरेलले मद्दत गरे। चौदण्डी राज्य नेपालको अधिनमा पर्यो। रामकृष्ण कुँवरले खुम्बुहरूलाई हात लिने प्रयत्न गर्दा नमानेकाले पृथ्वीनारायण शाहले सुवेदार शिवनारायण खत्रीको नेतृत्वमा थप सैनिक पठाए । रावाखोलाको चतिम राय र पामाखामको अटलरायबीच नेपाली सेनाको युद्ध चल्यो र नेपालको विजय भयो । सारा माझ किराँत प्रदेश नेपालको अधिनमा आयो। तराईको सप्तरी क्षेत्र चौदण्डी राज्य अन्तर्गत पर्थ्यो र विजयपुर राज्यको राजधानी विजयपुर गढीमा रहेको थियो । त्यहाँका प्रधानमन्त्री बुद्धिकर्ण रायले राजा कामदत्त सेनको हत्या गरिदिए । पार्थ भण्डारी र अभिमानसिंह बस्न्यातको सैनिक अभियानले ती क्षेत्रलाई अधिकार गरे। चौदण्डी राजा कर्णसेन भागेर विजयपुर पुगेर त्यहाँका राजा भए ।

विजयपुर राज्यमा राजा र मन्त्रीहरूको कलह भएको मौका पारी सिक्किमको सेनाले इलामको आइतबारेमाथि कब्जा गरिदियो। त्यसैबेला नेपाली सेना त्यता पुग्दा लिम्बूहरूले गोरखालीको समर्थन गरे । रामकृष्ण कुँवर भोजपुरको दिङ्लाबाट सोझै चैनपुर पुगे । उता अभिमानसिंह बस्न्यातले हात्तिको मद्दतबाट कोशी तरी राज्य विजयपुरमाथि आक्रमण गरिदिए । राजा कर्णसेन र मन्त्री बुद्धिकर्ण सिक्किमतिर लाग्न बाध्य भए। विजयपुर अधिकार भए पछि इस्लिम्बा र च्याङथाप्रसंमका सुब्बाहरूले नेपाली सेनालाई स्वागत गरे। सिक्किमले इलाम छोडीदिएकाले टिष्टानदीसम्म नै नेपालको पूर्वीभाग ठोक्किन पुग्यो। सरदार रामकृष्ण कुँवरले नेपालको पूर्वीभाग मात्र एकीकरण नगरी पश्चिमी भागलाई पनि अधिकार गरेका थिए। तर पृथ्वीनारायण शाहको जीवनकाल भर पश्चिमी भू-भाग एकीकरण हुन पाईरहेको थिएन ।

गोरखाली सेना पूर्वतर्फ बढेको चाल पाएर त्यहाँका बासिन्दामा गोरखालीहरूप्रति सकारात्मक भावना बढेको थियो। सर्दार रामकृष्ण कुँवर र सर्दार अमरसिंह थापा माझ किराँत पस्दा खासै कडायुद्ध मोल्नु परेन र साँघुरीगढीसम्म गोरखाली पुग्न सफल भयो । त्यही बेला लिम्बू सुब्बाहरूले सर्दार रामकृष्ण कुँवरलाई चैनपुरमा स्वागतार्थ बोलाए । त्यहाँ पुगी उनले लिम्बू सुब्बाहरूसँग मित्रता गरी नेपालको एकीकरणपछि पनि उनीहरूको स्थानीय प्रशासन यथास्थितिमा रहने विस्वास दिलाए। पलाञ्चोकको युद्धदेखि च्याङधापु पुग्दासम्म सरदार रामकृष्ण कुँवरले धेरै मोर्चाका युद्धमा विजय हाँसिल गरे । त्यस्तो योगदानबाट पृथ्वीनारायण शाह प्रसन्न भई उनलाई के पुरस्कार दिने भनी सोध्दा "गुह्यश्वरीबाट पशुपति आर्यघाटसम्म जाने बाटोमा ढुंगाका छपनी विछ्याउन पाउँ" भनी माग गरे। त्यसरी निस्वार्थ माग गरेका हुनाले राजा पृथ्वीनारायण शाह अति प्रसन्न भए । त्यही रिझवापत् रामकृष्ण कुँवरले २२ जोर शिरपाउका साथै सरदारी मान खान्गी पाएका थिए । उनैको सिफारिसमा खार्पाली हरिनन्द पोखरेलका ११,०५१ ।– सापटी तिरी प्रसस्त विर्ता दिलाएका थिए ।

वडामहाराजधिराज पृथ्वीनारायण शाहको ५२ बर्षकै कनिष्ठ प्रौढावस्थामा देहान्तपछि जेठा राजकुमार प्रतापसिंह शाह गद्धीनसिन भए। काकाहरूको लहेलहैमा राज्यविखण्डन गर्ने षड्यन्त्रमा सामेल

भएको आरोपमा परेका कान्छा कुमार बहादुर शाह कैदबाट निर्वाशित भई बेतिया पुगे । उनलाई अंग्रेजहरूले गोरखालीका बागी ठानी आफ्नो योजना बताउँथे । उनीहरूको आँखा चितवनमाथि परेको र त्यतैबाट मर्स्याङदी छिरी तिब्बेत व्यापार गर्ने योजना बनाइरहेकामा बहादुर शाहले गोप्यपत्र लेखी अविलम्व चित्तवन दखल गर्नुपर्ने सूचना दिए । तदनुसार बख्सी अभिमानसिंहको नेतृत्वमा सेना पठाई उपर्दाङगढी जुटपानीमा किल्ला थापे, जसको रेखदेख गर्ने जिम्मा सरदार रामकृष्ण कुँवर र पारथ भण्डारीलाई दिइयो । उनीहरूले त्यस क्षेत्रको सतर्कताका साथ सुरक्षा प्रदान गरे । तर वि.सं. १८३६ तिर त्यहाँ चौविसीहरूको आक्रमण भयो , घमासान युद्धमा धेरै हताहत भए । अन्त्यमा नेपालको विजय भयो र नारायणी नदी पश्चिमको शिवराज, खजहनी, परासी, नबलपुर नेपाली सेनाले दखल गर्यो । पछि १८१४ मा त्यही कचिङगलले नेपाल र इष्ट इण्डिया कम्पनीबीच युद्ध चल्यो । नवलपरासी, कपिलबस्तु, रूपन्देही जस्ता महत्वपूर्ण ठाउँहरू नेपालको कब्जामा आएकाले त्यस ठाउँको रेखदेख शान्ति सुरक्षा, शासनप्रशासनको जिम्मा सरदार रामकृष्ण कुँवरलाई दिइयो ।

वि.सं. १८३० मा पशुपतिदेखि गुह्येश्वरीसम्म ढुंगा विछ्याउने अनुमति पाएका सरदार रामकृष्ण कुँवरले सोही बाटोको छेउमा मृगस्थलीको बाटोमा श्री कामकृष्णेश्वर मन्दिर वि.सं. १८३७ माघ शुक्लपक्षको मञ्चमी बृहस्पतिबारका दिन राजा रणबहादुर शाहका नाउको ताम्रपत्र गराई रामकृष्ण कुँवर र यिनका भाइ जयकृष्ण कुँवरका नाउमा ब्राह्मण र अन्य भिक्षुक (माग्ने) हरूलाई प्रतिदिन सिदा, अन्नदान दिनका लागि र श्री शिवको नित्यपुजार्थ, बाटोका पाटी पौवा धर्मशाला समेत निर्माण गरिएको र ती सम्पदाहरूको संरक्षणार्थ तथा ब्राह्मणहरूलाई अक्षय दान (जमिनदार) दिनका लागि पनि भक्तपुरका राजा रणजीत मलकी भित्रैनीपट्टीका मठ्याहा पुत्र अवधूतसिंहको रू. ६७०१ ।– पर्ने घरवारी रोपनी ५० र २२१ रोपनीको बगैँचा र धानखेत समेत सो शिवालयलाई अर्पण गरिएको पाइन्छ । उक्त ताम्रपत्र अभिलेखमा जम्मा २८ पंक्ति छन् र ५ पंक्तिसम्म राजाको प्रशस्ति/विरूदसहित उक्त शिवालयको स्थान, ब्राह्मण भोजन, अन्नदान, भूदान, धर्मशाला संरक्षणको वर्णन छ । त्यसपछि नेपाली भाषामा सरदार रामकृष्ण कुँवर र जयकृष्ण कुँवरले महाब्राह्मणादि षट्दर्शनशास्त्रीलाई दिन र सदावर्तदान दिन शिवालयको नित्यपूजा गर्नु भन्ने गरी जमिनको विवरण तोकिएको पाइन्छ । त्यसरी दान गरेको गुठी राखेको जमिनलाई निजका सन्तानदरसन्तानले हरण नगर्नु, बेचेर नखानु, सदावर्त अक्षुण राख्नु भनी बाटो बिग्रेमा, धर्मशाला विग्रे भत्केमा बनाउनु भन्ने व्यहोरा उल्लेख गरिएको छ । सो अभिलेखको अन्त्यमा नीतिशास्त्रको श्लोक उत्कीर्ण गरिएको छ । प्रस्तुत अभिलेख गुठी संस्थान, केन्द्रीय कार्यालय, गुठीलगत तथा तहवील कार्यालयमा रहेको छ र वि.सं. २०५६ मा डा. गोविन्द टण्डनबाट प्रकाशित पनि गरिएको छ । उहाँको अनुमति फोनबाट लिएर मूलपाठ परिशिष्ठमा छाप्ने कुरा पनि भए अनुसार यस निवन्धको परिशिष्ठमा ताम्रपत्रको मुलपाठ दिइएको हो ।

सरदार रामकृष्ण कुँवर वि.सं. १८४२ देखि नेपालको पश्चिम विजय अभियान बहादुर शाहको नायवीकालमा पृथ्वीनारायण शाहकालीन भारदारहरूबाट अगाडि बढ्यो । फलस्वरूप तीनगुना बढी क्षेत्रफलमा नेपाल विस्तृत भई बृहत नेपालको स्वरूप बन्दै जान थालेको थियो । त्यसरी नेपालको पूर्व तथा पश्चिमतिरको एकीकरण कार्यमा पनि सरदार रामकृष्ण कुँवरको विशिष्ठ योगदान देखिन्छ । वि.सं. १८४३ मा प्यूठान राज्य नेपालमा सम्मिलित भएपछि त्यस गण्डकी प्रस्रवणक्षेत्रका बाइस खानीलाई सक्रिय गराएर नेपाली सेनालाई चाहिने हातहतियार, भाँडावर्तन, धार्मिक वर्तनहरू समेत निर्माण गर्ने मूल केन्द्र प्यूठान बन्न गयो । प्यूठान क्षेत्रको तामा, धाउ, शिशा, सोविता, अभ्रक उच्चकोटिका हुनाले काँगडाको किल्ला घेराउ र आक्रमणमा पनि त्यहीको फलामबाट बनेका नाल, संगीन, कवच, तरबार, खुँडा, खुकुरी, छुरी, कटारी आदिको प्रयोग भएको थियो । त्यसैले त्यताको महत्व बुझेर सरदार रामकृष्ण कुँवरले त्यस ठाउँमा म्यागेजिन (शस्त्राश्त्रनिर्माणशाला) स्थापना गरी आफैँले रेखदेख गर्ने र माग अनुसारका उपकरणहरू पठाउने खटाउने गर्दथे । त्यसरी नेपाल एकीकरण कार्यका दाहिने हात मानिने उनको निधन वि.सं. १८४४ मा प्यूठानमै भयो ।

### आधारग्रन्थ

१) शिवप्रसाद शर्मा (सं.) अरू, नेपालको सैनिक इतिहास (काठमाडौं : शाही नेपाली जंगी अड्डा २०४९) पृष्ठ, ४४७-४५१ ।
२) बाबुराम आचार्य, श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाह (संक्षिप्त जीवनी) र (काठमाडौं : श्री ५ महाराजाधिराजका प्रेस सचिवालय, राजदरबार, २०४४) पृष्ठ, २०१-२२० ।
३) हिमालय शम्शेर राणा, कुँवर राणाजीहरूको बृहत वंशावली (काठमाडौं : पाञ्चायन प्रकाशन प्रा.लि. २०५६) पृष्ठ, १२ ।
४) प्रेम बहादुर माबोहाङ लिम्बू र भुपेन्द्रनाथ ढुंगेल, संक्षिप्त नेपाल इतिहास (काठमाडौं : किराँत प्रकाशन तथा अभिलेख केन्द्र, २०४७) पृष्ठ, १३६-१३७ ।
५) बाबुराम आचार्य, नेपालको संक्षिप्त बृतान्त १, (काठमाडौं : प्रमोदशम्शेर र नीरविक्रम "प्यासी", २०२२) पृष्ठ, ६२-६३ ।
६) ऐजन, पृष्ठ, ६७-६९ ।
७) नीरविक्रम "प्यासी" माटोका केही बुँदाहरू (काठमाडौं : साझा प्रकाशन २०३७८) पृष्ठ, १९-२५ ।
८) राणा, पूर्ववत् टिप्पणी नं. ३, पृष्ठ, १२-१३ ।
९) गोविन्द टण्डन, पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन १ (अभिलेख खण्ड), (काठमाडौं : झरेन्द्र शम्शेर जवरा श्रीमती मञ्जुराणा, २०५६) पृष्ठ, २७८-२८० । यस व्यहोरा मुलपाठ परिशिष्टमा दिइएको छ ।

### परिशिष्ठ

वि.सं. १८३७ माघशुदि ५ रोज २ को सरदार रामकृष्ण कुँवर र जयकृष्ण कुँवरको ताम्रपत्र अभिलेख :-

१) स्वस्ति ॥ श्री गिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावली विराजमा नमानोन्नतनिरूपमप्रतापतापितप्रतिपमहीयाल : नेपालाधनेकजनपदाधीश्वर : श्रीमन्मयहाराजाधिराज श्रीश्रीश्री महाराज रणबहादु

२) रसा (शा) हबहादुर शमशेरजङ्ग : देवानां सदासमरविजयिनां चरणैनिर्जसेवक वर्गान्तर्गतकवरोपपदरामकृष्णानामधेयायन्तदनुजाय जयकृष्णनाम्ने च ॥ सन्निधो ब्राह्मणदिम्पो याचकेभ्य :, प्रदिनमन्नदाना

३) र्थमृगस्थलीमार्गस्थश्रीरामकृष्णेश्वराभिधानशिवनित्याच्र्चनार्थं मार्गपाटिकादिसंरक्षणार्थ क्षेत्रदानं च ॥ ॥
चरणगृहीतसप्तशताधिकसभहस्तसंख्याकरजतमुद्रामुल्यकमनुपभविक्रमोन्मूलित भक्तग्रामनृप भोगिनी

४) तनयावधूतसिंहसर्वस्वान्तर्गतमतेदेशप्रसिद्धपरिच्छेद्वयपरिमितमालयमेकं, तथा पञ्चसद्रोपनिपरिमितमुद्यानमेकर्विशत्यधिकशतद्वयपरिमितं क्षेत्र च प्रशादिकृतम् ।
एनाति गृहोद्यानक्षेत्राणिका कालान्तरेण्य

५) स्मत्सन्ततिभिर्न हार्याणि कवरसन्ततिभिश्र्चान्नदानादिलोपो न विधेय

इति ॥ अतः परं देशभाषा, आगे रामकृष्ण कुँवर जयकृष्ण कुँवरके ॥ ॥ महाब्राह्मण आदि षट्दर्शन्कन, सदावर्त दिनु, मृगस्थलीका श्रीरामकृष्णेश्वरको नि-

६) त्यपंचोपचार पुजा गर्नु बाटो पाटी बिग्रदा बनाउनु ब्राह्मणकन विर्तासंकल्प गरिदिनु भादगावका रणजीत मल्लका भिर्त्यानिकाछोरा अवधूतसिंहको घर १ वारिरोपनि ५० । ष (षेत) रोपनि २२१ का हजुर छ हजार सात सय ये

७) क अंकेपि ६७०१ रूपैञालाग्यमध्य प्रछिन्नगरि बितलब विर्ता बक्स्यौं यो घर वारि षेत हाम्रा सन्तानले हरिनषानु, कुँवरका सन्तानले बेचिनषानु लेष्यामाफिकको गुठिसदावर्त चलाउनु, देवल पाटि बाटो बिग्रदा बनाउनु, तस घर बा

८) रिषेतको साँध भादगाव टिवुकछि घर १ षा २ साँध पूर्व संषनारायन दक्षिण चुकु कसट्, पश्चिम बाटो उत्तर उदास कसट भाद्गावका सहरभित्रका वारि द्याक्षिको बारि रोपनि १ ॥। साँधपूर्वनेवार दक्षिण पश्चिम उत्तरनिवार कुनिमान

९) निजवा ॥ पूर्वदेउता तिनै साँध निवारको थुगोद्योरोपनि १ दक्षिण बाटो तिनैसाँध नेवारको लमजाल जवा । पूर्वदक्षिणबाटो पश्चिम उत्तर निवारको साँध बाहिदा बारि धाराडोलरोपनि २९ पूर्वदक्षिण राजा, पश्चिम बहाल्या धन जुजु उत्त

१०) र बाटो चुनि वारि रोपनि १६ पूर्व राजा दक्षिण धन जुजु, पश्चिम उत्तर बाहाल्यैको साँध, घल्हा रोपनी १५ सांघ पूर्व राजा दक्षिण ञामजु पश्चिम बाटो उत्तर राजा टौबुगाल रोपनि ३ पूर्व ब्राह्मन दक्षिण पश्चिम कुलो उत्तर ब्राह्मण प्रतावु रोपनि ५

११) पूर्व उत्तर नेवार दक्षिण पश्चिम कुलो जासिंडोल रोपनी १ । पूर्व पाषो दक्षिण पश्चिम साल्मि उत्तर राजा, नासिंडोल रोपनी ॥। पूर्व नेवार दक्षिण उत्तर राजा पश्चिम साल्भि लावसो रोपनी ३ पूर्व नेवार दक्षिण कुलो पश्चिम तलेजु उत्तर साल्मि नानाबु रो -१२) पनि २ ॥ पूर्व कुलो दक्षिण पश्चिम राजा उत्तर नेवार, चषुडोल रोपनि ४ पूर्व नेवार दक्षिण पश्चिम राजा उत्तर छिपा, चषुडोल रोपनी ४ पूर्व षोलो दक्षिण बाडा पश्चिम राजा उत्तर साल्मि, पूर्व चाटार रोपनी १ । पूर्व पश्चिम नेवार दक्षिण बाटो

१३) उत्तर राजा, षापिटार रोपनी २ पूर्व बाटो दक्षिण पश्चिम उत्तर नेवार, योगा रोपनि ३ ॥ पूर्व दक्षिण राजा पश्चिम बाटो उत्तर चागुको गुठ, दागाल्बु रोपनी ८ पूर्व बाटो दक्षिण नेवा, पश्चिम उपाध्याय उत्तर गोसानि, वलाकु रोपनी २ पूर्व नेवार

१४) दक्षिण बामन् पश्चिम बाडा उत्तर नेवार, इटाचा रोपनी ३ पूर्व गुठ दक्षिण राजा पश्चिम गोसाइ उत्तर बाटो ग्वडोल रोपनी १ । पूर्व षोलो दक्षिण नेवार पश्चिम गोसाइ उत्तर नेवार, चोषावु रोपनि ६ पूर्व नेवार दक्षिण बाटो पश्चिम उत्त

१५) र नेवार ढोना रोपनि ६ पूर्व दक्षिण नेवार पश्चिम बाटो उत्तर पाटि, सिलचा रोपनी १ । पूर्व बाडा दक्षिण नेवार पश्चिम गुठ उत्तर राजा गुरू रोपनि ३ पूर्व नेवार दक्षिण षोलो पश्चिम उत्तर नेवार तिसिंडोल रोपनी २ पूर्व दक्षिण राजा पश्चिम उत्तर

१६) नेवार स्यांलावा रोपनि १ पूर्व नेवार दक्षिण राजा पश्चिम नेवार उत्तर बाडा, नाढिचा रोपनी ३ ॥। पूर्व षोलो दक्षिण पश्चिम नेवार उत्तर राजा चवुं रोपनी ३ पूर्व दक्षिण पश्चिम नेवार उत्तर राजा, गालबु रोपनी ३ पूर्व दक्षिण पश्चिम उत्तर बेला

१७) र, गाषु रोपनी ३ पूर्व नेवार दक्षिण पश्चिम राजा उत्तर बामन, चाडोल रोपनी २ ॥ पूर्व नेवार दक्षिण कुलो पश्चिम उत्तर नेवार सोमलिंगटार रोपनी १ ॥ पूर्व दक्षिण पश्चिम उत्तर नेवार कुकुलडोल रोपनी २ ॥ पूर्व राजा दक्षिण षोलो पश्चिम उत्त-

१८) र नेवार, कुकुलडोल रोपनी ॥। पूर्व पश्चिम उत्तर नेवार दक्षिण षोल्सो पिचो रोपनी २ पूर्व दक्षिण पश्चिम उत्तर नेवार लिवालिवि रोपनी ५ ॥ पूर्व नेवार दक्षिण गोसाई पश्चिम बाडा उत्तर छिपा, संलताको रोपनी १ पूर्व हनवंत्या दक्षिण पश्चिम उत्तर

१९) राजा संलताको रोपनी ४ पूर्व दक्षिण पश्चिम राजा उत्तर बाटो, चपु जवा । पूर्व नेवार दक्षिण गोसाञि पश्चिम बाटो उत्तर राजा चषु रोपनी २ पूर्व नेवार दक्षिण पश्चिम बाटो उत्तर राजा सिकिंवंल रोपनी ९ पूर्व नेवार दक्षिण राजा षोलो पश्चिम उत्तर नेवार ज-

२०) लाषु रोपनी ६ पूर्व नेवार दक्षिण राजा पश्चिम उत्तर बाटो बाँडको रोपनी २ पूर्व नेवार दक्षिण षोलो पश्चिम उत्तर नेवार न्वाडको रोपनी २ पूर्व दक्षिण नेवार पश्चिम बाटो उत्तर कुमारिका गुठ काहांको रोपनी ४ पूर्व दक्षिण उत्तर नेवार -

२१) कासांको रोपनी २ पूर्व नेवार दक्षिण बालकुमारिको गुठ पश्चिम बाटो उत्तर नेवारको ल्हाषो रोपनी ३ पूर्व षोला दक्षिण नदि पश्चिम राजा उत्तर नेवार षेगु रोपनी १ ॥ पूर्व पश्चिम नेवार दक्षिण उत्तर बाटो स्युंत्या रोपनि १ ॥ पूर्व नेवार दक्षिण नदि पश्चिम राजा उ-

२२) त्तर बाटो कोल्हा रोपनी ३ पूर्व पश्चिम उत्तर राजा, दक्षिण कुलो न्हाडोल रोपनी ६ पूर्व बाटो दक्षिण ब्राह्मण पश्चिम उत्तर नेवार ढाइमा रोपनी २ पूर्व दक्षिण नेवार पश्चिम ब्राह्मण उत्तर राजा चषु रोपनि २ पूर्व दक्षिण पश्चिम नेवार उत्तर देवता ब्रा-

२३) ह्मणलाई विर्ता दियाको षेत सावल रोपनी ४ पूर्व दक्षिण पश्चिम नेवार उत्तर कुलो इहंडोल रोपनी ४ पूर्व दक्षिण पश्चिम उत्तर नेवार तथा रोपनी ८ पूर्व पश्चिम नेवार दक्षिण षोलो उत्तर कुलो तप्या रोपनी ३ पूर्व पश्चिम राजा दक्षिण उत्तर नेवा-

२४) र बाटो, बैगु रोपनी १ । पुर्व दक्षिण पश्चिम उत्तर नेवार पाकोरात रोपनी ५ पूर्व पश्चिम उत्तर नेवार दक्षिण राजानपो रोपनी ४ पूर्व राजा दक्षिण गोसाई पश्चिम उत्तर नेवार गांचा रोपनी ४ ॥ पूर्व बाटो दक्षिण उत्तर नेवा पश्चिम राजा चैयलि रोपनी २

२५) पूर्व पश्चिम उत्तर नेवार दक्षिण दोबाटो ॥ महादेवको गुठका षेत वागपागु रोपनी ४ ॥ पूर्व कुलो दक्षिण पश्चिम उत्तर बाटो चषु रोपनी २ पूर्व उत्तर नेवार दक्षिण राजा पश्चिम बाटो चुषु रोपनी ४ पूर्व राजा दक्षिण उत्तर नेवार पश्चिम बाटो ॥ ॥ बोहेमा रोपनी

२६) २ पूर्व बाटो दक्षिण उत्तर राजा पश्चिम पोषरी चषु रोपनी १ ॥ पूर्व पश्चिम उत्तर राजा दक्षिण नेवार दुवु रोपनी ३ पूर्व दक्षिण पश्चिम उत्तर राजा टौकाठु रोपनी ४ पूर्व राजा दक्षिण कुहमाल पश्चिम उत्तर नेवार इडोलको रोपनी २ पूर्व दक्षिण उत्तर नेवा-

२७) र मिथकोल जवा १ पूर्व पश्चिम नेवा दक्षिण उत्तर बाटो सब जमा रोपनि २२१ येस माटामध्ये दानगुठ सदावर्त राष्या मानो नासन पसत....को कुद्रिष्टि स्वदत्तं वा परदत्तं वा जो हरन्ति वसुंधरा ॥ षष्टिवर्षसहस्राणि विष्टायां जायते

२८) क्रिमि ॥ श्री सम्बत् १८३७ मिति माघशुदि ५, रोज २ शुभम् शुभमस्तु ॥

---

**स्रोत : गुठी संस्थान, केन्द्रिय कार्यालय, गुठी लगत तथा तहविल कार्यालय गोविन्द टण्डन, पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, अभिलेख खण्ड १ (काठमाडौं : झरेन्द्र शम्शेर राणा, श्रीमती मञ्जु राणा, २०५६) पृष्ठ, २७८ ।**

समस्त
कुँवर राणा
परिवार तथा सम्पूर्ण नेपालीहरुमा
२०७४ सालको
विजयादशमी एवम् शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

मुमा हरिकला कुँवर
छोरा रामकृष्णराज कुँवर
श्रीमती धिमादेवी कुँवर
नातिनी सुश्री आरजु कुँवर
नाति आर्यनराज कुँवर

छोरा मोहन जंग कुँवर
श्रीमती सिमा कुँवर
नातिहरु : शमशेर जंग कुँवर
सम्राट जंग कुँवर

टोखा-८,धापासी, काठमाडौं

Best Wishes
on
The Auspicious
Occassion
of Bijaya Dashami & Deepawali
2074

**Vivek Sharma Dhandh (Guddu)**
**Ph: 9801198011**


**SHOWROOM:** tamrakar complex Mobile plaza pako. New road ktm,
tel 01-4260173, 01- 4218928, Mobile 9851198511

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
विजयादशमी एवम् शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

ओमकार शम्शेर ज.ब.रा.
रानी सुजन राज्यलक्ष्मी राणा
छोरा ओजस्वी शम्शेर ज.ब.रा
बुहारी डा. पद्माक्षी राज्यलक्ष्मी राणा
नाती भीआन शम्शेर ज.ब.रा
तथा
परिवार
लाल दरबार

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
विजयादशमी एवम् शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

विजय जङ्ग राणा
रानी विनीता राणा
छोरा विनीत राणा
रातोपुल, काठमाडौं



**Raft Consultant Pvt. Ltd.**

**Tripureshwor, Kathmandu, Nepal**

Telephone No: 01-4101013; GPO Box No.: 23297; E-mail: raftconsultant@gmail.com

**Our Services**:

Building Design, Quantity Estimation, Structural Drawing, Structural Analysis, Valuation &Construction Supervision; Feasibility Study, Detailed Engineering Survey, Design& Cost Estimation of Development Projects (Road,Bridge,Airport, Hydropower, Irrigation, Water Supply, etc);Geological Investigation; Landscape Drawing & Design; Cadastral Survey & Mapping; Environmental Assessment (Environmental Impact Assessment,Initial Environmental Examination, Environmental Monitoring of Road, Irrigation, Hydropower, Airport, Hotel, Hospital, Housing, Cable Car, Transmission Line, Factory, River Training, Forest, etc);Environmental, Socio-economic & Agricultural Research;

**Name of Contact Persons** : **Er. Abhishek Narasimha B.C, Managing Director**

**(Environmental Engineer/Socoilogist)**

**Mobile No.: 9851077446/9841579575**

**Er. Jiban Koirala, Chairman**

**(Civil Engineer/ Valuator)**

**Mobile No.: 9841582215/9851203893**

# समस्त
# नेपालीहरुमा
# २०७४ सालको
# विजया दशमी तथा शुभ दीपावलीको
# पावन अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछु।

**अनिल कुमार जाटिया**
तथा
परिवार
महाराजगंज, काठमाडौं


---


PESHAL MAHAT
DIRECTORA

## Our Service

- ☞Book Keeping / Accounting
- ☞Audit
- ☞Assurance
- ☞Tax
- ☞Consuling
- ☞Advisory
- ☞Corporate / Finance
- ☞Legal Services Company
- ☞Out Sourcing / HR Payrol

## Techman Sonsulting Pvt.Ltd.

Gairigaun, Tinkune, Kathmandu, Nepal
Mobile : 9851039775
Phone : +977-1-4462180
E-mail : tmcinfo.net.@gmail.com
peshal.mahat@gmail.com

We extend our best wishes
for peace, progress
&
prosperity
to all our "KulBandhus"
Valued customers & well
wishers on the auspicious
occasion
of
Bijaya Dashami and
Deepawal
2074



**Nepal Traditional Crafts Pvt. Ltd.**

Exports of Nepal

Kupondole Heights, Lalitpur, Kathmandu
mailing Address: GPO Box: 979, Kathmandu, Nepal
Tel: 5527916, 5523608, Fax: 977-1-5527871
E-mail: nepaltdl@mos.com.np
Website:http://www.traditionalcrafts.com.np



# २०७४

# सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको
# पावन अवसरमा सम्पूर्ण
# नेपालीहरुमा
# हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं ।

**SUMY PHARMACEUTICALS (P. ) LTD.**
P. O. Box: 8975, EPC: 5474,
Balaju Kathmandu, Nepal
Tel: (0) : 4359595, 4383870
Fax: 977-1- 4354002
E-mail: sumypharma@subisu. net. np


MEGHA HOSPITAL (Pvt) Ltd.
मेघा अस्पताल प्रा. लि.
सानेपा, धोविघाट, रिङ्गरोड–३, ललितपुर, नेपाल
हाम्रा सेवा तथा सुविधाहरु:
जनरल फिजिसियन
मुटु रोग, E. C. G.Echo सेवा
हाडजोर्नी तथा नशा रोग सेवा
छाला तथा यौन रोग सेवा
स्त्री तथा प्रसुती सेवा
नाक, कान, घाँटी
सुरक्षित गर्भपटन
आँखा सेवा
दन्त सेवा
इन्डोस्कोपी
बाल रोग सेवा
फिजियोथेरापी सेवा
सानो तथा ठूलो अपरेशन सेवा
खोप तथा परिवार नियोजन सेवा
Ultrasound, Digital X-ray
ICU, VIP क्याविनको सुविधा
२४सै घण्टा हाम्रा सेवाहरु:
With Deluxe & Quality Services By Qualified Group of Doctors
आकस्मिक सेवा
आई. सी. यु. सेवा
प्याथोलोजी सेवा
फार्मेसी सेवा
एम्बुलेन्स सेवा
यस मेघा अस्पतालमा अब अत्याधुनिक ISO & FDA मान्यता प्राप्त अहिलेको नयाँ जेनेरेशनका
लागि समयानुकुल लेटेष्ट टेक्निकल मेशिनद्वारारोगहरुको सही पहिचान गरी आधुनिक प्रविधिबाट
नै हाले शप उपचार गेरहेकोशहर्ष जानकारी गराईन्छ । आशा छ सोही प्रविधिलाई
नजिकबाट अवलोकन गरी ढुक्क साथ उपचारमा सहभागी भई स्वस्थ रहनुहोला ।
PHARMACY
EMERGENCY
फोन: ०१-५१५३३९८/५१५३६११, ९८५११८२४६६/९८०१०९५१७५

# आर्टिस्ट श्रीमती सङ्गीता राणा थापा ज्यू सँग लिएको अन्तरवार्ता



**श्री ३ महाराज देवशमशेरका सन्तती श्री हिमालय शमशेर जवरा तथा विजयाराज्यलक्ष्मी राणाको तेस्रो सन्तानको रूपमा काठमाडौंको थापाथलीमा सन् १९६१ को मे ५ मा जन्म लिनुभएकी श्रीमती संगीता राणा नेपालको कलाक्षेत्रमा एक चर्चित व्यक्तित्व हुनुहुन्छ । उहाँले प्रारम्भिक शिक्षादेखि स्नातकसम्मको शिक्षा विदेशबाटै हासिल गर्नु भएको हो । नेपालको राजनीतिक क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्व स्व. प्र.म. सूर्यबहादुर थापाका सुपुत्र सुनिलबहादुर थापासँग सन् १९८३ मा विवाह बन्धनमा बाँधिनु भएको उहाँको १ छोरी र १ छोरा छन् । कलाको माध्यमद्वारा समाज परिवर्तन गर्न सकिन्छ भन्ने सोच राख्ने उहाँले करिब ४०० भन्दा बढी प्रदर्शनीहरूको आयोजना, कार्यशाला र सामुदायिक चित्रकला प्रदर्शनीहरू गर्नु भएको छ । यसै शिलशिलामा उहाँ अन्नपूर्ण अवार्ड, नारी सम्मान नरदेवी अवार्ड Best Gallery of The Year Award जस्ता सम्मानहरूबाट उहाँ विभूषित हुनुहुन्छ । घरको राजनीतिक माहोल सासु मुवा लिलाकुमारी थापाज्यू चाँडै नै स्वर्गे भइबक्सेको हुँदा घरको जिम्मेवारीलाई उहाँले पूर्ण रूपमा सम्हाल्दै कला क्षेत्रलाई पुर्याउनु भएको उहाँको योगदान सराहनीय रहेको छ । यी र यस्तै सम्बन्धमा पाञ्चायनले उहाँसँग एकभेटमा गरेको कुराकानीको सार संक्षेप ।**

**१. हजुरको बुवा मुवाको नाम के हो ?**
☞मेरो बुवाको नाम श्री हिमालय शम्शेर जवरा र आमाको नाम विजयराज्यलक्ष्मी राणा हो ।

**२. हजुरको जन्म कहिले र कहाँ भएको थियो ?**
☞मेरो जन्म ५ मे १९६१ मा थापाथली, काठमाडौंमा भएको थियो ।

**३. हजुरका दाजुभाइ तथा दिदीबहिनीहरू कति जना होइबक्सन्छ र उहाँहरू के के गर्दै होइसिन्छ ?**
☞मेरो एक जना दिदी प्रतिमा पाण्डे एक सामाजिक कार्यकर्ता होइसिन्छ भने दाजु अशोक शम्शेर जवरा हिमालयन बैंकको प्रमुख कार्यकारी अधिकृत होइसिन्छ र भाइ अमर शम्शेर जवरा एक व्यापारी हुन् ।

**४. हजुरको बिवाह को सँग र कहिले भएको थियो ?**
☞मेरो बिवाह सुनिल बहादुर थापासँग सन् १९८३ मा भएको थियो ।

**५. हजुरका सन्तान कति हुनुहुन्छ र उहाँहरू के के गर्दै हुनुहुन्छ ?**
☞मेरो एक छोरी सिताश्मा थापा संयुक्त राष्ट्र संघीय विश्व खाद्य कार्यक्रममा प्रमुख संचार अधिकृत छिन् भने छोरा सिद्धार्थ थापा राजनीति गर्छन् र बुहारी श्रीमती रिद्धी थापा र नातिनी मायासूर्य थापा सानै छिन् ।

**६. हजुरले विद्यालय शिक्षा तथा उच्च शिक्षा कहाँबाट प्राप्त गरिबक्सियो ?**
☞मैले बुवाको विभिन्न देशमा हुने पोस्टिङ् अनुसार संसारका विभिन्न देशहरू जस्तै श्रीलङ्का, अफगानिस्तान, बर्मा, बेलायत, पाकिस्तान आदिमा पढैं । स्नातक भने अमेरिकाको जर्ज मेसन युनिभर्सिटी, भर्जिनियाबाट पास गरैं ।

**७. हजुरको श्रीमान के गरिबक्सिन्छ ?**
☞मेरो श्रीमान संयुक्त राष्ट्र संघीय उच्चायुक्तको शरणार्थीको मुख्य कार्यालयमा करिब २२ बर्षसम्म काम गरिबक्सियो । र अन्त्यमा तान्जानियामा काम गर्दा गर्दै नेपालमा उहाँको बुवा बिरामी भएकाले सन् २०१२ को अगस्टमा कामबाट राजीनामा दिई नेपाल फर्किबक्सियो । त्यसपश्चात् बुवाकै राजनीतिमा प्रवेश गरिबक्सियो ।

**८. हजुर सिद्धार्थ आर्ट ग्यालरीको संस्थापक निर्देशक होइबक्सिदो रहेछ उक्त संस्थामा रही के कस्तो सिर्जनात्मक कार्यहरू गरिबक्सियो, बताइबक्सिन्छ कि ?**
☞सन् १९८७ देखि २०१७ बीच ३० बर्षमा नेपालका ४ सय भन्दा बढी प्रदर्शनहरू आयोजना, कार्यशाला, सामुदायिक कला प्रदर्शन गरियो र सबै भन्दा ठूलो प्रदर्शन काठमाडौं अन्तराष्ट्रिय कला मेला (KIAF) सन् २००९ मा सम्पन्न भएको थियो । सन् २०११ मा स्थापना भएको सिद्धार्थ कला प्रतिष्ठान मार्फत कला बुझ्ने बुझाउने, जनतालाई शिक्षा प्रदान गर्ने र समाजको परिवर्तन गर्ने जस्तो महान कार्य यस संस्थाले गर्दै आइरहेको छ ।

**९. कलाको क्षेत्रमा उत्कृष्ट कार्य गरे बापत हजुरले के कस्तो मान पदवी तथा पुरस्कारहरू पाइबक्सेको छ ?**
☞मैले अन्नपुर्ण अवार्ड, नारी सम्मान नरदेवी अवार्ड र कला सम्बन्धी नेपाल कला समाजद्वारा प्रदान गरिएको Best Gallery of the Year Award प्राप्त गरेकी छु । संस्कृति र विकास केन्द्र डेनमार्कको संस्था (CKU) को सन् २०१४ मा सिद्धार्थ कला प्रतिष्ठानलाई प्राप्त अनुदानले धेरै कार्यशाला र पाठहरू प्रदान गरि राष्ट्रिय संग्राहलय व्यवस्थापक र लेखकहरूलाई 'विरूवा' तथा 'कारखाना' जस्ता संस्थासँग सहकार्य गरी कला तथा प्रविधि प्रदर्शन गर्ने समेत अनुदान प्राप्त भएको छ । सन् २०१७ मा State Bank of India को रजत जयन्तिको अवसरमा सम्मानित चार महिलामध्ये म पनि थिए ।

**१०. स्वदेश तथा विदेशमा कला प्रदर्शनीहरूमा भाग लिदाको अनुभव बताइबक्सन्छ कि ?**
☞सिद्धार्थ कला प्रतिष्ठानबाट सर्वप्रथम भाग लिएर प्रथम अन्तराष्ट्रिय कला प्रदर्शन डेनमार्कमा समसामयिक कला सम्बन्धी (Parallel Realities, Sept. 2016) उल्लेखनीय रहयो । त्यसका साथै बेलायत, भारत, पाकिस्तान र बङ्गलादेशमा समेत संस्थागत प्रतिनिधित्व गरेकी छु र बेलायतमा म नेपाली कलाको प्रवक्ताको रूपमा प्रतिनिधित्व गर्दा गौरवान्वित महशुस गरेकी छु ।

**११. विश्वका अन्य देशले गर्ने कला तथा हाम्रा देशले गर्ने कलाको स्तरमा के कस्तो भिन्नता रहेको छ ?**
☞खासै त्यस्तो भिन्नता केही छैन । हरेक ३ बर्षमा एक पटक हुने

कला प्रदर्शनी जस्तो 'Kathmandu Triannuale' मा नेपाली कलाकृतिको प्रदर्शन स्तरीय नै देखिन्छ । खाली हामीले असल र खराब आफै छुट्याउन सक्नुपर्छ । समग्रमा नेपाली कलाकृति र कलाकारहरू पनि विश्वस्तरीय नै छन् ।

**१२. नेपालमा कला व्यवसायबाट जीवन निर्वाह गर्न सकिन्छ या सकिदैन, केवल सोख मात्र हुन्छ कि हजुर ?**

☞गाह्रो छ तर मेरो लागि सेवा हो । यहाँ कलाको प्रकाशन, प्रदर्शन गरेर फाइदा समेत कला उद्योगको रूपमा विकसित गर्न सकिन्छ । कलाकारहरूले आफ्ना कलाकृतिहरू विक्री गरेर करोडौं रूपैंया कमाएको पाइन्छ ।

**१३. निरन्तर खुल्ला ढोका हजारौं पृथ्वी, हजारौं आकाश आदि कविता संग्रहलाई हजुरले कलामा परिणत गरी प्रकाशन गरिबक्सेको बिषयमा प्रष्ट पारिदिबक्सन्छ कि ?**

☞कलासँग जोडिएको साहित्य र संगीत क्षेत्र पनि हो । जस्तै माओवादी द्वन्द्व कालको बेला राजनैतिक पार्टीहरू, माओवादी र नेपाली समाजलाई त्रिभूजीय यथास्थितिवादलाई सर्प, बिच्छी र भ्यागुताको अवस्थामा चित्रण गरी सहजीकरण तथा सामाजिक एकिकरण गर्न पनि सामुदायिक कला आयोजनाले प्रसस्त सहयोग गरेको थियो ।

**१४. कला लेखन तथा कला विकासको लागि प्रशासनिक पद, सल्लाहकार भई गरेको कार्यमा के कति भिन्नता हुँदो रहेछ ?**

☞कला व्यवस्थापकको साथै कला लेखक पनि हो । जस्तो विभिन्न राष्ट्रहरूको कला प्रदर्शनी तथा तालिम लिंदा वा दिंदा कला कृतिको संरक्षण सम्बर्द्धन तथा विक्री गरी आर्थिक रूपले आफु कसरी यस क्षेत्रमा टिक्ने भन्ने कुरा म अमेरिकामा अध्ययन गर्दा सिकेकी छु र सोही कुरा काठमाडौं युनिभर्सिटीमा पनि कला व्यवस्थापनबारे प्रशिक्षण दिंदा सो कुरा बताउने गर्दछु ।

**१५. हजुरको कलाको विधा कुन कुन तथा हजुरको प्रख्यात कलाहरू के कति छन् ?**

☞सामान्यतया म चित्रकला, मूर्तिकला, श्रव्य-दृश्य कला, व्यङग्य चित्र, प्रविधि चित्र र अन्य सम्पूर्ण कलालाई समान रूपले महत्व दिई तिनको संग्रह सम्बर्द्धन र संकलन गर्ने गरेकी छु ।

**१६. कलाको क्षेत्र बाहेक सामाजिक कार्यमा पनि हजुरको संलग्नता देखियो, हाल सम्म के कस्तो सामाजिक कार्यहरू यहाँले गरिबक्सेको हो बताई दिई बक्सिन्छ कि ?**

☞मुख्यतया भुकम्प सम्बन्धी राष्ट्रिय, सम्पदा र ऐतिहासिक धरोहर र प्राकृतिक सौन्दर्य कला प्रदर्शन गरी समाजलाई परिवर्तन ल्याउने कार्यहरू गरिए ।

**१७. हजुरको पारिवारीक दिनचर्या कसरी वित्दैछ ?**

☞म राजनैतिक घर परिवारको बुहारी भएको हुनाले सासु मुमाको मृत्यु पछि एकै चोटी सम्पुर्ण कुराहरू हेर्नु पर्ने भयो । जस्तै घर सम्हाल्ने व्यवस्थापन गर्ने र एक्लो बुहारीले गर्नुपर्ने सम्पूर्ण कार्यहरू मेरै जिम्मेवारी भयो ।

**१८. खानपिनमा हजुरको सोख कतिको छ बिहान बेलुकाको खानामा के खान रूचाईबक्सन्छ ?**

☞सामान्यतया म २ छाक नै नेपाली खाना खान्छु । साँझ हल्का खाना मन पर्छ भने म बाँच्नको लागि खाने मान्छेमा पर्छु र जे दिए पनि ज्ञानी बन्छु ।

**१९. आजको नयाँ पुस्ताको लागि केही भन्नु छ कि ?**

☞खासै केही छैन तर इमान्दारीता, कडा मेहनत र उद्देश्यमा समर्पण सहितको लगनशीलता चाहिन्छ । समय अनुसार चल्न सिक्नु पर्छ र प्रविधिको जगतमा प्रतिस्पर्धा गर्न सक्षम हुनु पर्छ ।

**२०. पाञ्चायनले यस किसिमको सम्मान कार्य गरेकोमा हजुरलाई कस्तो लागेको छ ?**

☞पाञ्चायनले हाल आएर छोरी ज्वाइ लगायतलाई सम्मान गर्ने परम्परा बसालेकोमा सराहनीय कार्य लागेको छ । त्यसमा पनि छोरालाई मात्र होइन छोरीलाई पनि सम्मान गर्ने परम्परा साह्रै मन पर्यो ।


समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

श्री जे.बी. कुँवर
श्रीमती सरस्वती कुँवर
छोरा श्री नरेन्द्र कुँवर
बुहारी श्रीमती शान्ति कुँवर
छोरा श्री रविन्द्र कुँवर
बुहारी श्रीमती माया कुँवर
ज्वाई/छोरी रमेश खत्री
श्रमिती सुलोचना कुँवर
कुँवर विश्व ट्रेडिङ्ग कर्न्सन
पोखरा-१०
रक्षा मार्ग, फोन नं ०६१-५२२४८७



समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

पाइप एण्ड पाइप फिटिङ्स प्रा.लि
लाजिम्पाट, काठमाडौ

**विजयादशमी**
**एवं**
**शुभ दीपावली**
**२०७४ सालको पावन अवसरमा**
**सम्पूर्ण नेपालीहरुमा**
**हार्दिक मंगलमय**
**शुभ–कामना व्यक्त**
**गर्दछौं।**

दशरथ शमशेर ज.ब.रा.
रानी राजकुमार राणा
छोरी तृप्ती राज्यलक्ष्मी राणा
छोरा एकाक्ष शम्शेर ज.ब.रा.
बालुवाटार


CELEBRATING 21 years
NMB
पहिलो पाइला समृद्धिको
आधार सुरक्षित भविष्यको
आजै एनएमबि बैंकमा खाता खोली समृद्ध जीवन र
सुरक्षित भविष्य तर्फ पहिलो पाइला अघि बढाउनुहोस् ।
एनएमबि बैंक
एक घर
एक खाता
समृद्धिको पहिलो पाइला
सहज बैंकिङ्ग
व्याज प्राप्ति
सुरक्षित भविष्य
व्यवसाय विस्तार
आपतकालिन कोष
NMB BANK
एनएमबि बैंक
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था)
A JOINT VENTURE WITH
FMO
Entrepreneurial Development Bank
The Netherlands
Member of
global alliance for banking on values
एनएमबि बैंक लिमिटेड, थापाथली, काठमाण्डौ
फोन: ९७७-०१-४२६१८२७ | टोल फ्रि नं. १६६००१२५२५२
इमेल: call@nmb.com.np | वेब: www.nmb.com.np



**We Extend
our best wishes
for peace, progress
&
Prosperity
to all our Valued
Customers & well
wishes on the
auspicious occasion
of**

# BIJAYA DASHAMI
# &
# DEEPAWALI 2074

**Kundalini Diagnostic Center**
Chandol, Maharajgunj
Kathmandu

**समस्त**
**राणा तथा कुँवर**
**परिवारमा**
**२०७४ सालको**
**विजयादशमी एवम् शुभ दीपावलीको**
**पावन अवसरमा हार्दिक मंगलमय**
**शुभ-कामना व्यक्त गर्दछौं ।**

*डा. अजय शमशेर ज.ब.रा.*
*रानी सुधा राणा*
*छोरा जयन्त शमशेर ज.ब.रा.*
*मधुकर शमशेर ज.ब.रा*
*रानी सुशीला राणा*
*अ.प्रा.स.र.जस्वन्त शमशेर ज.ब.रा*
*रानी नीतु राणा*

**समस्त**
**राणा तथा कुँवर**
**परिवारमा**
**२०७४ सालको**
**विजयादशमी एवम् शुभ दीपावलीको**
**पावन अवसरमा हार्दिक मंगलमय**
**शुभ-कामना व्यक्त गर्दछौं ।**

**मनोहर विक्रम कुँवर**
**श्रीमती बुना कार्की कुँवर**
**छोरी एलिशा कुँवर**
**छोरी रिजा कुँवर**
**सामाखुसी, काठमाडौं**
**हाल डर्वी यू.के.**

**समस्त**
**राणा तथा कुँवर**
**परिवारमा**
**२०७४ सालको**
**विजयादशमी एवम् शुभ दीपावलीको**
**पावन अवसरमा हार्दिक मंगलमय**
**शुभ-कामना व्यक्त गर्दछौं ।**

**प्रोमोशन बचत तथा ऋण सहकारी संस्था लि.**
**परिवार**
**कमलपोखरी, चारखाल रोड**
**फोन नं. ४४२००४८**

सम्पूर्ण नेपालीहरुलाई
**विजयादशमी एवं शुभ**
**दिपावली**
**२०७४**को हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

नवज्योति उच्च माध्यमिक विद्यालय
NAVA JYOTI COLLEGE
Basukinagar Marg, Tinkune, Kathmandu
Phone: 4479287, 4485389, 4469989

# विगतमा नेपालले प्रतिपादन तथा परिपालन गर्दै आएको परराष्ट्र निति

✍............दिवाकर राणा



आन्तरिक र वाहय निति बाट एउटा राज्य सञ्चाल हुन्छ । वाहय नितिलाई परराष्ट्र निति भन्छि । समाजहरूबाट राज्य निमार्ण हुने र राज्यहरूबाट विश्व निमार्ण हुने हुँदा विश्व मा राज्यहरू एक आपसमा गाँसिएका हुन्छन् एकको सहयोग र आवश्यकता अर्को लाई पर्ने हुन्छ । तर बलिया राष्ट्रले आफ्ना राष्ट्रिय स्वार्थ अनुरूप परराष्ट्र निति सञ्चालन गर्दा साना राष्ट्रहरूले आफ्नो राष्ट्रिय हित अनुसार ठूला राष्ट्रका हितलाई प्रतिकूल असर नपर्ने गरी शन्तुलन कायम गर्न सक्नु पर्दछ अन्यथा आफ्नौ राष्ट्रिय हितामा नकारत्मक असर पर्न सक्द छ । पराष्ट्र निति संचालन गर्दा राष्ट्रका नेताले प्रस्तुत गरेको व्यक्त अव्यक्त कार्य भावलाई बुझी प्रतिकिया जनाउन सक्नु पर्दछ । जसबाट आफ्नो राष्ट्रलार्य लाभ हुन जावस

नेपाल दक्षिण एसियामा सबै भन्दा पुरानो सार्वभौम राष्ट्र हो उ कहिल्यै अर्काको उपनिवेश बन्न परेन जब की हाम्रो छिमेकी भारत जो पहिले पाकिस्थान, बङ्लादेश अझै त्यो भन्दा पनि पहिलेको अवस्थामा हेर्ने हो भने अफगान्सिथान समेतको विशाल भारत कहिले मुगल शासकको अधिनमा पुगे भने कहिले अंग्रेज शासककोमा कहिले आफैमा विखण्डन हुँदै अफगान्सिथान, पाकिस्थान, बङ्लादेश जस्ता नयाँ राष्ट्रहरको जन्म हुन पुगेको हामीले देख्दै आएका छौ ।

नेपाल आफ्नो सार्वभौमिक्ताको रक्षार्थ आफ्नो भौगोलिक अवस्थिति छिमेकीहरूको भौगोलिक स्थिति राज्य शक्ति र विश्व परिस्थितिलाई राम्ररी बुझी आफ्नो परराष्ट्र निति परिचालन गरेको कारण नेपाल कसै को उपनिवेश हुनु परेको छैन तर जून बख्त आफनो परिस्थिति आफ्नो शक्तिको मुल्याङ्कन बिना पराष्ट्र नितिलाई सञ्चालन गर्यौ जसको परिणाम नेपाल अग्रेजको बीच युद्ध हुन गयो जसले गर्दा नेपालको भूभाग खण्डित हुन पुगेको सर्वविदितै छ ।

जबकी राष्ट्र निर्माता पृथ्वी नारायण शाहले सञ्चालन गरेको पराष्ट्र नितिलाई एक पटक हेरौं त, उनले सिन्धुली घाटी सम्म आइसेको अंग्रेज सेनालाई नराम्ररी हराई घपाइ पठाउन सफल भएता पनि अंग्रेजको बढदो शक्तिलाई सहजै जित्न सक्ने नेपालको क्षेमता नभएको तथ्यलाई बुझेका पृथ्वी नारायण शाहले मौखिक रूपमानै भए पनि अंग्रेजे संग एउटा .सम्झौता गरेका थिए त्यो के भने अंग्रेजहरू पहाड तिर नआउने नेपाल तराइ तिर नजाने भन्ने थियो ।अंग्रेजेहरूले पनि विशाल भारतलाई कब्जा गर्नु छाडेर नेपाल जस्तो पहाडी भूमीमा आँखा लगाउनु आफ्नो शक्तिको अपव्यय हुने देखे । त्यस्तै पृथ्वी नारायण शाहले पनि आफ्नो एकीकरण अभियान मधेश तिर नगरी पहाड तिर मात्र केन्द्रित गरको पाउँछौ। नेपाल राज्यलाई सुरक्षित गर्ने हो भने विशाल क्षिमेकी हिन्दुहरूको जनस्तरको सहयोग समर्थन आवश्यक पर्दछ भन्ने तथ्य राम्ररी बुझेका शाहले नेपाललाई अशली हिन्दुस्थान राज्य बनाउन पर्ने कुरा दिव्य उपदेशमा व्यक्त गरेका छन् । उहाँले सञ्चालन गरेको पराष्ट्र निति समयनुसार सफल भएको कारण नै नेपाल एकिकरण भएको स्पष्ट देखिन्छ ।तर माथी पनि भनी सकियो की बीचमा शासकहरूबाट परिचालित पराष्ट्र नितिले आफ्नो क्षमता र शक्तिको यर्थाथ मूल्याङ्कन नगरी अंग्रजे संग कुटनैतिक रूपमा समस्याको समाधान गर्न नसकेको कारण नेपाल अंग्रेज विचको युद्धमा नेपालको भूमि गुमाउन परेको तितो यर्थाथ हामी सबैले महशुस गरेकै छौ ।आफ्नो राष्ट्रको हित हुन्छ भने त्यहाँ हट र अभिमान परराष्ट्र नितिमा झल्कन हुँदैन अर्थात भैईको टिप्छु भन्दा पोल्टाको लड्डू गुमाउनु हुदैन । केहि दिएर लिएर भए पनि आफ्नो अस्तित्व जोगाउन पर्दछ हट गर्नु हुदैन ।

इतिहासमा यस्तो काल खण्ड पनि आयो जसले श्री ३ महाराज जङ्ग बहादुर कुँवर राणाको उदय गरायो । जसको कुटनैतिक चातुर्यता राजनैतिक दुरदर्शीताका कारण नेपाल अंग्रेज यूद्ध बाट नेपालले गुमाउनु परेको भूमी मध्ये यस्तो महत्वपूर्ण भूमी फिर्ता ल्यायो की ! जसले नेपालको शेष भाग सुदुर पश्चिम तथा मध्ये पश्चिमलाई जोडीदियो , खाद्यान्नको भण्डार दियो आदि ।नेपाले आफ्नो भौगलिक अवस्थितिलाई मध्य नजर गरी अप्नाउनेपर्ने परराष्ट्र नितिको पहिलो चोटि प्रतिपादन भयो जो आजका दिन सम्म सफल राज नेताले अप्नाउँदै आई रहेको पाइन्छ जसले श्री ३ महराज जङ्ग बहादुरले प्रतिपादन गरेको पराष्ट्र नितिको उल्ङघन गर्द छन् उसले आफ्नो राजनितिमा सफलता चूम्न सकेका छैनन् र राष्ट्रले पनि ठूलो उथल पुथल दुर्घटना व्योहोर्न परि आएको हामी पाउँछौं । तर मिति २०७४ अषाढ ३० गतेको कान्तिपुर दैनिकमा सुधिर शर्मा द्धारा लिखित राजनितिक विश्लेशण गरी लेखिएको आलेखमा भनिएको छ की तत्तकालिन श्री ३ महाराज चन्द्र शम्शेरले भारतका भायस राय लर्ड कर्जनको अनुरोधमा कर्नेल यङ हजवेण्ट को मिसनलाई सिकिमको नाथुला नाकाबाट चुम्बी उपत्केका हुँदै टिवेटलाई नियन्त्रण गर्न सघायको कारण आफ्नो खुट्टामा आफैले बञ्चोरो हान्यो भन्ने विश्लेषण गरेका रहेछन् किन भने त्यस समय टिवेट नियन्त्रण गर्नु अघि काठमाडौं हुँदै दक्षिण एसियाको व्यापार चल्ने गरेको मा अब नाथुला बाट व्यपार हुँदा नेपाललाई घाटा हुन गयो भन्ने तर्क प्रस्तुत गर्नु भएको छ तर सिक्काको अर्को पाटो हेर्ने हो भने त्यो बेला श्री

३ चन्द्रले अंग्रेजलाई टिवेट नियन्त्रण गर्न नसधाएको भए अंग्रजेको आक्रोशलाई नेपालले थेग्न सक्थ्यो त ? विगतमा पनि आफ्नो शक्तिको सही मूल्याङ्कन नगरेको कारण नै नेपाल अंग्रेज बीचमा युद्ध हुन गएको पाइन्छ ।भनिन्छ की त्यति बेला पनि अंग्रेज सरकारको माग पुरा गर्न नसकिनै थिएन । सम्झौताको लागि केवल सुझबुझको मात्र अभाव थियो ।हामीले हट गरीरहयौ अन्ततः युद्ध भई छाडयो हाम्रो हार भयो अपुरणीय क्षेति त हामीलाई नै भयो नि? तसर्थ लर्ड कर्जनलाई श्री ३ महाराज चन्द्रले सहयोग गरी नेपालको सार्वभौमिकता र क्षत्रिय अखण्डता जोगाउन सफल भएको हो ।त्यसै लाईनै सफल कुटिीति भन्न सकिन्छ ।अझ भनिन्छ श्री ३ चन्द्रले नेपालको गुमेको पूर्व तिरको बाँकी भुमी फिर्ता मागी रहेका पनि थिए ।

नेपलमा २००७ सालमा राजनैतिक परिर्वतन आयो किन भने भारत मा भारतिय जनताले स्वतन्त्रता प्राप्त गरे त्यसको भोतिक तथा नैतिक प्रभाव नेपालको राजनैतिक आन्दोलनमा पनि पर्यो र नेपालमा राजनैतिक परिवर्तन आयो तर उक्त परिर्वतन ल्याउनेले र आफ्नो शासन छोड्ने शक्तिहरूले गरेको सम्झौतालाई राम्ररी हेर्ने हो भने स्पस्ट रूपमा श्री ३ महाराज जङ्ग बहादुरले प्रतिपादन गरेको परराष्ट्र नितिलाई नै पालन गरेको पाइन्छ । यदि ती दुई पक्षे मध्ये कसैले पनि शन्तुलित परारष्ट्र निति अनुसार आफ्नो राजनैतिक वार्ता तथा राजनैतिक सम्झौता नगरेको हुँदा हो त नेपालमा २००७ सालमा प्रजातन्त्र कदापी आउँदैन थियो भने राणा शाशकहरूको पनि शान्ति पूर्ण रूपमा शासन प्रतिस्थापना हुन सक्दैन थियो त्यसको घातक परिणम उनिहरूले भोग्नु पर्ने थियो भने राष्ट्रले आफ्नो स्वाधिनता समेत गुमाउनु पर्ने परिस्थिति आउन सक्थ्यो ।

२००७ सालको परिवर्तन आयो देशमा प्रजातन्त्र आयो सङ्ग सङ्गै बैदेशिक हस्तक्षप पनि आउन थाल्यो यति सम्म कि राजाको सल्लाहाकर मात्र हैन कि नेपालको क्याबिनेटमा समेत विदेशीहरू सल्लाहाकारको रूपमा बस्न थाले । नेपालको उत्तरी भेगमा विदेशी सेना सम्मको उपस्थिति हुन थाल्यो अब नेपालको उत्तरी क्षिमेकी चिनमा पनि क्रान्तीकारी सरकारको उदय भएको थियो अब उसलाई नेपालको सिमानामा भारतको सेनाको उपस्थिति खड्किन थाली सकेको थियो । नेपालका प्रधानमन्त्रि विशेश्वर प्रसाद कोईराला चीन भ्रमणमा गए चीन संग उनले कोदारी राजमार्ग आदि निर्माण को लागि गरेको अनुरोधलाई भारतले पचाउन सकेन भित्रै भित्र उ नयाँ शक्ति अर्थात आफ्नो अनुकुलको शक्ति स्थापना नेपालमा गराउने चहाना राख्न थालेको थियो । त्यसै बीच नेपालमा श्री ५ महेन्द्र बाट २०१७ पौष १ गते निर्वाचित प्रधानमन्त्रि विशेश्वर प्रसाद कोईरालालाई अपदस्थ गरी संसद विघठन गरी बक्सियो त्यसको केहि समय पछि नेपालमा पञ्चायती संविधान २०१९ आयो जसले नेपाललाई हिन्दु अधिराज्य बनाई देशमा पञ्चायती व्यवस्था शुरू गर्यो विशाल भारतका हिन्दु नेताहरू जसले चाहेर पनि भारतलाई हिन्दु राज्य बनाउन सकेनन् उनिहरू नेपाललाई विश्वको एक मात्र हिन्दु राज्यको रूपमा देख्न चाहन्थे ।यसरी नेपालमा दलिय प्रजान्तत्रको अन्त भयो राजा महेन्द्रले प्रत्यक्ष शासन गर्न थाले । अब नेपालमा हेरौ राजा महेन्द्रले कसरी कस्तो परारष्ट्र निति अबलम्बन गरे । देशमा भारत र चिन बिच बढेको असम्झदारी को समयलाई उपयोग गर्दै कसरी शान्ति र स्थिरता कायम गरे देश विकाशको पूर्वाधार निर्माण गरे वि पी कोईराला ले खोल्न इच्छा गरेको कोदारी राजमार्ग खोले अझ भन्नेनै हो भने भविष्य दष्टाको रूपमा उनले पहाडी मूलका जनतालाई मधेशमा बसोवास गराई जातिय शन्तुलन कायम गर्न ठूलो योगदान गरे जसको सकारत्मक परिणाम आज हामी सबैले महशुस गरी राखेका नै छो भने अर्को उनले नेपाली भाषाले नेपाललाई एक शुत्रमा बाधन प्रयास गरेका थिए जसको अनुकल परिणाम हामीले महशुस गरि रहेका नै छौ त्यस्तै पूर्व पश्चिम राजमार्ग बनाई नेपाललाई नेपाल संग जोडिदिए । र आर्थिक कुटनिति अन्तरगत मधेशको विभिन्न जिल्लामा ठूला ठूला उद्योगहरूको स्थापना गरिदिए । नेपालको उत्तर सिमामा रहेको भारतिय सेनालाई समजदारी पूर्वक फर्काउन उनी सफल भए ।१९६२ मा भारत चिन विचभएको यूद्धमा कसरी उनले आफूलाई तठस्त राखी दुबै छिमेकीलाई चित्त बुझाए । त्यस्तै गरी १९६५ तथा १९७१ मा भएको भारत पाकिस्थान युद्धमा तठस्ता कायम गर्न सके । अहिले पनि नेपाल तथा नेपालका छिमेकी तथा शक्ति संपन्न पश्चिमा राष्ट्रहरू उहि भएता पनि छिमेकीहरूमा शक्ति संपन्नता बढेको कारण उनिहरू आफ्नो स्वप्न इच्छा पुरा गर्न क्रियाशिल रहेको अवस्था एकातिर छ भने पश्चिमाहरूले आफ्नो इच्छा पुरा गर्न हाम्रो देशमा आई एन.जि.ओ मार्फत भूमी तयार गरी सकेका छन् यस्तो परिस्थितिमा अहिले फेरी श्रावण महिनाको सोमबार का दिन भारतका प्रधानमन्त्री मोदी नेपाल आई नेपालको संविधान २०७२ संसोधनको विषय उल्लेख गर्दै ऋषी मनले संविधान बनाउन पर्ने सुझाव दिएर गए । उनले ऋषी मन भन्ने शब्द किन प्रयोग गरे भन्ने कुरा बुझेर पनि हामीले त्यसलाई महत्व दिएनौ उनको सुझावलाई वेवास्ता गरेर हामीले राम्रो गर्यौ वा नराम्रो गर्यौ त्यो भविष्यले नै देखाउला । एक महिना भन्दा बढि समय देखि चिन र भारत बीच भूटान र चिनको सिमामा रहेको दोक्लम क्षेत्रमा चिनले बनाउन लागेको बाटोलाई लिएर ठूलो विवाद भै अन्तरराष्ट्रिय शक्तिको समेत चासोको विषय हुन गएको छ । राजनैतिक विशलेषकहरूले त्यसै क्षेत्रको बाटोको बारेमा विवादलाई मध्य नजर गरी लेखिएको आलेखहरूमा विवादित दोक्लम क्षेत्रबाट भारतको दार्जिलिङ्ग हुदै सिलगुढी ज्यादै नजिक पर्दछ तसर्थ भारतको दार्जलिङ्ग क्षेत्रलाई '**चिकेन नेक**'को रूपमा चित्रित गर्दै त्यसको सामारिक महत्व को विशलेषण गरेको पाउँछौं ।जस्तै दार्जिलिङ्गको उत्तरमा चिन जोडिएकै छ भने पूर्वमा भारतकै पूर्व उत्तर राज्यहरू सिकिम, मिजोरम, नागालाण्ड आदि राज्य भने दक्षिमा २६ किलोमिटर मात्र टाढा बङ्गालादेश रहेको सामरिक महत्व क्षेत्रको रूपमा विशलेषण गरेर बराबर लेखहरू आइ रहेको पाइन्छ ।यति सम्मकी भारतको दार्जिलिङ्गलाई राज्यको दर्जा नदिनुमा पनि यहि '**चिकेन नेक**'को अवस्थिति लाइ इङ्गित गरेको देखिन्छ । तर त्यस्तो रणनितिले महत्वपूर्ण भूमीमा बसेका आफ्ना जनताको भावना र इच्छा बुझ्नु पनि त भारतकै हितमा होला । अर्को तिर चिनको वानवेल्ट वान रोडको परंपरागत सिल्क रोडको अवधारणालाई पूर्णता दिन भुटान तथा भारत को सहयोग आवश्यक भएको तर उक्त क्षेत्रहरूमा भारतको सामरिक महत्व भएको भन्ने भारतको अवधारणा भएको हुँदा दुई राष्ट्रको इन्ट्रेस्ट तथा महत्वकाङछा टक्राउँदा उत्पन्न हुने परिस्थितिमा नेपाले कस्तो निति अप्नाउने छ भन्ने सबैको जिज्ञाशा रहि आएको छ ।

किने भने हामी जस्तो साना राष्ट्रको त के कुरा अमेरिका जस्तो शक्ति सम्पन्न राष्ट्रले पनि एक पटक यस्तो कुटनिति प्रयोगमा ल्याएका थिए जस्तै टिवेटबाट भागेर आएका टिवेटियन नेपालमा शणनार्थीको रूपमा बस्दै आएका थिए तिनीहरूको विषयलाई लिएर अमेरिका बडो चिन्ति थियो ।ति शर्णर्थीहरूलाई नेपालमा राम्रो व्यवहार गरोस भन्ने थियो । तसर्थ राजा महेन्द्र अमेरिका जाँदा एरर्पोटमा विदेश मन्त्रीले मात्र स्वागत गर्ने प्रचलनलाई तोड्दै राजाको स्वागत राष्ट्रपति आइजन आवर स्वयंले एरर्पोटमा उपस्थित भै गरेका थिए ।यसबाट पराष्ट्र निति भनेको राष्ट्रको आवश्यकता मा मात्र आधारित हुनु पर्दो रहेछ भन्ने देखियो ।

# सम्पूर्ण
# राणा तथा कुँवर
# परिवारहरुमा
# २०७४ सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको पावन
# अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं ।

**पवित्र विक्रम राणा**
**श्रीमती ममता राणा**
**छोरा पावन विक्रम राणा**
**तथा**
**परिवेश विक्रम राणा**

# सम्पूर्ण
# राणा तथा कुँवर
# परिवारहरुमा
# २०७४ सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको पावन
# अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

## जनरल भक्तवीर कुँवर राणा परिवार

**बुढाजनरल मार्ग**

**धोबीचौर, काठमाडौं**

# कवि श्री प्रमोद विक्रम राणा (स्नेही)ज्यू सँगको अन्तर्वार्ता

साहित्यकार प्रमोदविक्रम राणा (स्नेही) काजी बालनरसिंह कुँवरका कान्छा भाई काजी रेवन्त कुँवरका सन्तती हुन् । उहाँको जन्म काठमाडौंको पुतलीसडकमा भएको थियो । श्री लीलाविक्रम राणा र शोभा राणाको एकमात्र सुपुत्रको रूपमा वि.सं २०२७ बैशाख १५ का दिनमा उहाँको जन्म भएको हो । विद्यालय शिक्षा नजिकैको पद्मोदय मा.वि. बाट सुरू गरी २०४२ सालमा सोही स्कूलबाट एस.एल.सी. पास गर्नु भई उहाँले २०४८ सालमा रत्नराज्य क्याम्पस (त्रि.वि.वि)बाट स्नातक शिक्षा हासिल गर्नु भयो । आफ्नो पहिलो रचना २०४० सालमा संरचना पत्रिकामा प्रकाशित गराउँदै साहित्य क्षेत्रमा प्रवेश गर्नुभएका प्रमोद (स्नेही) ज्यूद्वारा थुप्रै कविता गजल र गीतहरू बजारमा छरिएर रहेका छन् । विगत २० बर्षदेखि शिक्षा र साहित्य क्षेत्रमा आवद्ध उहाँले यस क्षेत्रमा अनेकौ पुरस्कार तथा सम्मानहरू प्राप्त गर्नुभएको छ । जसमध्ये राष्ट्रिय कविता महोत्सव २०५५ मा स्वर्णपदक, भानुमोति पुरस्कार २०५९ मा, प्रथम युवाकवि महोत्सव २०५४ मा प्रथम स्थान प्राप्त गरिसक्नुभएको छ । यस सम्बन्धमा उहाँसँगको एक भेटमा पाञ्चायनले लिएको अन्तर्वार्ताको सार संक्षेप ।

**१. हजुरको बुवा मुवाको नाम के हो ?**
मेरो बुवाको नाम लिलाविक्रम राणा र मुवाको नाम शोभा राणा हो ।

**२. हजुरको जन्म कहिले र कहाँ भएको हो ?**
मेरो जन्म वि.सं २०२७ साल बैशाख १५ गते पुतलीसडक काठमाडौंमा भएको हो ।

**३. हजुरको दाजुभाइ तथा दिदी बहिनीहरू कति जना होइबक्सन्छ तथा उहाँहरू के के गर्दै छन् ?**
म परिवारको एक्लो सन्तान हो ।

**४. हजुर काजी बाल नरसिंह कुँवरको माइलो, कान्छो कुन भाइको सन्तती होइबक्सन्छ ?**
म कान्छो काजी रेवन्त कुँवरको सन्तती हुँ ।

**५. हजुरको विवाह को सँग कहिले भएको हो र हजुरको छोरा छोरीहरू कति छन् र के के गर्दै छन् ?**
मेरो विवाह २०६० सालमा आशा बस्नेतसँग भएको हो । हाम्रो एक मात्र छोरा अप्राप्य विक्रम राणा हुन र उनी कक्षा ८ मा पढ्दै छन् ।

**६. हजुर व्यवसायिक रूपमा कहाँ कहाँ आवद्ध होइबक्सन्छ ?**
म व्यवसायिक भन्दा पनि पेशागत रूपले विजय स्मारक र शाही शिक्षा सदनमा नेपाली साहित्य पढाउँछु । तसर्थ साहित्यसँग सम्बन्धीत श्रष्टा समाज, अंकुश समूहसँग आवद्ध छु ।

**७. हामी राणा कुँवरहरू प्राय साहित्यमा त्यति सारो संलग्न भएको पाइदैन तर हजुर त साहित्यमा बढी चासो राखिबक्सदोरहेछ कसको प्रेरणाले यो क्षेत्रमा लागिबक्सियो ?**
खास भन्दा मेरो अर्न्तमनको चाहनाबाट आफै यो क्षेत्रमा लागेको हो । परिवारको विरोधका बावजुद पनि मैले संघर्ष गर्दै यहाँसम्म आइपुगेँ । नेपाली भाषा र साहित्यको क्षेत्रमा केही गर्ने आत्मप्रेरणाले गर्दा म यता लागेँ ।

**८. साहित्यमा कुन कुन विधामा हजुरको खास कलम चल्ने गरेको छ ?**
मेरो मूल विषय त कविता नै हो । साथै गीत गजल र कथा विधामा पनि यदाकदा कलम चलाएको छु । पुस्तकाकार रूपमा नआए पनि मेरा फुटकर कविताहरू गोरखापत्र, मधुपर्क र गरिमामा २०४० साल देखि नै छापिदै आएका छन् ।

**९. हजुरको त त्यसो भए गद्य वा पद्य दुवै विधामा कलम चल्दो रहेछ, कुन कुन विधामा के के पुरस्कारहरू पाइबक्सेको छ बताइ दिइबक्सन्छ की ?**
मेरो मूल विषय कविता र गीत नै हो । जस्तो २०५५ को राष्ट्रिय कविता महोत्सवमा मैले स्वर्गीय राजा विरेन्द्रको हातबाट प्रथम पुरस्कार प्राप्त गरेको थिए । त्यस्तै नेपाली साहित्य सम्मेलन दार्जिलिङ्बाट १९९८ मा पनि मैले पुरस्कार प्राप्त गरेको थिए । सिताराम प्रतिष्ठानले पनि भानु मोति पुरस्कार दिएको थियो । त्यस्तै अन्य विविध शान्ति पुरस्कार पनि प्राप्त गरेँ । गद्यतर्फ 'मौन एकलाप' मेरो निबन्ध हो र अन्य लघु कथा संग्रह पनि संकलनमा छ र छिटै प्रकाशन गर्ने लक्ष्य छ ।

**१०. हजुरको रचनाहरू पुस्तकहरूमा प्रकाशित भएको छ कि छैन ?**
वास्तवमा छरिएर रहेका रचनाहरूलाई एकत्रित गरी निकट भविष्यमा पुस्तकाकार रूपमा प्रकाशित गर्ने धोको छ तर हालसम्म भने गोरखापत्र लगायत अन्य पत्रपत्रिकाहरूमा प्रकाशित भइरहेका छन् ।

**११. गजल पनि लेखिबक्सँदो रहेछ, हजुरले लेखेका गजल कसैले गायका पनि छन् कि ?**
हो, गजल पनि लेखेको छु । गजलहरू प्रकाशित भएका छन् तर गायनमा गए पछि मात्र रेकर्ड गर्ने गरिन्छ ।



**स्व. श्री ५ वीरेन्द्रका साथमा कवि प्रमोद विक्रम राणा (स्नेही) २०५५ सालमा पुरस्कार प्राप्त गर्दै**

**१२. साहित्य लेखनको भविष्य नेपालमा कस्तो देखिन्छ ?**
देवकोटाकाल देखि नै उस्तै छ । तर निराशा हुनुपर्ने स्थिति भने छैन । जस्तो डायमण्ड शमशेरको सेतो बाघले अन्त्यकालसम्म रोयल्टी दिएर सहयोग गरेको देखिन्छ । तर यसैमा भर परेर मात्र बाँच्न गाह्रो छ ।

**१३. साहित्य लेखनले जीवन निर्वाह हुन्छ वा हुँदैन ?**
साहित्यकै माध्यमबाट मात्र जीवन निर्वाह गर्न गाह्रो छ । सबैको भाग्य डायमण्ड शमशेर र राष्ट्रकवि माधव घिमिरेको जस्तो जीवन पर्यन्त पुस्तकबाट रोयल्टी प्राप्त गरिरहने अवसर नमिल्न सक्छ । अन्तराष्ट्रिय पहिचान र रोयल्टी प्राप्त गर्नको लागि अब प्रकाशित पुस्तकहरूमा क्ष्क्यल नम्बर अंकित गरिएको हुनुपर्छ ।

**१४. हजुरले सम्फदा नेपालमा पुराना तथा नयाँ साहित्यकारमा क-कसलाई**

**सम्झीबक्सन्छ ?**
हामीले सम्झदा सर्वप्रथम पुराना साहित्यकारमा बालकृष्ण सम जो नेपालका शेक्सपियर भनेर चिनिन्छ भने महाकवि देवकोटा, आदिकवि भानुभक्त आचार्य र मोतिराम भट्टलाई पनि छुटाउनु हुँदैन । नयाँ साहित्यकारहरूमा डायमण्ड शमशेर, निर विक्रम प्यासी, गीतकार श्री विक्रम राणा र अन्य थुप्रै छन् । अबको पालो हामी आफैँ उठ्नुपर्ने भइसकेको छ ।

**१५. विदेशी साहित्यकारहरूलाई सम्झनु पर्यो भने कसलाई सम्झिबक्सिन्छ ?**
सर्वप्रथमत शेक्सपियर, म्याक्सिम गोर्की र शेली, हुन् भने नयाँमा अमृता प्रितम आदि छन् ।

**१६. हजुर प्रभावित भएको स्वदेशी तथा विदेशी साहित्यकारको नाम लिंँदा कसकसलाई सम्झिबक्सन्छ ?**
स्वदेशी आधुनिक साहित्यकारहरूमा भूपि शेरचन, कृष्णभक्त श्रेष्ठ, दिनेश अधिकारी, शैलेन्द्र साकार, बिमल निभा आदि छन् भने विदेशीमा शेक्सपियर, म्याक्सिम गोर्की र शेली आदि हुन् ।

**१७. साहित्य बाहेक अन्य क्षेत्रमा हजुरको सोख के मा छ ?**
साहित्य बाहेक संगीतमा मेरो असाध्यै सोख छ । भारतीय हिन्दी पुराना गीतहरू (लता र आशाका) गजलहरू (अलि, जगजितसिंह)का मन पर्छन् ।

**१८. पाञ्चायनले यस प्रकारको कार्यक्रम गरेकोमा हजुरको प्रतिक्रिया केही छ कि ?**
यस्ता कार्यक्रमहरू ढिलै भए पनि सुरू भएकोमा मलाई सारै खुशी लागेको छ । यस्तो निस्वार्थ कार्यमा आफु पनि मन बचन र कर्मले सहभागी भई यसको विकास र उन्नतिमा लागि पर्ने अठोट लिएको छु ।

**१९. पाञ्चायनले पाञ्चायन परिसर विस्तार कोष मार्फत जग्गा किन्नुपर्छ भन्ने अवधारणा २०६५ सालदेखि लिदै आएको छ त्यस बारे हजुरको कुनै प्रतिक्रिया छ की ?**
यस्तो थालनी राम्रो हो । भएको सकिँदै जाँदा भावी सन्ततीलाई अवश्य नै साँघुरो र अप्ठेरो पर्न सक्छ । हामी सबै जना एक जुट भएर यसको संरक्षण र सम्बर्द्धनमा आ-आफ्नो तर्फबाट सक्दो योगदान दिनु जरूरी देखिन्छ ।

**२०. विस्तार कोष मार्फत नै अर्थ संकलनको लागि खुत्रुके विवरण, हाल आएर जीवन बीमा गराई एजेण्टलाई प्राप्त हुने कमिसन आफै एजेण्ट बनी विस्तार कोषमा प्राप्त रकम जम्मा गर्ने कार्य गरिदै आएको छ यसमा हजुरको प्रतिक्रिया केही छ की ?**
नयाँ नयाँ योजनाहरू अझ आउनु पर्छ । अरू छुटेका राणाजीहरूलाई पनि सहभागी गराउने प्रयास गराउनु पर्छ । सदस्यता वितरण, घरदैलो भेटघाट र जानकारीद्वारा कुलबन्धुहरूलाई एकजुट बनाउन बनाउने प्रयासका साथै अर्थ संकलन समेत हुन्छ । जस्तो आजकाल विभिन्न जातिय भेला, संगठनले कार्यक्रम गरेको र तीज मेला आयोजना गरेको हामीले देखेकै छौं ।

**२१. हजुरले बिहान बेलुका खानामा के मन पराईबक्सिन्छ ?**
सामान्यत नेपाली दाल, भात र तरकारी नै मलाई मन पर्छ ।

**२२. हजुरको जीवनमा सम्झन लायक कुनै घटनाहरू छन् की ?**
छ हजुर, २०५५ को राष्ट्रिय कविता महोत्सवमा प्रथम भई स्व. राजा विरेन्द्रका हातबाट नारायणहिटी दरबारको मयुर बैठकमा प्रथम पुरस्कार ग्रहण गर्दाको क्षण र उहाँले मलाई 'तपाई कहाँबाट आउनु भयो र के गर्दै हुनुहुन्छ' भनेर सोधेको क्षण विर्सन सक्दिन ।

**२२. अन्तमा नयाँ पुस्तालाई हजुरले भन्नु केही छ की ?**
एकदमै भन्नु छ । विशेष गरी राणा कुँवर परिवारले आफ्नो छोराछोरीलाई आफ्नै कुरा लाद्नु भन्दा पनि आफ्ना बच्चाहरूको रूचिको क्षेत्रमा स्वेच्छा पूर्वक लाग्न दिनुपर्छ । जस्तो म आफै लेखन कार्यमा लाग्दा मेरो घर परिवारबाट त्यति प्रेरणा प्राप्त भएन । छोरीहरूलाई त अझै बढी नियन्त्रण हुन्छ । आजको जमानामा प्रचार प्रसार नगरी हाम्रो परिचय बाहिर आउनै सक्दैन । त्यसैले आफ्ना कार्यहरूलाई बजारमा ल्याउन जरूरी छ ।

## कविता

# सुकुलसँगै जीवन बुनिरहेकी आइमाई !

**'राष्ट्रिय कविता महोत्सव - २०५५' प्रथम**

**-प्रमोद स्नेही**

ऊ सुकुल बुनिरहेकी छ ।
सुकुलसँगै आफ्ना सारा
उमेर बुनिरहेकी छ ।
र
ऊ आफ्नो सारा जीवन
सुकुलमा पढिरहेकी छ ।
अनन्त/अनवरत
धमिला आँखाहरूले नियाल्दै
काँपेका हातहरूले बुनेका
सुकुलहरूमा
धेरै दुःखका रङ्गहरू
तप....तप....
निधारबाट झरेको हुन्छ ।
दुःखले बुनेका सुकुल ओछ्याएर
हाँस्दा मन दुख्छ
कालो भाग्य लिएर उ जन्मी
सारा उमेरभरि
आफ्ना अनगिन्ती
रहरहरू/विश्वासहरू
क्रमशः सुकुलसँगै बुनिरही
चुराको प्रेममयी भङ्कारहरू
एकान्तमा सुकुल बनाईमा
व्यर्थै/गुञ्जिरह्यो ।
उसले सुकुलसँग जीबनमा
दुःख बुनिरही
र आज पनि सुकुलसँग
अधुरो सपनाहरू बुनिरहेकी छ ।
सुकुलसँग सधैं सुख
बुन्न खोज्या- खोज्यै
मृगतृष्णा बुनिरहेकी छ ।

# समस्त
# राणा तथा कुँवर
# परिवारमा
# २०७४ सालको विजयादशमी एवं
# शुभ दीपावलीको पावन अवसरमा
# हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

**भवानी विक्रम राणा**

**श्रीमती जानकी राणा**

**छोरा म.से. बिनय विक्रम राणा**

**तथा**

**परिवार**

# Best Wishes On The Auspicious Occasion of

# Bijaya Dashami & Deepawali 2074

Trisara
garden of heaven

**Raunak SJB Rana**
Managing Director
Mob. : 9851112124

## Trisara Restaurant & Bar Pvt. Ltd.

**Lazimpat, Ktm, Nepal**
**Ph. : 4-410200**
**And**
**Lakeside, Pokhara**

**E-mail: trisararestaurant@gmail. com**
**Web: www. facebook. com/trisararestaurant**

Like us on facebook

**समस्त**
**राणा एवं कुँवर**
**परिवारमा २०७४ सालको**
*विजयादशमी*
*एवं*
*शुभ दीपावली***को**
**पावन अवसरमा हार्दिक मंगलमय**
**शुभ–कामना व्यक्त गर्दछौं ।**

श्रीमती रेखा राज्यश्वरी राणा
अ.प्रा.उ.र. डा. सुरज शमशेर ज.ब.रा.
डा. श्रीमती गीता राणा
डा.सलील शमशेर ज.ब.रा.
डा. श्रीमती नमिता राणा
सुश्री अनुशी राणा
**थापाथली**

**२०७४ सालको**
**विजयादशमी**
**एवं**
**शुभ दीपावलीको**
**पावन अवसरमा समस्त**
**कुलबन्धु तथा नेपालीहरुमा**
**हार्दिक मंगलमय**
**शुभ-कामना व्यक्त गर्दछौं।**

**अधिवक्ता तिलक शमशेर ज.ब.रा.**
**तथा**
**रानी अमृता राणा**
**कालिकास्थान, घट्टेकुलो**



# २०७४
# सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको
# पावन अवसरमा
# हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं ।

## रानी प्रभा लक्ष्मी राणा
## मनोहर शमशेर राणा
## तथा
## परिवार

# बरिष्ठ गायिका श्रीमती बाबा राणा सांगितिक यात्रा मेरो सम्झना !!

अग्रजहरूको पुर्ख्यौली थलो काठमाडौं लगनटोलदेखि पोखरा हुँदै २००७ साल अगाडिको सरकारी सैनिक सेवाको सिलसिलामा मेरो जीजुबुवा मे.क.स्व. भुपेन्द्र विक्रम राणा पश्चिम सैनिक जंगी अड्डा पाल्पा तानसेन गइबक्सेकोले, तत्कालको राजनैतिक परिवर्तनपछि बुवा कर्णेल स्व. घन विक्रम राणाको सवारी २०१० सालमा परिवार सहित पोखरा सवारि होइबक्स्यो त्यसबखत म एक बर्षको रहेछु । सो कुरा बुझ्ने भएपछि थाहा पाए । मानसिक र शारिरीक थकावट लगायत विभिन्न पर्वहरूमा मनोरञ्जनको रूपमा संगीत माहोल बाहेक अरू खास थिएन र सो पनि सम्पन्न वर्ग र समुदायमा मात्र थियो । परिवारमा बुवाहरूमध्ये माइला बुवा स्व. युद्ध विक्रम सितार वादक, कान्छा बुवा स्व. रामचन्द्र विक्रम रचनाकार तथा गायककार भएको र मेरो बुवा स्व. कर्णेल घन विक्रम राणा, संगीतकार वाध्यवादन स्वयम् गायक समेत होइबक्सन्थ्यो । बरिष्ठ संगीतकार गायक स्व. मित्र सेनको प्रेरणा र शिक्षा पाल्पा आवतजावतको अवस्थामा पाएको प्रभावबाट पोखरा आए पछि तत्काल सांगितिक माहोल हाम्रो पोखरा मिरूवाको घरमा हुने गर्दथ्यो । जीजु बुवाहरू स्वर्गीय भएको बर्ष दिनमा रामायण जात्रा दिवङ्गत आत्माको सम्झनामा हाम्रो घरबाट निकालिएको सम्झना छ । मानव जीवनमा सांगीतिक क्षेत्रको शिक्षा अभिभावकहरूबाट पाइदो रहेछ । त्यही मेरो मन मस्तिष्कमा सरस्वतीको पवित्र मन्दिर स्थापना भई निरन्तरता दिई यसैको सेवामा लागि परिरहे । बाल्यकालमा पोखराको मनमोहक दृश्य, उर्लदो संस्कृति, लोक गायन, आधुनिक गायनका भण्डार विभिन्न पर्व र समुदायका संस्कृति नेपालको रमणिय स्थलमा स्व. श्री ५ विरेन्द्रको समयानुकुल पोखरा भ्रमण कार्यक्रममा भाग लिई विभिन्न कार्यक्रम गरिन्थ्यो ।

प्राथमिक, माध्यमिक शिक्षा पोखरामा हासिल गरि काठमाडौं पद्मकन्या कलेजमा अध्ययनरत हुँदा सौभाग्यवस मलाई संगीत शिक्षा अध्ययन गर्ने अवसर प्राप्त भयो । म नौ बर्षको हुँदा श्री कृष्ण सुधामा, हरिशचन्द्र नाटकमा पार्श्व गितबाट प्रारम्भ भएको मेरो गायन क्षत्र जिल्ला, अञ्चल, केन्द्र हुँदै रेडियो नेपालसम्म पुगी विभिन्न आधुनिक, लोक, राष्ट्रिय र भजन गरि जम्मा १०० गीत रेकर्ड गरेको छु । आदरणीय गुरू चलचित्र निर्देशक तथा वरिष्ठ साहित्यकार श्री चेतन कार्कीज्यूको "आत्मा बचेको छैन" भन्ने नाटकमा म र मेरो दिज्यू धन राणाले गीत गाएको सम्झन्छु र उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु । मेरो पहिलो रेकर्ड गरेको गीत डम डम डम्फू बजेको तालैमा, हसिलि रसिलि कलेलि नसेली, बर्षको एक राती, नकुरी बस मलाई सधैं, आदि मेरा मुख्य रेकर्डहरू हुन् ।

मेरा दाम्पत्य जीवन वरिष्ठ गायक एवं संगीतकार, रचनाकार स्व. सरोज गोपालज्यू सँग भएको हो । उहाँ पनि यसै विधा र क्षेत्रमा हुनु भएकाले हाम्रो मन विचार, क्षेत्रलक्ष्य एकै भएकाले हामीबीच प्रेम विवाह भई, दास्रो अभिभावकको रूपमा संगीतिक क्षेत्रकै स्व. बुवा चन्द्रमान बज्राचार्यको ठूलो परिवारमा सदस्य हुन पुगें । मेरो परिवारमा एक छोरा फिरोज गोपाल, बुहारी मुनु बज्राचार्य, छोरी रिदम बाबा र नातिनी प्रिश्मा र जायना छन् । प्रतिष्ठित गायक स्व. पति सरोज गोपालज्यूले रेडियो नेपालमा धेरै गीत गाउनु भयो । जस मध्ये सदावाहार गीत आफ्नै रचना र संगीतमा "देउराली उकाली चढेर विजयपूर खोला तरेर", नक्कलीलाई भगाई लग्यो फिल्केले", "करोडै मुटुहरूको ढुकढुकीहरू" जस्ता सयौं गीतहरू गाई उहाँले भौतिक रूपमा छाडे पनि हाल उहाँका कृतिहरूले एक्लो भएको महशुस हुँदैन । उही पुरानो सम्झना, प्राप्त भएका पदक र



पुरस्कारहरू, संघ संस्था, समाज आदि क्षेत्रबाट पाएको धेरै पुरस्कारहरूको सम्मानले मलाई यस क्षेत्रमा लाग्न प्रेरणा गर्ने परिवार, गुरू मान्यजन सबैलाई हार्दिक धन्यवाद टक्र्याउँदछु ।

श्रीमान र मैले बाल्यकालदेखि यस क्षेत्रलाई अँगाली लोक संस्कृतिको विकासमा पाँच दशक निरन्तर यसैमा सेवा गरियो । आफ्ना सम्पूर्ण उमेर, शक्ति लगाई देश नरेशको सेवा गरे । यो क्षेत्रले दुखेका घाउमा मलम लगाउँदै बाँच्ने प्रेरणा दिंदै आफ्नो लोक संस्कृति बाचयराख्न सहयोग गर्नु हुनेछ भन्दै श्री राणा तथा कुँवर कुल तदर्थ संरक्षण समिति कास्की, पोखराको अनुरोधमा आफ्ना सांगितिक क्षेत्र सरस्वतिको पवित्र मन्दिर हो भन्ने विचार हजुरहरू समक्ष राख्दै "श्री जगनन्द प्रकाशेश्वर तथा पाञ्चायन संरक्षण समिति"का सम्पूर्ण माइति पदाधिकारीज्यूहरूमा हृदयदेखि आभार प्रकट गर्दै धन्यवाद टक्र्याउन चाहान्छु ।
२०७४ को विजयादशमी एवं दिपावलीको शुभ अवसरमा सबैलाई हार्दिक शु-स्वास्थ्यको शुभकामना टक्र्याउदछु ।

**बाबा राणा**
**गायिका**
**पोखरा, बागबजार**
**फोन :- ०६१५२०७१२**


हाम्रो वाग्मती हाम्रो सभ्यता
कायम राखौँ यसको पर्यावरणीय स्वच्छता,
जोगाई राख्न सके यसको पवित्रता
बढ्ने छ आत्म सम्मान आत्मीयता,
सदाँ बचाई राखौँ यसको सौन्दर्यता
सबै मिली गरौ प्रयास र प्रतिबद्धता

नदी क्षेत्रमा हुने अव्यवस्थित ढल निकासलाई नियन्त्रण गर्न सहयोग पुऱ्याऔं
बाग्मती नदी र यसका सहायक नदी नालाहरुलाई स्वच्छ र सफा राखौ,
नदी किनाराको जग्गाहरुको संरक्षण गरौं
नदी किनारामा वृक्षारोपण गरौं नदीको सौन्दर्य बढाऔं
नदी किनाराको दाँया बाँया निर्धारित मापदण्डभित्र नयाँ संरचना नबनाऔं,
बाग्मती सभ्यताको विकास र सम्बर्द्धन गरौ
बागमति नदी संरक्षण तथा सरसफाई अभियानमा सहभागी बनौं

"प्रत्येक शनिबार बिहान ७:०० बजे देखि हुने बाग्मती नदी सरसफाई महाअभियानमा सहभागी बनौं"

**अधिकार सम्पन्न बागमति सभ्यता एकिकृत विकास समिति**

गुहेश्वरी फाँट काठमाडौं



Hearty Greetings
on the occasion of

# BIJAYA DASHAMI
# &
# DEEPAWALI 2074

## Shrawan Kumar Rana
## Mrs. Sushma Rana
## &
## Family

# समस्त
# राणा तथा कुँवर
# परिवारमा
# २०७४ सालको *विजयादशमी*
# *एवं शुभ दीपावली*को पावन
# अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

**पूर्व सचिव सुशिल जङ्ग बहादुर राणा**
**श्रीमती रिता राणा**
**छोरा संमृद्ध जङ्ग बहादुर राणा**
**बुहारी दिक्षा सिंह राणा**
**छोरी स्निक्धा राणा चन्द**
**ज्वाइ प्रदिप चन्द**

समस्त
राणा तथा कुँवर परिवारमा
२०७४ सालको
**विजयादशमी एवं शुभ दिपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना
व्यक्त गर्दछौं ।

अध्यक्ष
राज विक्रम राणा
एवम्
बम वीर विकेटेश्वर शिवालय
गुठी परिवार
टेकु, पचली

समस्त
राणा तथा कुँवर परिवारमा
२०७४ सालको
**विजयादशमी एवं शुभ दिपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना
व्यक्त गर्दछौं ।

अ.प्रा.स.र श्री दिगम्बर शमशेर ज.ब.रा
छोरा सेनानी इन्दिबर शमशेर ज.ब.रा.
बुहारी श्रीमती ममता राज्यलक्ष्मी राणा
नातिनी सुश्री अदीत्री राणा


अब सानिमा VISA डेबिट कार्ड नेपालभर ७३६ ATM* बाट नि: शुल्क प्रयोग गर्न सकिने !
अन्य बैंकका ATM बाट मासिक ३ कारोबार सित्तैमा* !
Online खाता खोल्न र कार्ड Apply गर्न हाम्रो website www.sanimabank.com वा नजिकैको शाखामा सम्पर्क राख्नुहोस् ।
SanimaBank
थप जानकारीका लागि Card hotline no. : 4443901/Toll free no. 1660-01-23111
*नि:शुल्क सेवा लिन सकिने बैंकहरुको सूचीका लागि हाम्रो website www.sanimabank.com वा नजिकको शाखामा सम्पर्क गर्नुहोला ।



# सम्पूर्ण
# राणा तथा
# कुँवर
# परिवारहरुमा
# २०७४ सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको पावन
# अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

## पूर्व सचिव स.र. सुशील शमशेर ज.ब.रा.


SUMMIT AIR
C-FASC
Summit Air
Wings of Everest



**२०७४**
**सालको**
**बडा दशैं**
**र**
**तिहारको**
**शुभ उपलक्ष्यमा**
**सकल कुँवर राणा**
**परिवारको**
**सुख-समृद्धिका लागि**
**शुभ-कामना व्यक्त गर्दछौं ।**

**दिलीप शमशेर ज.ब.रा.**
**रानी उमा राज्यलक्ष्मी राणा**
**छोरा आलोक शमशेर ज.ब.रा.**
**लालदरबार**



# विजयादशमी
# एवं
# शुभ दीपावली
# २०७४ सालको पावन अवसरमा
# सम्पूर्ण नेपालीहरुमा
# हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

**रा.प्र.पा.प्रजातान्त्रिक अध्यक्ष पूर्व मन्त्री**
**पशुपति शमशेर ज.ब.रा.**
**रानी उषा राजे राणा**
**तथा**
**परिवार**
**विजय निवास, महाराजगंज**
**काठमाडौं**

पूर्खाले स्थापना गरी
बक्सेका भावी सन्ततिको नासोको
रूपमा रहेका ऐतिहासिक धरोहर, धार्मिक
सम्पदा तथा धर्म संस्कृतिको संरक्षण र सम्बर्द्धनमा
सतत् प्रयासरत यस निजी गुठी र समान उद्देश्य, प्रतिबद्धताका
साथ अगाडी बढिरहेको पाञ्चायन
संरक्षण समिति थापाथलीद्वारा प्रकाशित
स्मारिकाको पूर्ण सफलताको
कामना गर्दै

विजयादशमी तथा शुभ दीपावली
२०७४ साल

को हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।

श्री कैलाश बद्रीनाथ प्रभृत्ति सदावर्त निजी गुठी

कमान्डर इन चीफ बद्री नरसिंह राणाद्वारा
स्थापित वि.सं. १९०५
पशुपती, कैलाश
तथा
समस्त नरसिंह राणा परिवार

Best Wishes

on

the asupicious occasion

of

**HAPPY BIJAYA DASHAMI**

**&**

**DEEPAWALI 2074**

turbo

NEPAL

Turbo Motor Trading Pvt.Ltd.

Narayan Chaur, Kathmandu


गौतम बुद्ध
बचत खाता
विशेषताहरु :
◆ न्यून मौज्दातमा बचत खाता
◆ नि:शुल्क आस्बा (ASBA) सुविधा
◆ मोबाईल बैंकिङ्ग
◆ इन्टरनेट बैंकिङ्ग
◆ जनता भिसा डेबिट कार्ड
◆ ई-स्ट्याट खाता सुविधा
◆ नि:शुल्क चेक बुक
८%*
वार्षिक
न्यूनतम मौज्दात रु. १००/-
* शर्तहरु लागु हुनेछ ।
Janata Bank
नेपाली जनताको बैंक, जनता बैंक
केन्द्रीय कार्यालय
पहिलो तल्ला, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाडौं
फोन: ०१-४१०१६३४, ४१०१६३५
इमेल: info@janatabank.com.np
www.janatabank.com.np

# फिष्टेल एयर सधैं नेपाली जनताको सेवामा

**भ्रमण, बिकास निर्माण, दैवी प्रकोप तथा बिरामी को आकस्मिक उद्धारको लागि।**




FISHTAIL AIR

गैरी गाउँ, सिनामङ्गल, काठमाडौ

फोन नं. ०१ ४११२४६५/४११२२१७, एयरपोर्ट: ०१ ४९९१८२६/४९९०६२५

मोबाइल: ९७७ ९७५१०००१२०/१९/१८/१५/१४

E-mail: operation@fishtailair.com, sales@fishtailair.com

www.fishtailair.com

# श्रीमती प्रतिमा राणा पाँडेज्यू सङ्गको अन्तरवार्ता

**श्री ३ महाराज देव शम्शेर सन्तति श्री हिमालय शम्शेर जवरा र मुवा विजयलक्ष्मी राणाको सुपुत्रीको रूपमा काठमाडौंको थापाथलीमा जन्म लिनुभएकी श्रीमती प्रतिभा राणाको विवाह उद्योगपति पृथ्वीबहादुर पाँडेसँग सन् १९७९ मा भएको हो । बुवाको युनाइटेड नेसनमा सर्भिस रहेकोले सानै उमेरको स्कूले शिक्षा विदेशमै प्राप्त गर्नु भएकी उहाँले सेन्ट मेरिज हाईस्कूलबाट एस.एल.सी. सकि उहाँले बेलायतको युनिभर्सिटी अफ हुडर्सफिल्ड वेस्ट योर्क सायर इङ्ल्याण्डबाट होटल एण्ड क्याटरिङ्ग एडमिनिस्ट्रेसनमा हाइयर नेसनल डिप्लोमा र डिग्री लिनुभएको छ । इटलीको अवैतनिक महाबाणिज्य दूत उहाँ विभिन्न संघ संस्थाहरूसँग आवद्ध हुनुहुन्छ । एक छोरी र एक छोराकी आमा प्रतिभा पाँडेज्यूसँगको एक भेटमा पाञ्चायन स्मारिका २०७४ का लागि लिएको अन्तर्वार्ताको सार संक्षेप ।**



**१) हजुरको बुवा मुवाको नाम के हो ?**

☞मेरो बुवा श्री हिमालय शम्शेर जवरा होइसिन्छ भने मुवा विजयलक्ष्मी राणा होइसिन्छ ।

**२) हजुरको जन्म कहिले र कहाँ भएको हो ,हजुरको विवाहको संग कहिले भयो र हजुरको सन्तान कति छन् र के के गर्दै छन् ?**

☞मेरो जन्म सन् १९५७ को मे २१ मा थापाथली काठमाडौंमा भएको हो । सन् १९७९ डिसेम्बरमा पृथ्वीबहादुर पाँडेसँग विवाह भएको थियो । हाम्रा दुई बच्चाहरूमा छोरी सोफिया पाँडे न्यूयोर्क अमेरिकामा स्नातकोत्तर गर्दै छिन् भने छोरा शिवान्तबहादुर पाँडे बेलायतमा अर्थशास्त्रमा स्नातकोत्तर गरी हाल इन्भेष्टमेन्ट बैंकमा कार्यरत रहेका छन् । हाम्रा नाती आरोहण पाँडे ३ बर्षका छन् भने बुहारी आस्था पाँडे एक गैरसरकारी संस्थामा परामर्शदातृको रूपमा कार्यरत छिन् ।

**३) हजुरको दाजुभाई तथा दिदि बहिनीहरू कति जना होई बक्सन्छ तथा उहाँहरू के के गर्दै छन् ?**

☞मेरा जेठा दाजु अशोक शमशेर जवरा बैंकिङ् क्षेत्रमा होइसिन्छ भने कान्छा भाई अमर शमशेर जवरा व्यापारमा संलग्न छन् । बहिनी संगीता थापा भने समाजसेवामा संलग्न छिन् ।

**४) हजुरले प्रारम्भीक शिक्षा देखि उच्च शिक्षा सम्म कहाँ कहाँ लिई बक्सियो ?**

☞मेरो शिक्षा बुवाको जागिरको सिलसिलामा विभिन्न देशमा कार्यभार सम्हाल्नु पर्ने हुँदा म सानो छँदा विभिन्न देशहरू जस्तै अमेरिका, श्रीलङ्का, अफगानिस्तान र बेलायतको शाही परिवारले पढ्ने प्रसिद्ध स्कूलमा ७ बर्षसम्म पढें ।

**५) १९७२– ७६ सम्म 8 O level / 3 A level भनेको कस्तो शिक्षा प्रणाली हो ?स्पष्ट पारी बक्सन्छ की ?**

☞यो सामान्यतया पश्चिमी शिक्षा प्रणाली हो । पहिलोमा अंग्रेजी भाषा, साहित्य, इतिहास, भूगोल फ्रेन्च, गणित र सामान्य विज्ञान पर्छ भने दोश्रोमा अंग्रेजी, फ्रेन्च र इतिहास पर्दछन् जुन मैले गोडन्सटाउन स्कूल स्कटल्याण्डबाट पुरा गरैं ।

**६) १९७६ – ७९ सम्म Higher National Diploma and degree in Hotel and catering Administration on at University of Huddersfield West Yorkshire Engjland U.K. बाट डिग्री लिई बक्सेको रहेछ व्यवहारमा पनि त्यो डिग्रीलाई लाई उपभोग गरी बक्सेको छ की छैन ?**

☞हो, मैले एभरेष्ट शेराटन होटेलमा सन् १९८८-९० को अवधिमा होटेलको बजार व्यवस्थापनको काम पनि गरे । पछि तत्कालीन शा.ने.वा.नी. मा करिब ५ बर्षको क्याटरीङ् सम्बन्धि परामर्शदाताको रूपमा पनि काम गरे ।

**७) १९ मे २०१६ देखि Honorary Consul General of Italy in Nepal पाई बक्सेको रहेछ उक्त Consul General को भूमिका मा Nepal तथा Italy मा कुन कुन क्षेत्रमा रहन्छ? स्पष्ट पारी बक्सन्छ की ?**

☞यो वास्तवमा सुविधायुक्त अवैतनिक महावाणिज्य दूतको काम हो । यसको अफिस नेपालमा हेरिटज प्लाजा कमलादीमा दोश्रो तलामा छ । यो वास्तवमा इटालियन नागरिकहरूको समस्यालाई सम्बोधन र समाधान गर्ने प्रयास गर्दछ । यस संस्थाले आफ्ना नागरिकलाई आवश्यक पर्ने भिजामा सहयोग गर्ने । दुई देश बिचको सम्बन्धलाई सुदृढ बनाउने काम गर्दछ ।

**८) हजुर १९९० देखि १९९८ सम्म Friends of Budhanilkantha School को कार्यकारी सदस्य भै बक्सदा गरेको कार्यहरूको बारेमा प्रकाश पारी बक्सन्छ कि ?**

☞मेरो २ जना छोरा छोरीलै त्यही स्कूलमा अध्ययन गरेकाले अभिभावकको नाताले म त्यस स्कूलसँग आवद्ध भएको हुँ । ७-८ बर्ष त्यस स्कूलसँग आवद्ध रहँदा प्राध्यापक, शिक्षक र अभिभावकबीच बेला बेलामा मिटिङ् संचालन गर्ने र आर्थिक स्रोत जुटाउने आदि कार्यहरू गरैं ।

**९) १९९८ देखि हजुर Nepal Heritage Society को Treasure तथा Vice President होई बक्सदो रहेछ उक्त संस्थाको खास खास भूमिका समाजमा के के रहन्छ तथा हजुरले गरेको कुनै उलेल्खनिय कार्यहरू छ की ?**

☞म अहिलेसम्म पनि यस संस्थामा आवद्ध रहेर नेपाली संपदा, परम्परा र संस्कृतिको संवर्द्धन र संरक्षण गर्ने कार्यमा जुटेको छु र यस संस्थाले एक स्मारीका पनि प्रकाशन गर्ने कार्य गरिरहेको छ ।

**१०) २००२- २००३ मा हिमालयन बैंकको निर्देशक २००१- २००४ सम्म Vice President of Asman, Alumnae of St.Mary's High School, Alliance Francaise को President, Kathmandu Valley Preservation Trust को Director, Trek O'tel Hotel Pokhara को Chairperson आदि संस्थामा संलग्न होई बक्सी एकै चोटी सबै तिर भुमिका निर्वाह गर्न भ्याई बक्सन्छ त स्पष्ट पारी बक्सन्छकी ?**

☞हो, म अवश्य नै व्यस्त रहन्छु । तर पनि म कुनै तरिकाले कामको व्यवस्थापन गरिरहेकी छु । किनकी ती सबै पूर्णकालीन कार्यालयको जागिर जस्तो होइनन् ।

**११) Hobbies मा Reading, Music, Travelling तथा Sports रहेछ अध्यनमा कुन कुन विषयका पुस्तकहरू पढ्न रूचाई बकसन्छ ?**

☞विशेषतया म इतिहास, जीवनी र हालै प्रकाशित भएका लोकप्रिय पुस्तकहरू पढ्न रूचाउँछु र संगीतमा मेरो शोख छ । म भ्रमण गर्न रूचाउँछु र खेलकुदमा स्कूल कलेज पढ्दा पौडी, व्याडमिन्टन, टेवल टेनिस खुबै खेल्ने गर्थे तर अहिले समय नै छैन ।

**१२) सङ्गितमा कुन प्रकारको सङ्गित तथा कस कस्को सङ्गित सुन्न मन पराई बक्सन्छ ?**

☞म पश्चिम गीतहरूमा बिटल्स रोलिङ् स्टोन्स आदि पप संगीत सुन्छु भने हिन्दी गीतहरूमा लता मङ्गेस्कर, महम्मद रफी र किशोर कुमारको गाना मन पर्छ ।

**१३) कस्ताकस्ता क्षेत्रमा घुम्न मन पराई बक्सन्छ र कहाँ कहाँ घुमी बक्सियो ?**

☞खास त म युरोप, अमेरिका र दक्षिण एसियाका भारत थाइल्यान्ड लगायत पचास अधिक देशहरू घुमिसकैँ तर चाहेर पनि पूर्वी नेपालको चिया बगान हेर्न जाने अवसर अझै जुटेको छैन ।

**१४) खेलकुदमा कुन कुन खेल मन पराई बक्सन्छ ? आफै पनि खेलाडी हो की?**

☞मैले अघि नै भनिसके पौडी मलाई सबै भन्दा मन पर्ने खेल हो । अहिले खेल खेल्ने समय नै छैन ।

**१५) पाञ्चायनले यस प्रकारको कार्यक्रम गरेकोमा कस्तो महशुस गरी बक्सेको छ ?**

☞स्पष्ट भन्नुपर्दा यस्ता कार्यक्रमहरूको आयोजना गर्नु राम्रो पक्ष हो । तर कुँवर राणाका छोरीहरू यस्ता कार्यमा साह्रै कम सहभागी भएको देखिन्छ । सानोमा मन्दिरमा दर्शन गर्न, हेर्न र खेल्न जान्थ्यौ तर आजकाल विहे पछि जान मिल्ने हो की होइन त्यो थाहा भएन ।

**१६) अन्तमा नयाँ पिढीलाई केहि सन्देश छ की ?**

कुँवर राणा परिवारको नयाँ पुस्ताका सन्ततिहरू अगाडि आउनुपर्छ । आफ्नो पूर्वजले हासिल गरेको गौरवलाई कायम राख्दै राष्ट्रिय संस्कृति र सम्पदाको पनि संरक्षण र संवर्द्धन गर्न युवा पुस्ता आफ्नो प्रतिभा देखाउनै पर्छ ।

समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

मुवा रमा राज्यलक्ष्मी राणा
छोरा प्रतीक विक्रम राणा
बुहारी स्वस्तिका राज्यलक्ष्मी राणा
नाती परामर्थ विक्रम राणा
सत्यार्थ विक्रम राणा

समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

सदस्य सचिव कुण्डलजंग कुँवर
श्रीमती जोत्सना कुँवर
छोरी प्रभुति कुँवर
छोरा प्रणवजंग कुवर

# समस्त
# राणा तथा
# कुँवर
# परिवारमा २०७४ सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको
# पावन अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

**माननीय राज्यमन्त्री उदय शम्शेर ज.ब.रा.**

**रानी उर्वशी राणा**

**छोरा आयुष शम्शेर ज.ब.रा.**

**तथा**

**समर शम्शेर ज.ब.रा.**

**ललितपुर**

२०७४
सालको
बडा दशैं र
तिहारको
शुभ उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरुमा
सुख समृद्धिका लागि
शुभ–कामना
व्यक्त गर्दछु ।

# शेर्पा मल

दरबारमार्ग, काठमाडौं

*Hearty Greetings*
*on the Auspicious occasion of*

# BIJAYA DASHAMI
# &
# DEEPAWALI 2074

*Edhya Shamsher J. B. Rana*
*Gyanu Rana*
*Dhapasi, Kathmandu, Nepal*

*Prabir Shamsher J. B. Rana*
*Shradha R. L. Rana*
*Kabir Shamsher J. B. Rana*

*Pragendra Shamsher J. B. Rana*
*Sanjok Rana*
*Shivansh Shamsher J. B. Rana*

Best Wishes to the
Rana & Kunwar Clan on the
Auspicious occasion of

HAPPY BIJAYA DASHAMI
& DEEPAWALI 2074

Rani Uma Rana
&
Family

समस्त
राणा तथा कुँवर परिवारमा
२०७४ सालको
विजयादशमी एवं शुभ दिपावलीको
पावन अवसरमा हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

असिम शमशेर राणा
रानी कामिनी पाण्डे राणा
छोरा आर्यन शमशेर राणा
छोरा सिद्धार्थ शमशेर राणा
बालुवाटार, काठमाडौं

## Complete Solution for All Channels

HBO
HOME BOX OFFICE

cinemax

zoom

BBC
WORLD NEWS

# UBP PRIME Pvt.Ltd

Heritage Plaza Building 1, 4th floor (Next to CIB) KAMALADI
Kathmandu, NEPAL Tel-01- 4169168, Fax: +977 1 4168065
Mobile : +977 9801025831

Hotel ★★★
Marshyangdi
your choice of comfort

Hotel Marshyangdi, situated in the heart of Thamel, Kathmandu's mecca for tourists, has been providing world-class accommodation to visitors since 1990.

Conference



समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

**डा. युवर्ण शमशेर ज.ब.रा.**
**रानी शान्ति राज्यलक्ष्मी राणा**
**तथा**
**परिवार**

---


समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

प्रद्युम्न शमशेर ज.ब.रा
मित्रपार्क , चावहिल ,काठमाडौं

---

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

भिमसेनराज कुँवर
श्रीमती मैयाँ कुँवर
छोरा महेश्वर राज कुँवर
नाती सुभम राज कुँवर
तथा परिवार
गोगबु-२, बालुवापाटी


बचतको सुविधामा मुद्दतीको प्रतिफल
महालक्ष्मी विकास बैंक
सुनौलो
बचत
* शर्तहरु लागुहुने छन् ।
8%
interest p.a.
महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)
प्रधान कार्यालय दरबार मार्ग, काठमाडौं, नेपाल
फोन नं.: ४२६८७१९/४२६८७२०, फ्याक्स: ४२६९३०८
Find us on facebook
/mahalaxmibikasbank/
www.mahalaxmibank.com

# कुँवर राणा थरको उत्पत्ति, अर्थ र विकास

...रामकृष्ण कुँवर



'कुँवर' शब्दको उत्पत्ति पनि धेरै रोचक छ । इतिहास र पुराणको अध्ययन अनुसार प्राचीनकालमा धेरै पटक देवासुर संग्राम भएको थियो । त्यस्तै एक युद्धमा तारकासुर नामक दैत्यले तीनै लोक जितेर देवता, मानव र अन्य सबै प्राणीहरूलाई दुःख दियो । त्यसपछि ब्रम्हाजीको बरदान अनुसार शिवपार्वतीका जेष्ठ पुत्र कुमारको सेनापतित्वमा संचालित पाँच दिनसम्म चलेको घमासान युद्धमा तारकासुरको बध भयो । यसरी देवसेनाका सेनापति भएर कुमार, देवता, मानव, गन्धर्व आदि सबै माझ निकै लोकप्रिय भए पछि उनले नेपालको महाकाली नदी भन्दा पश्चिमपट्टी 'कार्त्तिकेयपुर' (कर्तृपुर) मा राजधानी बनाई ( वर्तमानकालको कुमाऊँ गढवाल क्षेत्रमा आफ्नै राज्य) खडा गरे । आज सोही कर्तृपुर शब्द अपभ्रंस भई कथ्यूरीगढ (कत्यूर) भएको छ (नरहरिनाथ, २०३४ : ६-७) ।

पछि यिनै कुमारको नामबाट कुमार पदधारी अनेकानेक राजाहरू भए, जसमा सहजपाल, अजयपाल, विश्वपाल, भूपाल इत्यादि प्रख्यात छन् । कसैले राज काज गरे, कसैले धर्म कार्य गरे । राज गर्ने वालाका छोरा राजकुमार भए, राज कुँवर कहलिए । पछि दुवै कुमारको भाषा विकास क्रमश : कुमार=कुमर=कुंवर =कुँअर =कँवर =कुँवर आदि भयो र सोही पदबाट विभूषित भएर अद्यपि कुँअर वा कुँवर भन्ने गरिन्छ । (ऐ. : ६,७) सो कुराको उल्लेख कार्तिकेयपुर अजयमेरू डडेल्धुरा किल्लाका मन्दिरमा प्राप्त शिलालेख, ताम्रपत्र, स्वर्णपत्र आदिमा पढ्न पाइन्छ ।

यसरी कुमार (कुँवर) शब्दको मूल रूप संस्कृत जुन भाषा भारतबर्षमा ई.पु. १५००-५०० सम्म देववाणी मात्र होइन राष्ट्र भाषा समेत थियो । यहाँ कु+मार= कुमार बनेको छ । यसको शाब्दिक अर्थ कुत्सित, कुकर्म वा खराब आचरण गर्नेवालालाई मार्ने व्यक्तिलाई 'कुमार' भनिन्छ । साथै अन्य अर्थमा बालक र अविवाहित पुरूष भन्ने हुन्छ ।

**नेपाली बृहत शब्दकोषमा कुँवर शब्दलाई अर्थ्याउने क्रममा :-**

कुँवर- नाम (संस्कृत कुमार) १. अघि-अघिका राजारजौटाका सन्तान, राजकुमार, कुमार । २. शुद्ध क्षेत्रीको एक थर, स्त्री कुँवरानी । त्यस्तै, भार्गवको स्टान्डर्ड डिक्सनेरीमा कुँअर (कुँवर) शब्दको अर्थ यस्तो छ । कुँअर (छोरा, राजकुमार, युवराज, शाही परिवारको पुरूष सदस्य) ।

त्यस्तै कुँवर शब्दको सुरूवात नेपालमा भने जुम्लाका सिंञ्जा महाराज पृथ्वीमल्लको कनकपत्र शाके १२७८ (वि.सं १४१३) मा 'कुँवरभार' भन्ने शब्द उल्लेख छ । सो कुरा सूर्यमणि अधिकारीले 'खस अधिराज्य' भन्ने पुस्तकमा उल्लेख गरेका छन् (अधिकारी, सन् १९९७ : ६३) ।

यस शब्दको आधिकारीक प्रयोग जुम्ली सम्राट अभयमल्लको शाके १३०५ (वि.सं. १४४०) ताम्रपत्रमा उल्लेख भए अनुसार उनका छोरा थिएनन् छोरी मात्र थिए । आफ्नो सन्तानको डोरोबाटो छोरीमात्र हुनाले उक्त अभिलेखमा उत्तराधिकारीको प्रत्याभूति दिंदा 'कुँवरको कुँवर' (छोरीको छोरो) उत्कीर्ण गराएका थिए (नेपाल यात्री, २०४२ : ३२) । उनी छोरा नभएका कारण बिरक्त भई योगी अभयानन्द भएर हिँडे । यसरी 'कुँवरीको कुँवर' भन्ने राजा मलय बर्मा (वि.सं. १४३५-४६) थिए -अधिकारी, २०४३ : ३) । साथै नेपाली भाषाको उत्पत्ति शाके ९०३ (वि.सं १०३८) तिर भएको पाइएकाले त्यतिबेलादेखि कुँवर शब्द कर्णाली प्रदेशमा प्रचलित हुनुपर्छ । वर्तमान समयमा क्षेत्री र ठकुरीका जति थरघर छन् तीनको श्रीगणेश सिंजाकालमा भयो भन्ने कुरा बालकृष्ण पोखरेलले पद (पदवी) र सो अभिलेखको समयको आधारमा तोकेका छन् । जस्तै कुँवर (=युवराज) शब्दको सर्वप्रथम प्रयोग पहले देखि नै भए पनि निरयपाल (डोटी नरेशको) अभिलेख शाके १२८४ (वि.सं १४१९)को लिखित प्रमाणबाट स्पष्ट हुन्छ (पोखरेल,२०५५ : ६४७) । सिंजाकालमा कर्णाली प्रदेशका मल्लराजाहरूका युवराजहरूलाई कुँवर भन्ने गरिन्थ्यो र ती मध्ये जुम्ली महाराज सूर्यमल्लको पालामा मान्छे खाने बाघलाई मारी जनालीकोट अछामका राजा जयसिंहदेव कुँवरले उनकी कान्छी छोरी कौशिल्यावतीलाई विवाह गरी ल्याएका थिए भन्ने कुरा उल्लेख गरेकाले वि.सं १४०० तिरको पूर्वार्ध मै कुँवरहरू राजा भएको देखिन्छ । वर्तमान स्याङ्जा जिल्ला भीरकोटमा शाहवंशको राज्यको श्री गणेश हुनु पूर्व नै वि.सं. १३६० तिर भीरकोट धरमपानी क्षेत्रमा धरमसिंह राजा भएका थिए भन्ने कुराको पुष्टि श्री ३ जंगद्वारा वि.सं. १९०६ मा निर्मित थापाथली पाञ्चायन मन्दिरको भित्तामा कुंदिएको शिलालेखमा '......... रामसिं पश्चीं पहाड भिर्कोट अन्तर्गत कारसाङका राजा भएमा आई ताहाँका फौजलाई खड्गविद्या सिकाई बसेका थिए । ......'

त्यस्तै नेपालको इतिहासमा बत्स गोत्रीय कुँवरलाई भीरकोटका राजाले कुँवर खड्काको उपाधि दिए भन्ने पनि उल्लेख छ । यसै प्रसङ्गमा कुमाउँको इतिहासका लेखक बद्रीदत्त पाँडेका अनुसार राजाका दाँयातिर बस्ने भारदारलाई 'कुँवर वा रौतेला' भन्दछन् र जुम्लामा बस्न आउने रामसिंह कुँवरको सातौं पुस्तामा पैदा भएका जंगबहादुरलाई श्री ५ सुरेन्द्रबाट बक्सिएको लालमोहर (वि.सं. १९०५ बैशाख सुदी १३ रोज २) मा यस्तो लेखिएको छ । 'तिम्रा बुढा जिजुबाज्या अैराम कुँवर चाही हाम्रा पूर्खा नरभूपाल शाहका पालामा गोर्खा आएका रहेछन्, आजतक कुँवर नै कहलाएका थियौं......तिमीहरूका वंशावलीमा तिम्रा पूर्खाहरू कुँवरराणाजी रहेछन् ......राजपूतहरूको जो चलन चलिआएको छ सोही माफिक विवाहवारी गर्नु भनि धर्मपत्र गरि तिमीहरूलाई बक्स्यौं ....।' (कुँवर राणाजीहरूको बृहत वंशावली, २०५६ः २-३) । आखिरमा कास्की, लमजुङ्ग र भीरकोटका श्री ३ महाराज (१९१३ श्रावणमा प्राप्त पदवी) जंगबहादुरले आफ्नो ऐतिहासिक पदवीलाई पुन प्राप्त गरेर आफ्नो पहिचानलाई कायमै गरेका थिए ।

भारतीय राजपूत (राणा) परिवारको इतिहासदेखि राणाहरूका छोराहरूलाई कुँवर भन्ने गरिन्थ्यो । साथै राजाको छोराको पनि छोरा

भन्ने अर्थ लाग्ने 'श्रीमद्राजकुमारकुमारात्मज' जस्तो विभूषण पाउने प्रथम राणा प्र.म. श्री ३ जंगका पूर्वजहरूको वंशावली खोतल्दै जाँदा सो कुराको प्रमाण उदयपुर राजदरवारको भित्तामा उनको परिवारका एक सदस्य नेपाल तिर गए भनेर ज्ञानमणि नेपालले लेखेको पुस्तकमा पनि उल्लेख गरेका छन् । (नेपाल, २०५५ : १२५) । त्यस्तै वत्सगोत्रीय राजा 'मूलक', दशरथ पुत्र राम, राजासुरथका पिता रणक र आठौं शताब्दीका रणसुर राजा बप्पा रावल (विं सं. ७७०-८६९) सम्म पुग्नुपर्ने हुन्छ । यसरी राणा शब्दको उत्पत्ति र अर्थ खोज्दा आफ्नो राज्य विस्तार र न्यायको लागि 'रण' गर्ने राजा 'रणक' बाटै राणा भएको बुझिन्छ भने अर्को अर्थमा जो रणमा बहादुर वा रणसुर हुन्छ ऊ 'राणा' हुनु युक्तिसंगत देखिन्छ । तर 'रण'बाट राणा बनेको यो शब्दलाई अंग्रेजी हिज्जे अनुसार 'राना' उच्चारण गरिन्छ तर राना चाही नेपाली समाजमा मगरको एक थर हो जुन राणा क्षेत्रीभन्दा फरक हो । त्यसैले शास्त्रमा जसले शुद्ध उच्चारण गर्न सक्दैन त्यस्ता सन्ततिसँग पितृ समेत रिसाउँछन् भनेर उल्लेख छ ।

इतिहासको अध्ययन गर्दा मुसाई अरबका सेनापति कासिम खाँलाई १५ बर्ष कै किशोर उमेरमा वि.सं ७८५ मा भएको धर्म युद्धमा रणयोद्धा बप्पा रावलले शत्रुका सलहझै सेनालाई समाप्त गरी भारतबर्षमा हिन्दूराज्य र धर्मलाई जोगाएका थिए र उनलाई यस्तो महा रण(युद्ध) लडेर जित्ने महाराणा बप्पा रावल वा 'सुरज-ए-हिन्द' भनेर सम्मान गरिएको थियो । तत्पश्चात हिन्दू धर्म संस्कृति र राज्यको रक्षाका लागि भारतबर्षमा जीबनपर्यन्त लडाँई लड्ने महाराणा प्रतापसिंह (मेवारका राजा ), राणासाँगा चित्तौरबाट नेपाल छिर्ने राणा रामसिंह, धरमसिंह लगायत कैयौं राजपूत हिन्दू राणाहरू त्यसैको निरन्तरता र तिनैका वंशज नेपालका जंगबहादुर कुँवर राणा जसले १८१६ को सुगौली सन्धीमा गुमेको विशाल नेपालको अंग्रेजसँग माग गरे पनि मात्र नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) १८५७ को सिपाही विद्रोह दमन गरी फिर्ता गर्न सफल हुनुका साथै नेपाल भोट युद्ध (वि.सं १९११) गरी नेपालको उत्तरी सिमाना रक्षा गर्नुका साथै बार्षिक रू ११ हजार नेपाललाई दिलाउने यस्ता बहादुर र देशभक्त प्रधानमन्त्रीको पनि मान सम्मान र गौरवलाई कम गर्ने प्रयास बेलाबखतमा नेपालमा भइरहेका छन् ।

मझौला खाले शारीरिक बनौट भएका कुँवर राणाहरू हेर्दा बाहुन र अन्य क्षेत्री जस्तै देखिन्छन् । यिनीहरू मूलतः आर्य जाति र आयात मुखाकृति वर्गमा पर्ने भए पनि जुगौंसम्मको रक्त संमिश्रणले  गर्दा आपसमा केही फरक देखिन सक्छन् । तर तीखो नाक नक्सा भएका आचार विचार र व्यवहारमा अन्य ठकुरी क्षेत्रीको भैं देखिने कुँवरहरू इमान्दार र परिश्रमी हुन्छन् । हेर्दा भलाद्मी प्रकृतिका देखिए पनि लडाइ भिडाइ र चुनौतीको बेलामा भने यिनीहरू हमेशा खरो रूपमा उत्रने हुन्छन् । धर्म र राजनीति दुवैमा उत्तिकै आस्था राख्ने यिनीहरू सेना र प्रहरी र प्रशासनमा ज्यादा र साहित्य र व्यापारमा कम देखिन्छन् भने हाल बहुसंख्यक कुँवरहरू राणाहरू भने विविध पेशामा देश विदेशमा संलग्न भई बसेका देखिन्छन् । अन्त्यमा शब्द 'ब्रह्म' हो भन्ने वेद वाक्यलाई विचार गर्दा नेपाल र भारतमा प्रचलित उल्लेखित कुँवर राणा थरको आविष्कार अर्थ र विकास साधारण लागे पनि तीनको प्रयोग, प्रभाव र महत्व असाधारण, सर्वकालिन र ज्यादै विशिष्ट छ । अब नेपालको सन्दर्भमा कुरा गर्दा श्री ३ जंगको जीवनी र व्यक्तित्वको उल्लेख बिना यो अधुरो नै हुन्छ । आफ्नो देश र समाजको मान, प्रतिष्ठा र इज्जतका लागि जीवनपर्यन्त कडा मेहनत गरी आर्जेको यस गौरवशाली विरासतलाई हामी सम्पूर्ण कुँवर राणा कूलबन्धुहरूले आपसी मेलमिलाप, सद्भाव र एकताले साथ दिई कायम राख्न सके हाम्रो कर्तव्य र जिम्मेवारी पुरा हुने थियो ।

धन्यवाद !


समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजया दशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

शरद शमशेर ज.ब.रा.
रानी स्नेह मंजरी राणा
सुश्री श्रीया राज्यलक्ष्मीदेवी राणा
डा.शास्वत शमसेर ज.ब.रा.

समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

सुशील कुँवर
श्रीमती सर्मिष्टा कुँवर
छोरी अश्विनी कुँवर
विरगञ्ज,नेपाल


Welcome to the Westar Lifestyle
WESTAR
RESIDENCY
॥ महान चाड बडा दशैं तथा शुभ दिपावली को
शुभकामना सहित आकर्षक उपहारहरु
Ready to Use Facilities:
Children's Play Area
Amphitheatre
Movie Hall
Snooker
Squash
Gymnasium
Swimming Pool
Steam/ Sauna/ Jacuzzi
*Special Offer :
Free Modular Kitchen
&
GOLD
READY TO MOVE IN
For Booking & Site Visit :
9801023002 / 9801023009
9802023007
(Open on Saturdays also)
Other Available Facilities:
Tennis | Basketball / Badminton | Jogging Track
Terrace Party Garden | Poolside Café | Community Hall
70% Open Space
Vastu Compliance
A Member of
Project Partner
Balkumari, Patan, Lalitpur, Tel: 01- 5526810, 5537507, Email: info@westarproperties.org, www.westarproperties.org
www.facebook.com/westarproperties

हामी
नेपालीहरुको
महान् पर्व
बडा दशैं तथा तिहार
२०७४ को
पावन एवं सुखद्
उपलक्ष्यमा समस्त नेपाली
दाजुभाइ तथा दिदीबहिनी लगायत
कुलकुटुम्बहरुमा सुख,शान्ति,
समृद्धि एवं उत्तरोत्तर प्रगतिका
निम्ति हार्दिक मंगलमय
शुभ–कामना
अर्पण गर्दछु।

**अ.प्रा.रथी प्रदीप बिक्रम राणा**
**तथा**
**श्रीमती अम्बु राणा**
**एवं**
**परिवार**



*We extend
our best wishes
for peace, progress
and
prosperity to all our Valued
customers and well wishers
on
the auspicious occasion of
Bijaya Dashami and
Deepawali
2074*

***KARKI***

***Catering Service***


Thapathali, Kathmandu, Nepal,
Tel.: 01-4262879, 4783432
Email: karkicatering2015@gmail.com



**नेपालीहरुको महान**
**पर्व विजयादशमी एवं**
**दीपावली २०७४ को शुभ**
**अवसरमा सम्पूर्ण बत्स्य**
**गोत्रीय बन्धु बान्धवहरुमा**
**सु–स्वास्थ्यको कामना गर्दै हार्दिक**
**मंगलमय शुभ–कामना**
**टक्र्याउँदछौं ।**

*पुर्व प्रहरी निरीक्षक*
*कुश विक्रम राणा*
*श्रीमति भगवती राणा*
*छोरा श्री शुभाष विक्रम राणा*
*श्रीमति अनुरूप्ता शाह राणा*
*छोरा श्री शुदीप विक्रम राणा*
*नातिनी सुश्री शुभान्तीका राज्यलक्ष्मी राणा*

**गण्डकी अञ्चल कास्की जिल्ला पोखरा ११**
**रानीपौवा पुरानोधारा प्राइमिनिस्टर एण्ड**
**कमाण्डर इनचिफ बम बहादुर कुँवर**
**राणाजीका सन्तति**




समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

हेल्थ केयर क्लिनिक परिवार
त्रिपुरेश्वर, काठमाडौं

२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा कूलबन्धु एवं
समस्त नेपालीहरुमा हार्दिक
मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

रानी रिता राणा
छोरा रितेश जंग राणा/निशा राणा
स्वर्णित जंग राणा
शैलेश जंग राणा/मुनु राणा/स्वेच्छा राणा
आलोक जंग राणा/सह-सेनानी भावना राणा
/रशेस जंग राणा

२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा कूलबन्धु एवं
समस्त नेपालीहरुमा हार्दिक
मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।

श्री ३ महाराज जङ्ग सन्तति
पूर्व सेनानी रमेश प्रताप ज.ब.रा.
श्रीमति लीला राज्यलक्ष्मी राणा
रोशन प्रताप ज.ब.रा.
अमर प्रताप ज.ब.रा.
सुसिला ज.ब.रा.
छोरी सेनानी सुविना ज.व.रा.
नातिनी सिम्रिक
नातिनी रेहना
कास्की, पोखरा, अमरदिप-१६

# समस्त
# राणा तथा कुँवर परिवारमा
# २०७४ सालको
## विजयादशमी एवं शुभ दिपावलीको
### पावन अवसरमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

**प्रा.डा.गोपी अर्याल**
**श्रीमती सुनीता राणा अर्याल**
**छोरा डा. समिर क्षेत्री**

---

**२०७४ सालको**
**विजयादशमी एवं शुभ दीपावलीको**
**पावन अवसरमा सबै नेपालीहरुमा**
**हार्दिक मंगलमय**
**शुभ-कामना व्यक्त गर्दछौं ।**

**गोपाल शमशेर ज.ब.रा. (ज्ञानु राजा)**
**तथा**
**परिवार**
**थापाथली**

# कृषि विज्ञ श्री शुमेर शमशेर ज.व.रा ज्यू सँगको अन्तर्वार्ता

कृषि विज्ञ तथा प्लास्टिक इन्जीनियर स्व. कैलाश शमशेर जवरा र समाजसेवी मुमा अम्बिका राणाको जेठो सुपुत्रको रूपमा काठमाडौंमा शान्त भवन हस्पिटलमा जन्मनु भएका शुमेर शमशेर जवरा नेपालका कृषि विज्ञ हुनुहुन्छ । प्रारम्भिक शिक्षा नैनिताल र मसुरीमा पुरा गरेका उनले उच्च शिक्षा अल्हावाद र ड्यूक युनिभर्सिटी अमेरिकाबाट हासिल गर्नु भएको हो । यी पेशालाई आफ्नो दैनिकी बनाएका उहाँले राष्ट्रपतिबाट विशेष सम्मान पाई बक्सेको छ । आफ्नो कर्मथलो नेपालगञ्जमा आफ्नै निजी भूमिमा विभिन्न २४ प्रकारका आँपका प्रजाति रहेको धान, गहुँ, तिल, रहर, मुसुरो तथा हाँस, माछा पालन र खेती गरिएको ८५ विगाह जमिनको रेखदेख गरि उहाँ अफ्नो जीवन विताइ रहनु भएको छ । आफ्नो व्यवसाय आफै हेर्नुपर्छ, कुनै व्यवसाय गर्दा सानोबाट सुरू गर्नुपर्छ भन्ने सोच राख्नु हुने शुमेरका एक श्रीमती र एक छोरा हुनुहुन्छ ।

**१. हजुरको बुवा मुमाको नाम के हो ?**
☞बुवा कृषि विज्ञ तथा प्लाष्टिक इन्जिनियर स्व. कैलाश शमशेर जवरा र मुमा समाजसेवी भु.पु. महिला संगठन अध्यक्ष स्व. अम्बिका राणा होइबक्सन्छ ।

**२. हजुरको जन्म कहिले र कहाँ भएको हो ?**
☞मेरो जन्म २०१७ सालमा काठमाडौं शान्त भवन अस्पतालमा भएको हो ।

**३. हजुरको दाजुभाई तथा दिदी बहिनीहरू कति जना होइबक्सन्छ र उहाँहरू के के गर्दै छन् ?**
☞मेरो १ भाई र १ बहिनी छन् । भाई धवल शमशेर जवरा हुन् । उनी एक असल र सक्षम राजनितिज्ञ हुन् । उनी अहिले नेपालगञ्ज उपमहानगरपालिकाका मेयर छन् भने बहिनी श्रद्धा थापा कुशल गृहिणी छिन् । उनको विवाह नक्सालको सुमेन्द्र जङ्ग थापासँग भएको छ ज्वाई एक सफल विजनेस म्यान होइबक्सिन्छ ।

**४. हजुरले प्रारम्भिक शिक्षा तथा उच्च शिक्षा कहाँ कहाँ लिईबक्सियो ?**
☞मैले प्रारम्भिक शिक्षा शेरउड कलेज, नैनताल र सेन्ट जोसोफ, मुसुरीमा लिए भने उच्च शिक्षा अल्हावाद र ड्यूक युनिभर्सिटी, अमेरिकाबाट लिए ।

**५. हजुरको विवाह को सँग कहिले भएको हो ?**
☞मेरो विवाह सपना सिंह (स्व. खड्ग बहादुर सिंहको साइली छोरी) सँग २०४६ सालमा भएको हो । मलाई यहाँसम्म पुर्याउन उनको पनि ठूलो योगदान छ ।

**६. हजुरको सन्तान कति छन् र उहाँहरू के के गर्दै छन् ?**
☞दैवको खेल, जेठो सुपुत्र बुद्ध एयर विमान चालक सौर्य शमशेर जवरालाई २१ बर्षमा गुमाए । अहिले साढे तीन बर्षको छोरा सौर्याङ्ग शमशेर जवरा छन् ।

**७. हजुरलाई कृषि सम्बन्धी उच्च शिक्षा लिएर त्यसैमा व्यवसायिक रूपमा लाग्ने प्रेरणा कसबाट आयो ? नत्र भने यहाँ त पढ्ने एउटा व्यवहारमा अर्को काम गर्ने प्रचलन पनि देखिएको छ ?**
☞मेरो प्रेरणाको स्रोत मेरो बुवा होइसिन्छ । उहाँ पनि कृषितिर लागिबक्सेको र उहाँले सृजना गरेकोमा मैले मलजल मात्र थपेको हुँ । उहाँले शुरू गरेका कामलाई अगाडि बढाएको हुँ । मलाई



लाग्छ उहाँ जति अनुभवी व्यक्ति कृषिमा विरलै होलान् । कितावमा पढ्नु र Practically गर्नु धेरै फरक पर्छ । काम आफ्नो interest अनुसार गरे मात्र त्यो काम सफल हुन्छ । त्यसैले मेरो विचारमा काम गर्नु आफ्नो अर्ति लिनु अरूको होइन ।

**८. कति विगाहामा कहाँ कुन कुन खेती गरि बक्सेको छ ?**
☞लगभग ८५ बिगाहामा फलफुल, धान, गहुँ, मुसुरो, रहर, तिल, कुखुरा, हाँस, माछा, गरिएको छु ।

**९.खेतीमा राम्रो नाफा हुदैन भनिन्छ, हजुरको अनुभव कस्तो छ ?**
☞खेती अफिसको कुर्सीमा १० देखि ५ सम्म बसे जति सजिलो छैन । घाम, पानी, रात, बेरात जुनसुकै बेला पनि काम गर्न तयार रहनु पर्छ । तर खेतीमा नाफा हुन्न भनिने कुराचाहिँ विलकुल गलत हो । खेती थोरै जग्गाबाट पनि धेरै पैसा कमाउन सकिन्छ तर ट्रेडिसनल खेतीबाट होइन, आधुनिक खेती आधुनिक उपकरणबाट गरे पैसा मनग्य कमाउन सकिन्छ । यसको लागि अनुभव र ज्ञानको पनि जरूरी हुन्छ । किनभने जुनसुकै खेतीको पनि समय र तरिका फरक हुन्छ । यो हामीले भुल्नु हुन्न कृषिले नै हामीलाई गाँस, बास र कपास दिएको छ ।

**१०. हजुरको आँप बँगैचामा २४ प्रकारका आँपका बोटहरू**

**रहेछन् त्यसमा खास खास कुन जातका आँपका बिरुवा छन् बताई बक्सन्छ की ?**
☞कमर्सियल भेराइटीमा खास बम्बे ऐल्लो, बम्बे ग्रीन, तोतापरी, हात्तीभ्ग्फल, अमन दसेरी, चौसा, लङ्ङडा, माल्दा हुन् भने हाईब्रीडतिर मलीका, अम्बिका अम्रपाली, हुस्न हारा, गुलाब खास हुन् । यिनीहरू बाहेक अरू पनि धेरै भेराइटीका आँप बँगैचा छन् ।

**११. राष्ट्रपतिबाट पाई बक्सेको अवार्ड के को लागि कहिले पाई बक्सेको हो ?**
☞राष्ट्रपति अवार्ड यही कृषिको लागि विशेष गरी माछा पालनमा दिएको योगदानको लागि प्रदान गरिएको हो । अवार्ड २०७४ जेष्ठ ३० मा पाएको हुँ ।

**१२. भविष्यमा कृषि व्यवसाय मात्र गरी बक्सन्छ की कृषिलाई उद्योगमा परिणत गर्ने सोच बनाई बक्सेको छ की ?**
☞कृषि सबै भन्दा पुरानो व्यवसाय हो । धेरैजसो कच्चा पदार्थ कृषिबाट उत्पादन हुने हुनाले उद्योगको बेस पनि हो । कृषिबाट उत्पादित सामाग्रीले विश्वको धेरैजसो उद्योग चलेको छ । अहिलेसम्म म कच्चा पदार्थ उत्पादन गर्न तिर लागेको थिए तर छिट्टै आगामी दिनहरूमा यही मैले उत्पादन गरेको बस्तुलाई उद्योग तिर लाने विचारमा छु । यसलाई जुस, अचार, कयानीङ्ग, डाइड्डी, क्यान्डीहरू उत्पादन गर्न तिर लैजाने प्रोग्राम सेट गर्दै छु ।

**१३. हजुरको हवी के के छ नी ?**
☞मेरो हवीहरू गार्डनिङ्ग, टेनिस खेल्ने, सिनेमा हेर्ने र चराचुरूङ्गी पाल्ने हो । मैले विभिन्न जातका चराहरू पालेको छु । म केही न केही नगरीकन बस्न सक्दिन ।

**१४. हजुरका रूचिका खाने कुराहरू के के हुन् ?**
☞मलाई खानमा निकै सोख छ । मलाई मीठो ट्वाक्क टुक्क परेको खाना मन पर्छ ।

**१५. पाञ्चायनले यस प्रकारका कार्यक्रम गरी आएकोमा हजुरको प्रतिक्रिया के छ ?**
☞यस्ता कार्यक्रमको कुनै पनि व्यक्तिलाई अझ काम गर्न एनर्जि दिन्छ । स्याबासी पाएको महशुस हुन्छ । मलाई गर्व छ मेरो जन्म एउटा राणा परिनवारमा भएकोमा ।

**१६. अन्त्यमा नयाँ पिढीलाई केही सन्देश छ की ?**
☞मेहनत र लगनशीलताका काम गरे जुन कुरा पनि असम्भव छैन । देशको भविष्य युवा पिंढीमा छ । हाम्रो राष्ट्रलाई अगाडि बढाउन राणा परिवारले पनि ठूलो भुमिका खेलेको छ र खेल्न सक्छ । मैले आफ्नो व्यवसायमा अपनाएको दुई सिद्धान्त
१. कुनै पनि व्यवसाय गर्दा सानोबाट सुरू गरी अनुभव बटुले पछि ठूलो गर्ने हो ।
"Start Small Grow Big"
२. आफ्नो व्यवसाय आफै हेर्ने, अरूको भर नपर्ने ।
"The Farmers Footsteps is the best Fertillizers"
यी दुईलाई मुल मन्त्र मानी काम गरे कोही पनि जीवनमा असफल हुन सक्दैन ।

---


**समस्त**
**राणा तथा कुँवर**
**परिवारमा २०७४ सालको**
**विजया दशमी एवं**
**शुभ दीपावलीको पावन अवसरमा**
**हार्दिक मंगलमय**
**शुभ-कामना व्यक्त गर्दछौं ।**

**सर्वज्ञ शमशेर ज.ब.रा**
**रानी संगीता राज्यलक्ष्मी राणा**
**सौरभ शमशेर ज.ब.राणा**
**तथा परिवार**

**समस्त**
**राणा तथा कुँवर**
**परिवारमा २०७४ सालको**
**विजया दशमी एवं**
**शुभ दीपावलीको पावन अवसरमा**
**हार्दिक मंगलमय**
**शुभ-कामना व्यक्त गर्दछौं ।**
शशी शमशेर ज.ब.रा.
रानी कौशल्या राणा
छोरा अभिशेक शमशेर ज.ब.रा
तथा
बुहारी यशोधरा राणा
**विशालनगर**

**समस्त राणा तथा कुँवर परिवारमा**
**२०७४ सालको विजयादशमी एवं शुभ दिपावलीको**
**पावन अवसरमा हार्दिक मंगलमय शुभ-कामना**
**व्यक्त गर्दछौं ।**

यादव कुँवर

**Green Light Automobiles**

**ग्रीन लाइट अटोमोवाईल्स**

**Koupondole, lalitpur [Opposite to Himalayan Hotel]**
**Tel:5011770, 5011771**
**Website: www.greenlightautomobiles.com**




**Our Services:**
Vehicles buy and sale,
exchange, brand new booking,
fiinancing, insurance



**समस्त**
**राणा तथा कुँवर परिवारमा**
**२०७४ सालको**
ljhofbzdL Pj+ z'e lbkfjnL**को**
**पावन अवसरमा हार्दिक मंगलमय शुभ-कामना**
**व्यक्त गर्दछौं ।**

kj|Lg laqmd /f0ff
c=k|=k|;]8f= >Ldtl ;lbIff l;x /f0ff
kfy{laqmd /f0ff
**गणबहाल, काठमाडौं**

समस्त
राणा तथा कुँवर परिवारमा
२०७४ सालको
विजयादशमी एवं शुभ दिपावलीको
पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना
व्यक्त गर्दछौं ।

सिद्धान्त शमशेर ज.ब.रा.
तथा
परिवार
महाराजगंज

समस्त
राणा तथा कुँवर परिवारमा
२०७४ सालको
विजयादशमी एवं शुभ दिपावलीको
पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना
व्यक्त गर्दछौं ।

प्रल्हादराज कुँवर
श्रीमती पंफा कुँवर
छोरी ऋतु कुँवर
छोरा प्रबल कुँवर
ताहाचल, काठमाडौं

# क्यान्सर

शरीरको कुनै पनि अंगका कोषिकाहरूको असामान्य, अनियन्त्रित र असिमित रूपले वृद्धि हुनु नै क्यान्सर हो । यो शरीरको कुनै पनि भागमा हुनसक्छ र कुनै पनि उमेरका व्यक्तिहरूमा हुनसक्छ । तर क्यान्सर हुने जोखिम बढ्दो उमेरसँगै बढ्दै जान्छ ।




## क्यान्सरका जोखिम तत्त्वहरू

- सूर्तिजन्य पदार्थको सेवन,
- मादक पदार्थको सेवन,
- असन्तुलित खाना (जस्तै- बढी नूनिलो, चिल्लो, गुलियो भएको खाना),
- शारीरिक परिश्रममा कमी हुनु,
- जण्डिस जस्तै- हेपाटाइटीस बी र सी (Hepatitis B & C) ले कलेजोको क्यान्सरको जोखिम बढाउँछ,
- यौनजन्य रोग र ह्युमन प्यापिलोमा भाईरस (Hun Papilloma Virus (HPV)) को संक्रमणले पाठेघ मुखको क्यान्सरको जोखिम बढाउँछ ।

## क्यान्सरका लक्षणहरू

शरीरका विभिन्न अंगमा लाग्ने क्यान्सरका लक्षण अंगअनुसार फरक फरक हुने भएपनि लक्षणहरू एकअक मिल्दाजुल्दा हुन्छन् ।

- स्तनमा साऱ्हो गिर्खा, गाँठागुँठी घाउ आउनु,
- लामो समयसम्म खोकी लाग्नु, खकारमा रगत देखिनु, छाती दुख्नु र स्वरमा परिवर्तन आउनु,
- मुखभित्र सेतो वा रातो दाग वा घाउ देखिनु,
- यौनसम्पर्क गर्दा दुख्ने र रगत आउने, योनीबाट रगत वा धेरै सेतो पानी बग्ने, महिनावारी हुँदा धेरै रगत जाने वा महिनावारी बाहेक अरू बेला पनि रगत जानु,
- विना कुनै कारण दुब्लाउँदै जानु,
- अचानक पाचनक्रिया र दिसा गर्ने बानीमा परिवर्तन आउनु,
- कोठी र मुसाहरू छिटो बढ्नु र त्यसमा अचानक परिवर्तन आउनु ।

यस्ता केही लक्षणहरू देखापरेमा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राखी स्वास्थ्यकर्मीसँग परामर्श लिई परीक्षण गराउनुपर्छ ।

## क्यान्सरको रोकथाम गर्नलाई गर्न सकिने कुराहरू

- सूर्तिजन्य पदार्थको सेवन नगर्ने,
- मादकपदार्थको सेवन नगर्ने,
- दैनिक कम्तिमा ३० मिनेट शारीरिक क्रियाकलाप गर्ने,
- स्वस्थ र सन्तुलित खाना खाने (फलफूल र हरियो सागसब्जी प्रशस्त मात्रामा खाने),
- ह्युमन प्यापिलोमा भाईरस (Human Papilloma Virus (HPV)) र हेपाटाइटीस बी (Hepatitis B) को खोप लगाउने,
- नियमित रूपमा स्वास्थ्य परीक्षण गराउने ।

**नेपाल सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य सेवा विभाग**
**मध्यमाञ्चल क्षत्रीय निर्देशनालय**
**जिल्ला जनस्वास्थ्य कार्यालय**
**टेकु , काठमाडौं**

समस्त
राणा तथा कुँवर परिवारमा
२०७४ सालको
विजयादशमी एवं शुभ दिपावलीको
पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना
व्यक्त गर्दछौं ।

यदुराज शम्शेर ज.ब.रा.
रोशनी कुमारी राणा
तथा
धरा राणा
मुनिन्द्र निवास, राजश्री मार्ग, बालुवाटार
फोन : ४४१७७०९८

२०७४ सालको
शुभ विजयादशमी तथा
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

अ.प्रा. स.र.श्री आमोद नरसिंह राणा
श्रीमती विनिता राज्यलक्ष्मी राणा
श्री आयुष्य नरसिंह राणा
सुश्री अलाङ्कृती राज्यलक्ष्मी राणा

समस्त
राणा तथा कुँवर परिवारमा
२०७४ सालको
विजयादशमी एवं शुभ दिपावलीको
पावन अवसरमा हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

श्रीमती माया राणा
छोरा प्रभाकर नरसिंह राणा
बुहारी सिमृता राणा
नाती आश्रय नरसिंह राणा
लाजिम्पाट

समस्त
राणा तथा कुँवर परिवारमा
२०७४ सालको
विजयादशमी एवं शुभ दिपावलीको
पावन अवसरमा हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

LEGEND

LEGEND CARGO (P) LTD.

Tridevi Marg, P. O. Box: 21782, Kathmandu, Nepal
Tel: 4423399, 4423554, 4421435, 4421366, Fax: 977-1-4411575
E-mail:ramprasad@legendcargo. com


छिटो, छरितो, भरपर्दो, सरल
सस्तो दरमा डकुमेण्ट, पार्सल तथा कार्गो नेपालको हरेक ठाउँमा पठाउनु परेमा यती एअरलाइन्समा सम्पर्क गर्नुहोला ।
सम्पर्क: ०१ ४४८६१५७, ०१ ४४६५८८८ Ext. १०४, ११८,
Yeti Airlines
You come first
www.yetiairlines.com
Yeti Airlines operates 7 Jetstream-41 advanced turbo prop aircrafts catering to widest network sectors every day.
Yeti Airlines Domestic Pvt. Ltd. Corporate Office: Tilganga, Kathmandu, Tel: 4465888 Fax: 4465115 Reservations: 4464878 (Hunting Line), Kathmandu Airport: 4493901 Email: reservations@yetiairlines.com
•Bhadrapur: 023-455232•Biratnagar: 021-536612•Tumlingtar: 029-575120•Janakpur: 041-520047•Bharatpur: 056-523136•Pokhara: 061-464888•Bhairahawa: 071-527527•Nepalgunj: 081-526556•Dhangadi: 091-520004
For any service suggestions, call 977-1-4465888 (Ext. 621) or email us at feedback@yetiairlines.com

# २०७४ सालको
# शुभ विजयादशमी
# तथा
# शुभ दीपावलीको
# पावन अवसरमा हार्दिक मंगलमय
# शुभ-कामना
# व्यक्त गर्दछौं ।

**मनोरमा कुमारी राणा**
**विवेक शमशेर ज.ब.रा.**
**हर्षना राज्यलक्ष्मी राणा**
**जय शम्शेर ज.ब.रा.**
**यश शम्शेर ज.ब.रा.**
**सायुज शम्शेर ज.ब.रा.**
**भाटभटेनी**



**नेपालीहरुको महान पर्व विजयादशमी एवं दीपावली २०७४ को शुभ अवसरमा सम्पूर्ण बत्स्य गोत्रीय बन्धु बान्धवहरुमा सु–स्वास्थ्यको कामना गर्दै हार्दिक मंगलमय शुभ–कामना टक्र्याउँदछौं ।**

# पूनम राणा


# भाइ गम्भिर विक्रम राणा

# बूढा जर्नेल मार्ग, धोबीचौर

# नेपालका राष्ट्र विभूतिहरु तथा श्री जंगबहादुर कुँवर (राणा)

✍..........प्रज्वल विक्रम कुँवर
पूर्व प्र.ना.उ.

**एक विवेचना**



नेपालका धेरै राष्ट्रिय विभूतिहरूले नेपाललाई अविस्मरणीय योगदान, ख्याती, वलिदान, विस्तार तथा संरक्षणमा अतुलनीय भूमिका निर्वाह गरेर नै राष्ट्रिय विभूतिको रूपमा प्रत्येक नेपालीले निरन्तर सम्झना राख्नु स्वभाविकै हो । जस्तै : राजा जनक, सीता माता, गौतम बुद्ध, अंशुवर्मा, अरनिको, राजा राम शाह, पृथ्वीनारायण शाह, वलभद्र कुँवर, अमरसिंह थापा, भिमसेन थापा, भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा, भक्ती थापा र जंगबहादुर कुँवर (राणा) ।

माथि उल्लेखित राष्ट्रिय विभूतिहरूको आ-आफ्नो अविस्मरणीय योगदान हुँदा हुँदै पनि असाधारण व्यक्तित्व र किर्तिमानी जंगबहादुर कुँवर (राणा)को सुझबुझ, चातुर्य र देश भक्तिको गाथा अतुलनीय भएको विवरणको चर्चा गर्न सान्दर्भिक ठान्दछु । तत्कालीन शक्तिशाली ब्रिटिस साम्राज्यसँग सानो देश नेपालको सार्वभौम सत्ता र प्रतिष्ठामा आँच आउन नदिई नेपाललाई जोगाउनमा उहाँको कुशल सुझबुझ र नेतृत्वलाई सराहना गर्नै पर्छ ।

इतिहासलाई अवलोकन गरी हेर्दा जंगबहादुरले सत्ता सम्हाल्नु अगाडि पनि नेपालले आफ्नो भू-भाग गुमाएको देखिन्छ । तर जुन दिन देखि देशको वागडोर उहाँको हातमा पर्यो त्यस दिन पश्चात देशको शान्ति सुरक्षा र अमन चयनमा निश्चिन्तता भएको इतिहास साक्षी छ । त्यति मात्र नभई ब्रिटिस साम्राज्यसँगको कुशल कुटनैतिक कौशलको माध्यमबाट नयाँ मुलुक बाँके, वर्दिया, कैलाली, कञ्चनपुर जस्तो उब्जाउ महत्वपूर्ण भू-भागलाई नेपालमा गाभ्न सफल हुनुभयो । त्यति बेला उहाँले आफ्नो व्यक्तिगत स्वार्थ नहेरी, देशको स्वार्थलाई अगाडि बढाएको ज्वलन्त उदाहरण के कुनै देश भक्त नेपालीले बिर्सन र नजर अन्दाज गर्न मिल्छ र ? त्यति मात्र नभई तत्काल चीनसँगको युद्धमा आफ्नो चातुर्य र रण कौशलबाट चिनिया फौजलाई हराई आफ्नो उत्तरी सीमामा पनि आँच आउन नदिइएको घटना नेपालीको लागि गौरव र अविष्मरणीय छैन त ?

आजको सन्दर्भमा देशमा भई रहेको स्वार्थपरक गतिविधि देशको निमित्त नेताहरूको योगदान, चालिएका अभियान प्रत्येक नेपालीलाई जगजाहेर छ । चाहे त्यो राज्यको पुन:संरचना, चुनाव, आन्दोलन सबै प्रक्रियामा देशको स्वार्थ र पार्टीगत स्वार्थमा कति प्रेरित छ भन्ने कुरा विश्लेषण गरिरहनु पर्ला जस्तो लाग्दैन । प्रत्येक जागरूक र सुझबुझ भएका नेपालीहरूलाई थाहा छ । अहिले हाम्रा ति अतुलनीय व्यक्तित्वहरूको सम्झना गर्दा देशमा देशभक्तहरूको खडेरी लागेको आभास हुन थालेको छ ।

Best wishes
on the auspicious
occasion of Bijaya Dashami
&
Dipawali 2074

Chindits Security G.S. & Allied
Services Group Nepal Pvt.Ltd.
1560, Ganeshman Singh Path(1),Kalanki-14
Tel - 00977-1-4288559,2020513
Fax - 00977-1-4288559
E-mail- chindits@wlink.com.np
Tel- 4288559

समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

**निशाकु कम्पनी नेपाल प्रा.लि.**
बानेश्वर काठमाडौं

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७४ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

अ.प्रा. म. से. ओम विक्रम राणा
श्रीमती मधु राज्यलक्ष्मी राणा
छोरा सौहार्द बिक्रम राणा
छोरी श्रिया राज्यलक्ष्मी राणा
काठमाडौं

**Ram Krishna Raj Kunwar**
Chairman
9841805372

# DAWN CONSULTANCY Pvt. Ltd.

Post Box No. 11282, Kamaladi, Putalisadak, Kathmandu
Tel: 4433168, Email: dawnconsultancy@hotmail.com
web: www.dawnconsultancynepal.com.np

## Services

**Study Abroad :** USA, Canada, UK, Australia, New Zealand, Denmark, Ireland, Japan, Taiwan, Bangladesh, India & Many More ........

**Test Preparation :** IELTS / TOEFL

## Features:

Counseling by US-Returned Graduate, Visa Documentation & Processing.

# समस्त
# राणा तथा कुँवर
# परिवारमा २०७४ सालको
# विजया दशमी एवं
# शुभ दीपावलीको पावन अवसरमा
# हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं ।

# सेयर तालिम

**ShareSansar.com**

Updating Your Financial World

IMS Investment Management Services Pvt. I

Khichhapokhari-22, New Road, Kathmandu, Nepal

Call- 01-4248628, 4259786, 9851141648

E-mail: sharesansar@gmail.com

# Bars International P. Ltd.
# Betification Boutique
# Wishes you all a

# HAPPY BIJAYA DASHAMI
# &
# DEEPAWALI
# 2074

**Sheetashma R. L. Devi Shah**
**Chairperson**

Rochana R. L. Shahi
Director

Vivek Upadhya
Creative Director

# अध्यक्ष श्री पृथ्वी बहादुर पाँडेज्यू सङ्को अन्तरवार्ता



नेपालको इतिहासमा महत्वपूर्ण स्थान ओगट्न सफल एक ऐतिहासिक पुरूष कालु पाँडेको सातौ सन्तति उद्योगी व्यापारी श्री पृथ्वीबहादुर पाँडेको परिचय बैंकिङ्ग क्षेत्रका व्यक्तिहरूको माझ कुनै नौलो होइन । पूर्खौली थलो गोरखा पाँडे खलकको जेठो सन्ततिको नाताले कुलपुजा हाल पनि गोरखामा नै गरिने बताउनु हुने उहाँको मुल घर पछि नयाँ बजार रहेको र हाल चुनदेवी बसोबास गर्दै हुनुहुन्छ । सन् १९५४ को अगस्ट १४ तारिखको दिन काठमाडौंको नयाँ बजारमा जन्मिनु भएका उहाँको स्कूले शिक्षा **O Level Shoreham college Uk** मा भयो भने हिन्दुस्थानको दिल्ली स्थित **Hindu College** बाट वि.ए. गर्नु भयो र उहाँले इन्स्टिच्युट अफ चार्टर्ड अकाउण्टेन्ट अफ इन्डियाबाट सी.ए. गर्नु भयो । नेपाल राष्ट्र बैंकको डिपुटी चिफ कन्ट्रोलरबाट आफ्नो जागिरे जीवन सुरू गर्नु भएका उहाँ विभिन्न बैंकहरूसँग आवद्ध हुँदै हाल नेपाल इन्भेष्टमेन्ट बैंक लि. मा अध्यक्षको रूपमा रहनुका साथै विभिन्न जलविद्युत उत्पादन उद्योग, होटल व्यवसायसँग सम्बन्धित हुनुहुन्छ । पूर्व गभर्नर तथा सचिव श्री हिमालय शमशेर जवराज्यूको छोरी प्रतिमा राणासँग वैवाहिक सम्बन्धमा बाँधिनु भएका उहाँका दुई सन्तान एक छोरी सोफिया पाँडे जो विदेशमा उच्च शिक्षा हासिल गरिरहेकी छिन् र छोरा शिवान्त बहादुर पाँडे नेपाल इन्भेष्टमेन्ट बैंकमा नोकरी गरिरहेका छन् । उहाँसँगको एक भेटमा उहाँकै कार्यालयमा पाञ्चायन स्मारिका २०७४ को लागि लिएको अन्तर्वार्ताको सार संक्षेप ।

**१) हजुरको बुवा मुवाको नाम के हो ?**
☞मेरो बुवाको नाम सरदार भीमबहादुर पाँडे हो भने मुवाको नाम छाँयादेवी पाँडे हो ।

**२) हजुरको जन्म कहिले र कहाँ भएको हो ?**
☞मेरो जन्म सन् १९५४ को अगस्ट १४ का दिनमा नयाँ बजार काठमाडौंमा भएको थियो ।

**३) हजुरको दाजुभाई तथा दिदि बहिनीहरू कति जना होई बक्सन्छ तथा उहाँहरू के के गर्दै छन् ?**
☞मेरा ५ जना दाजु भाइहरु छन् र ५ पाण्डव जस्तै भन्दा पनि हुन्छ । जेठो दाजु सागरबहादुर पाँडे नेपाली सेनामा मेजर जनरल हुनुन्थ्यो र तत्कालीन माओवादी द्वन्द्वको सिकार हुनुभयो । एक प्रकारले यो दुखद् घटना घट्यो । माहिलो दाजु हिमालयबहादुर पाँडे पनि उद्योग व्यापार गर्नुहुन्छ भने मेरो भाइ पवनबहादुर पाँडे नेपाली सेनामा रथी हुनुहुन्थ्यो भने सबै भन्दा कान्छो भाइ डा. शान्तबहादुर पाँडे हाल बेलायतमा छन् ।

**४) हजूरले १९७० मा Cambridge Board Shoreham College U.K बाट G.C.E. O Level पास गरी १९७३ मा Hindu College New Delhi India मा अध्यन गरी बक्सदा बेलायत र भारतको शिक्षामा कस्तो फरक अनुभव गरिबक्सियो वा त्यस्तो फरक लागेन ?**
☞बेलायतमा पढ्दा म केटाकेटी नै थिए । बेलायत र जर्मनीमा गरी ५ बर्ष जति त्यहाँ पढें । बुवा बेलायतको राजदूत भएकाले मलाई विभिन्न देशमा पढ्ने अवसर मिल्यो र पछि भारतबाट चार्टर्ड अकाउण्टेन्ट पढेर आए पछि नेपाल राष्ट्र बैंकमा सोही पदमा काम गरें । त्यतिबेला म नेपालको १२ औं सी.ए. थिएँ ।

**५) हजुरको बिवहा को सङ्ग कहिले भएको हो र हजुरको श्रीमती हाल के गरी बक्सन्छ?**
☞मेरो बिवाह हिमालय शमशेर जवराकी सुपुत्री प्रतिमा राणासँग सन् १९७९ को डिसेम्बरमा भएको थियो । हाल उनी समाजसेवा लगायत विभिन्न कार्यमा सम्लग्न रहेकी छिन् । अहिले उनी एनजिओमा कार्यरत छिन् ।

**६) हजुरको सन्तान कति छन् र उहाँहरू के के गर्दछन् ?**
☞हाम्रा दुई जना सन्तान छोरा छोरी छन् र हाल छोरी सोफिया विदेशमा अध्ययनरत छिन् भने छोरा शिवान्त नेपाल इन्भेष्टमेन्ट बैंकमा कार्यरत छन् ।

**७) १९७८ मा Chartered Accountancy Institute of Chartered Accountants of India बाट पास गरी बक्सेको रहेछ नेपालमा त्यस बेला थोरै व्यक्तिहरूले Chartered Accountants पढथे हजुरले त्यो विषय पढ्नुमा कसैको प्रेरणा बाट प्रभावित भै बक्सेको हो वा आफ्नै स्वस्फुर्त रूचीबाट पढी बक्सियो ?**
☞हो, त्यो बेला यस्तो बिषय पढ्ने मान्छे ज्यादै कम हुन्थे । म आफु पनि बुवाको प्रेरणा र सल्लाहबाट नै यो विषय पढ्न पुगें । किनकी यसको भविष्य र महत्व त्यति बेला मलाई थाहै थिएन ।

**८) १९७३ देखि १९७७ सम्म New Delhi based Accountancy Firm "Khanna & Annadanam" मा काम गरी बक्से पछि निजी क्षेत्रमा नै काम गर्न रूची नभएर हजुरले राष्ट्र बैंकमा १९७८ मा काम गर्न थालि बक्सियो ?**

☞त्यसबेला सरकारी सेवामा दुई जना चार्टर्ड अकाउण्टेन्ट चाहिएको रहेछ। तत्कालीन गभर्नर कुलशेखर शर्माको बुवा मार्फत परिचय भएकाले म एकै चोटी प्रथम श्रेणीको अधिकृतको रुपमा नियुक्त भएँ।

**९) हजुरले १९७८ बाट राष्ट्र बैंकको सेवामा प्रवेश गरी निम्न लिखित महत्वपूर्ण शाखाहरूमा काम गरी बक्से पश्चात नेपालको बैंकिङ्ग क्षेत्र को कस्तो अनुभव गरी बक्सियो ?**

☞त्यतिबेला नेपाल राष्ट्र बैंकबाट सुपरीवेक्षण कार्यमा म संलग्न रहँ। देश भरि नै जम्मा दुई तीन वटा बैंकहरु भएको अवस्थामा मैले तत्कालीन ग्रीण्डलेज बैंकमा प्रवेश सुपरिवेक्षण गरी काम शुरु गरेँ।

**१०) १९८६ मा International Monetary Fund (IMF) अठार महिना काम गरी बक्सियो IMF को कामको प्रकृति केहो र हामीलाई त्यसबाट फाइदा के हुने रहेछ ?**

☞हो म *IMF* मा लेखापालको रुपमा प्रवेश गरी अन्तर्राष्ट्रिय अर्थनीतिको बारेमा अध्ययन गर्ने र तत्सम्बन्धी समस्याहरुको समाधान गर्ने बारे व्यापक जानकारी हासिल गर्ने अवसर मिल्यो। यसबाट हामीलाई पनि प्रत्यक्ष या अप्रत्यक्ष रुपमा देश विकास गर्नको लागि फाइदा मिलेकै हुन्छ।

**११) राष्ट्र बैंकमा काम गरी बक्सेको मानिस निजी कर्मसियल बैंकमा काम गर्दा असजीलो भएन हजुरलाई ?**

☞होइन, त्यस्तो खासै गाह्रो हुँदैन। मैले जुन प्रकारको तालिम र शिक्षा प्राप्त गरे त्यसले गर्दा मलाई कुनै असजिलो भएन। त्यसो त मैले वाणिज्य बैंकमा पनि दुई बर्षसम्म महाप्रवन्धक भएर काम गरेँ।

**१२) सरकारी कर्मसियल बैंकको महा प्रबन्धक भै कार्य गरी बक्सेको मानिस एकाएक १९९१ मा हिमालयन बैंकको संस्थापक सदस्य भै निजी कर्मसियल बैंक खोल्ने अवधारणा कसरी आयो ?**

☞यो मेरो पुरानै विचार हो अमेरिकाबाट फर्केपछि मैले ससुरा बुवालाई समेत समावेश गरेर धेरै मेहनतका साथ लाइसेन्स लिएर नयाँ बैंक खोल्यौं।

**१३) हिमालयन बैंक स्थापना गरी राम्रै काम भै रहेको अवस्थामा फेरी एकाएक अर्को कर्मसियल बैंक नेपाल इन्भेष्टमेण्ट बै.क स्थापना गर्न जाँगर र चहाना कहाँबाट आयो ? आखिर हजुर व्यापारिक घरानामा जन्मेको त होइन ?**

☞वास्तवमा मलाई बाणिज्य बैंकबाट विकास बैंकमा जाने चाहना थियो। हरेक क्षेत्रमा दश बर्ष पछि परिवर्तन आइरहेको हुन्छ। त्यसैले सधैं एउटै काम कति गरिरहनु भनेर म पनि नयाँ क्षेत्रमा प्रवेश गरेँ।

**१४) सन् २००२ देखि २०१२ सम्म कार्यकारी प्रमूख भै नेपाल इन्भेष्टमेण्ट बैंकमा कार्य गरी बक्सियो बैंकलाई एक सफल स्तरिय बैंक बनाई बक्सियो आफ्नो कार्यकालमा बैकिङ्ग प्रतिस्पर्धा अवरोध कस्तो कस्तो रहयो केहि बताईबक्सन्छ की ?**

☞तत्कालीन अवस्थामा धेरै बैंकहरु पनि थिएनन् र हाम्रो बैंक वास्तवमा नेपालको ठूला बैंकहरुमध्ये एक थियो। अहिले पनि नेपाल इन्भेष्टमेन्ट बैंक पुँजीको हिसाबले कृषि विकास बैंक पछि दुई नम्बर मै पर्छ।

**१५) कार्यकारी प्रमुख भै बक्सेको मानिस हजुर हाल केवल अध्यक्ष मात्र हुँदा हजुरलाई फिक्का लाग्दैन ?**

☞खासै लाग्दैन। हामी होटेल जलविद्युत उत्पादन र पर्यटन आदि विभिन्न क्षेत्रमा संलग्न भएका छौं। हालै नगरकोटमा एक नयाँ होटल निर्माण गर्न गइरहेका छौं भने बाग्मती जलविद्युत आयोजना २२ मेगावाटको निर्माणमा हाम्रो संलग्नता छ।

**१६) बैकिङ्ग क्षेत्र बाहेक पनि हजुरको उद्योग व्यपार अरू कुन कुन क्षेत्रमा सुरू गरि बक्सेको छ ?**

☞यस्तै होटेल, पर्यटन, ऊर्जा आदि क्षेत्रमा हामीले नयाँ कार्य शुरु गरेका छौं।

**१७) हजुरले दैनिक खानामा के के खाई बक्सन्छ ?**

☞म मधुमेहको बिरामी भएकाले घरमा बस्दा त डाक्टरद्वारा तोकिएका खाने कुरा नै खाने गर्दछु तर बाहिर हिँड्दा सो सम्भव नभएकोले जे पनि खाइन्छ।

**१८) खानामा मन पर्ने खानाहरू के के हुन् ?**


☞खासै त्यस्तो केही छैन। स्वास्थ्यलाई ध्यानमा राखेर खाने गर्दछु।

**१९) यस कार्यक्रमबारे हजुरलाई केहि भन्नु छ की ?**

☞यहाँहरुले गर्नुभएको कार्यक्रमहरु राम्रो हो। यसबाट आफन्त र बन्धुहरुबीच परिचय पनि हुन्छ र यो एक ऐतिहासिक कार्य पनि हो।

**२०) अन्तमा नयाँ पिढीलाई केहि सन्देश छ की ?**

☞छ, त्यो के भने हामीहरुले देशको विकास गर्न आ-आफ्ना क्षेत्रबाट कडा मेहनत गर्नै पर्छ। यो देशमा प्रसस्त जागिरका अवसरहरु सिर्जना नगरेकैले नेपाल पछाडि परिरहेको छ।



# २०७४
# सालको
# बिजयादशमी, शुभ दिपावली एवं छठ
# पर्वको
# पावन अवसरमा सम्पूर्ण
# नेपालीहरूमा हार्दिक मंगलमय
# शुभ-कामना व्यक्त गर्दछौं ।

अध्यक्ष
नेपाल राणा परिवार समाज
सुमन प्रताप ज.ब.रा.
रानी हिरादेवी राज्यलक्ष्मी राणा
छोरा विनायक प्रताप ज.ब.रा
(श्री ३ महाराज जंग बहादुर राणाको सन्तति)
**थापाथली, काठमाडौं**

Best Wishes on
the auspicious occasion of

**HAPPY BIJAYA DASHAMI**
**&**
**DEEPAWALI 2074**

Partha Bir Jung Bahadur Rana
**Chairman**

**Band Box Dry Cleaners Pvt. Ltd.**

**Basantapur, Kathmandu**
**Tel. : 4228443**

Best Wishes on
the auspicious occasion of

**HAPPY BIJAYA DASHAMI**
**& DEEPAWALI 2074**

**KATHMANDU PRINCE HOTEL**

**G. P. O. Box. : 8974cps 005, Dhobichour, Chhetrapati**
**Thamel, Kathmandu, Nepal**
**Tel: 4255961, 4255282, Fax: 977-1-4255282**
**E-mail. : ktphotel@wlink. com. np**
**Website:www. kathmanduprincehotel. com**

# METRO
## Kathmandu Hospital Pvt. Ltd.

Maharajgunj, Narayan Gopal Chwok, Kathmandu


Tel: 977 1 4721514, 4721515, 4721198, 4721249

E-mail : info@metrohospital.com.np



## AVAILABLE SERVICE

Diabetes Thyroid & Endocrinologist (डाईविटिज थाईरोईड एण्ड ईण्डोक्राईनोलोजि)
Gynaecology & Obstratric (प्रसुति तथा स्त्रीरोग विशेषज्ञ)
ENT (नाक, कान ,धाँटी)
General Medicine (सामान्य चिकित्सा जाँच)
Pediatric (बालरोगको उपचार)
General Surgery (सामान्य सल्य चिकित्सा)
Dental (दन्त रोग)
Gastro- enterology (पेटरोग सम्बन्धि उपचार)
Nephrology (मृगौला सम्बन्धि उपचार)
Psychiatry (मानसिक रोग)
Cardiology (मुटुरोगको उपचार)
Dermatology & Venereology (चर्म तथा यौनरोगको उपचार)
Orthopedic & Neurology (हाडजोर्नी तथा नशारोग)
Chest & Sleep Medicine (छातिरोगको उपचार)




## Other Facilities

Digital X-ray Service (डिजिटल एक्सरे)
Echocardiagram (ईकोकाडिग्राम)
Coller Doppler (कलर डोप्लर)
Ultra Sound (भिडियो एक्सरे)
ECG (ई.सि.नी.)
Holter (होल्टर)
Bonedensitometry (बोनडेन्सिटोमेट्रि)
PFT (पि.एफ.टि)
H. Pylori (एच. पाईलोरी)

General Health Check up (सामान्य स्वास्थ्य परीक्षण सेवा)
Drug & Alcohol Abuse Treatment
(मादक पदार्थ तथा दुव्यसनी उपचार सेवा)
Allergy & Sinus (एलर्जी तथा पिनास)
Pshychotherapy (साईकोतथेरापि)
Dietician Consultation (डाईटिसियन परामर्श सेवा)
Pharmacy (औषधि बिक्रि कक्ष)
Pathology (गुणस्तरीय प्याथोलोजि ल्याब सेवा)

समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको
पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

प्रजय शमशेर ज.ब.रा.
छोरा प्रविर शमशेर ज.ब.रा.
बुहारी अर्चना राणा
नाती शिवाङ्ग शमशेर ज.ब.रा.
नातिनी काव्याश्री राणा
गौशाला, काठमाडौं

समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको
पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

अ.प्रा. प्र. से. राजेश्वरी विक्रम राणा
ई. प्यारु बिक्रम राणा
श्रीमती मधु राणा
तथा
परिवार

Hearty Greetings
on theAuspicious occasion of

**BIJAYA
DASHAMI
& DEEPAWALI
2074**

**SUMAIR SJB RANA
SAPNA RANA
SAURYANK SJB RANA**

RADHEPUR CARP HATCHERY
RADHEPUR FARM PVT. LTD.
Nepalgunj, Banke

समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
सुस्वास्थ्य दिर्घायूको कामनाको साथै
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

रानी माधुरी राणा
छोरी श्रीमा राणा मेघाशी मल्ल
ज्वाई सदिप बहादुर मेघाशी मल्ल

**२०७४**

**सालको**

विजयादशमी

तथा शुभ दीपावली**को**

**पावन अवसरमा**

**सम्पूर्ण कुँवर**

**राणा कुलबन्धुहरुमा**

**हार्दिक मंगलमय शुभ–कामना**

**व्यक्त गर्दछौं।**

अ.प्रा. प्रहरी महानिरीक्षक

प्रदिप शम्शेर ज.ब.रा

श्रीमती सह प्राध्यापक शान्ता राणा

तथा

परिवार

मध्यबानेश्वर

# २०७४ सालको विजयादशमी एवं शुभ दीपावलीको पावन अवसरमा सबै नेपालीहरूमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

**श्री बलराम सन्तति उपकार कोष समिति**

श्री
माता
बंगलामुखीको
कृपाले सम्पूर्ण
नेपालीहरुमा सुख शान्ति र समृद्धी
सधैं फैली रहोस् भन्ने
कामना गर्दछौं ।

*प्रमोद विक्रम राणा 'स्नेही'*
*श्रीमती आशा राणा*
*पुत्ररत्न अप्राप्य विक्रम राणा*

**पुतली सडक**

समस्त
राणा तथा कुँवर
परिवारमा २०७४ सालको
*विजयादशमी एवं*
*शुभ दीपावली*को पावन अवसरमा
सुस्वास्थ्य दिर्घायूको कामनाको साथै
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

*ज्योती विक्रम राणा*
*श्रीमती निर्मला राणा*
*सुपुत्र निश्चल विक्रम राणा*

**पुतली सडक**

# उद्यमी श्री तारा बहादुर कुँवरज्यू सङ्गको अन्तरवार्ता



**काभ्रेपलाञ्चोक जिल्लाको चौवास भन्ने ठाउँमा करिव १५० बर्षो बहिलेदेखि बसोबास गर्नुभएको हो । करिव २०० घर परिवार रहेको चौवास क्षेत्रमा वत्स्य गोत्रीय कुँवरहरुको वाहुल्यता रहेको बताउनुहुने उहाँको पुर्खा कालु कुँवर सर्व प्रथम त्यस भेगमा गई बसोवास गर्नु भएको हो । तेजबहादुर कुँवर भीमबहादुर कुँवर र सन्तती वुवा दीपबहादुर कुँवर र माता मैया कुँवरको साँइलो छोराको रुपमा २०२२ फागुन २१ गते जन्मनु भएका ताराबहादुर कुँवरलाई हेभी इक्वीपमेन्ट व्यवसायिको रुपमा निर्माण व्यवसायिहरुको समुहमा सजिलै चिन्न सकिन्छ । राष्ट्र निर्माणको पूर्वाधारको रुपमा अत्यन्तै आवश्यक हेभी इक्वीपमेन्टहरु आयात गर्नु र सम्बन्धित पार्ट पुर्जाको विक्रि वितरण गर्ने कार्यमा संलग्न उहाँ अन्य सामाजिक कार्यहरुमा पनि संलग्न हुनुहुन्छ । पेशालाई अवलम्बन गर्दा सानैबाट सुरु गर्नु पर्ने बताउनु हुने उनले पनि आफ्नो पेशा सानैबाट सुरु गर्नु भएको र आफ्नै देशमा मिहेनत गरे यहीबाट उपलब्धी हासिल गर्न सक्ने बताउनुहुन्छ । करिव विश्वका २८ राष्ट्र भ्रमण गरिसक्नु भएका ताराबहादुर कुँवर पढाइको सर्टिफिकेट भन्दा मिहेनत, निस्सारता र कार्य अनुभवको आधारमा व्यक्ति सफल हुन सक्ने जिउँदो जागदो उदाहरण आफै भएको बताउनुहुन्छ । उहाँसँग हालसालै भएको भृकुटीमण्डपको NADA सो को एक भेटमा पाञ्चायन स्मारिकाको २०७४ को लागि गरिएको अन्तर्वार्ता ।**

**१) हजुरको बुवा मुवाको नाम के हो ?र हजुरको बुवा मुवा के गरी बक्सन्छ ?**
✈बुवाको नाम दीपबहादुर कुँवर हो । उहाँ स्वर्गे हुनुभयो र मुवाको नाम मैया कुँवर हो ।

**२) हजुरको जन्म कहिले र कहाँ भएको हो ?**
✈मेरो जन्म २०२२ फागुन २१ गते काभ्रेको भूम्लु गाउँपालिका चौवासको कोड्कामा भएको हो ।

**३) हजुरको दाजुभाई तथा दिदि बहिनीहरु कति जना होई बक्सन्छ तथा उहाँहरु के के गर्दै छन् ?**
✈हामी ६ दाजुभाई मध्ये म साँहिलो छोरा हुँ । जेठो दाई लाल बहादुर कुँवर करिव २० बर्षको उमेरमा २०३६ को बहुदल निर्दलको आन्दोलनमा बेपत्ता भएको थियो । माहिलो दाइ पथलैयाको बारामा खेतिपाती गर्नुहुन्छ । म साहिलो भेहालैं काहिँलो भाइ वाफलमा हेभी इक्वीपमेन्टको व्यवसाय गर्छन् र कान्छो भाइ शेरबहादुर कुँवर भक्तपुरमा समाजसेवी हेभी इक्वीपमेन्टको व्यवसाय निर्माण सामग्री सप्लायर्स व्यवसाय गर्छन् र बाग्मती टिपर्स संघको अध्यक्ष पनि हुन् ।

**४) हजुरले प्रारम्भिक शिक्षा तथा उच्च शिक्षा कहाँ कहाँ लिई बक्सियो ?**
✈हेर्नु अब पढाइको कुरा गर्ने हो भने मैले पहाडमा २ कक्षा पढे र काठमाडौंमा आएर ६ कक्षासम्म पास गरेको छु ।

**५) हजुरको विवहा को सङ्ग कहिले भएको हो ?**
✈मेरो विवाह बासामाडी- ३, मकवानपुरकी लक्ष्मी थापासँग २०४२ मंसिर १३ मा भएको थियो ।

**६) हजुरको सन्तान कति छन् र उहाँहरु के के गर्दछन् ?**
✈मेरो ४ छोरीहरु छन् । जेठी छोरी राधिका कुँवर डाक्टर, (MD) भरतपुरमा महिला विशेषज्ञ छिन् । माइली छोरी CA सकेर विवाह गरिन् । साइली छोरी M.B.A गरिसकिन् । उनी मेरै कार्यमा सहयोग गर्छिन र कान्छी छोरी BBA अन्तिम सेमेस्टरमा थाइल्याण्डमा अध्ययनरत छिन् ।

**७) हजुर Federation of Heavy Equipment Entrepreneur's Association of Nepal को President भै बक्सदौ रहेछ त्यस संस्थाको उद्देश्य र कामहरु के के हुन ?**
✈हो म अध्यक्ष छु । यस संस्थाले हेभी इक्वीपमेन्टको व्यवसायीलाई एकजुट गराउने, देशभरका मान्छेको भेटघाट एकता र देशभरको निर्माण र विकासका लागि राज्यलाई आवश्यक परेको वेलामा सहयोग गर्ने कार्य यसले गर्दछ ।

**८) त्यस्तै National Skill Test Board (NSTB) को पनी Executive member होई बक्सदौ रहेछ यसले गर्ने काम के के हो ?**
✈यसले सीप परिक्षण गर्ने काम गर्दछ । मैले पाएको जिम्मेवारी भनेको हेभी इक्वीपमेन्ट सम्बन्धी सीप सिकाएर सरकारी क्षेत्रबाट CTEVT द्वारा संचालित सीप सम्बन्धी कार्यक्रम हो । यसमा प्रशिक्षार्थीहरु सीप सिकेर सक्षम भए नभएको परिक्षण गर्ने हो । नेपाल सरकारको सह सचिव स्तरको पद निर्धारण गरिएको हुन्छ । यसको कार्य राष्ट्रलाई आपत विपत परेको बेला उद्धार गर्न सक्ने सीपमूलक जनशक्ति उत्पादन गर्ने हो ।

**९) हजुरको व्यपारिक क्षेत्रमा कुन कुन क्षेत्रमा कार्यरत होई बक्सन्छ ?**
✈व्यापारीक क्षेत्रमा म इटलीको ITR ब्राण्डको लुब्रिकेन्ड्स दुवई बाट नेपालमा ल्याउँछु र पाट्र्स टायरहरुको म नेपालमा मूख्य डिस्ट्रब्युटर पनि हो । अमेरिकामा उत्पादित GP लुब्रिकेन्ड्स मलेसियाबाट नेपालको लागि म सोल्ड डिस्ट्रब्युटर हो ।

**१०) सामाजिक काम पनी गरी बक्सदो रहेछ नेपाल क्यान्सर रिलिफ सोसाईटी मा हजुरले गरेको कुनै उल्लेखनीय काम केही छ की?**
✈क्यान्सर पीडितहरुलाई संयुक्त रुपमा सहयोग गर्ने कार्यहरु गरिन्छ ।

बेलाबेलामा मानिसहरुलाई सचेततामूलक कार्यक्रमहरु जस्तै धुम्रपान विरोधी कार्यक्रम, स्तन क्यान्सर, मुटुको क्यान्सर, पाठेघर क्यान्सर सम्बन्धी सचेतना फैलाउने कार्यक्रमहरु विभिन्न संघ संस्थाहरुसँग मिलेर हामीले गर्ने गरेका छौ । आवश्यक परेको बेलामा व्यक्तिगत रुपमा आर्थिक सहयोग पनि हामीले गर्ने गर्दछौ ।

**११) हजुरले विभिन्न किसीमको व्यवसायबाट अनुभव र तालिम लिई बक्सेको रहेछ त्यस प्रकारको ज्ञान अन्य उद्यमीहरुलाई सेयर गरी बक्सेको छ ?**

→यो मैले अहिलेसम्म जानेका कुराहरु पुल्चोक र इन्जिनियरिङ क्याम्पस गएर एम.इ. पढ्दै गरेका विद्यार्थीहरुको लागि डेढ घण्टाको प्रवचन दिने गर्दछु । त्यस्तै Acme इन्जिनियरिङ कलेजमा प्रवचनको लागि बोलाउने गर्छन । अध्ययन गरेर स्वदेशमै केही गर्नु पर्छ भन्ने बारे र नैतिकता सम्बन्धि कक्षा दिने गरेको छु ।

**१२) हजुरले नमस्ते भने कृति प्रकाशित गरी बक्सेको रहेछ त्यसको बारेमा केही बताई बक्सन्छ की ?**

→मैले आफ्नो जीवनमा आफैले भोगेका कुराहरु बारे यस पुस्तकमा प्रस्तुत गरेको छु । यसको मूख्य उद्देश्य मेहनत गर्न सिक्ने र फाल्तुमा समय खेर नफाली छिटो धनी हुने सपना नदेखि मेहनतका साथ कोसिस गरे भगवानले यही दिनेछन्, जीवनमा हरेस खाने हुँदैन जिरोबाट कसरी अगाडि बढ्ने भन्ने कुरालाई कुरा मेरो पुस्तकमा समेटिएको छ । यस पुस्तकबाट उठेको पैसा मैले सामाजिक कार्यमा खर्च गरिरहेको छु ।

**१३) हजुरको Expectional Leadership qualities तथा Suggestive Personality को रुपमा परिचित होई बक्सदौ रहेछ कुन कुन क्षेत्रमा नेतृत्वदायी भूमिकाको तथा Suggestive को भूमिका निभाई बक्सेको हो त्यसको बारेमा केही बताई बक्सन्छ की?**

→हेभी इक्वीपमेन्टस् व्यवसायिहरुको नेतृत्व मैले लिएको हो । यसलाई निस्कलङ्क बनाउने र हेभी इक्वीपमेन्ट व्यवसायी संघ काठमाडौंको संस्थापक म नै हुँ । सोही बारेमा म सबै साथीभाइ र सम्बन्धीत व्यक्तिहरुलाई आफ्नो ज्ञान र अनुभवको आधारमा सही सल्लाह दिने गर्दछु ।

**१४) हजुरको व्यक्तिगत सोख केही छ की ?**

→खासै केही छैन तर अहिलेसम्म मैले विश्वका २८ वटा देश घुमिसकेको छु । घुम्ने खास त्यस्तो सोख चाहि छैन तर व्यक्तिगत सोख सामाजिक सेवा नै हो । सामाजिक उत्तरदायित्व बहन गर्दै समाजसेवामा लागिरहनु मेरो उद्देश्य हो ।

**१५) हजुर दैनिक खानापिनमा कस्तो रुची राखी बक्सन्छ ?**

→म साधारण नेपाली खाना दाल, भात र तरकारीमा रुचाउँछु ।

**१६) पाञ्चायनले यस प्रकारका कार्यक्रम गरी आएकोमा हजुरको प्रतिक्रिया के छ ?**

→त्यो धेरै राम्रो कार्य हो । तपाईहरुले धेरै नै महत्वपूर्ण कार्य गर्नुभएको छ ।ठाउँ ठाउँमा छरिएर रहेका वत्स्य गोत्री दाजुभाइहरुलाई समेट्ने कार्यहरु गर्दै आउनु भएको छ । २ बर्ष अघिदेखि काभ्रेका हामी पनि थापाथलीमा सहभागी भई पुजा गर्दै आएका छौ ।

**१७) अन्तमा नयाँ पिढीलाई केहि सन्देश छ की ?**

→धैर्य गरेर हरेस नखाई लगनशील भएर अघि बढ्दा सफलता नै प्राप्त हुन्छ । झार खाने तर हार नखाने, मानिस झार खाएर पनि त बाँच्न सकिन्छ नि तर हार खाएर मान्छे कहिले उँभो लाग्न सक्दैन । इमान्दार भएर निरन्तर रुपमा कार्य गर्दा सफल भइन्छ ।


**२०७४ सालको शुभ विजयादशमी तथा शुभ दीपावलीको पावन अवसरमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।**

**स्व. अ.प्रा.सह.से टंक विक्रम कुँवर**
**तथा**
**स्व. श्रीमती महालक्ष्मी कुँवरको पुन्य स्मृतिमा**

**श्रीमती शान्ता कुमारी कुँवर**
**छोराहरु-प्यारा विक्रम कुँवर, सुबोस विक्रम कुँवर**
**प्रज्वल विक्रम कुँवर, महेश विक्रम कुँवर,**
**मनोहर विक्रम कुँबर**
**नातीहरु-सन्तोष, संञ्जोग, सरोज, सहयोग, मनिष**
**तथा सम्पूर्ण कुँवर परिवार**



# २०७४ सालको विजयादशमी तथा शुभ दीपावलीको पावन अवसरमा सम्पूर्ण कुँवर राणा कुलबन्धुहरुमा हार्दिक मंगलमय शुभ–कामना व्यक्त गर्दछौं ।

विजय जङ्ग राणा
श्रीमती ज्योत्सना राणा
छोरी विद्या राज्यलक्ष्मी राणा
छोरी स्नेह राज्यलक्ष्मी राणा
छोरी कुलिन राज्यलक्ष्मी राणा
भैरहवा

विनोद जङ्ग राणा
श्रीमती स्मृति राणा
छोरा स्पर्स जङ्ग राणा
छोरी अक्क्ष्यता राज्यलक्ष्मी राणा
धापसी,काठमाडौं



**समस्त**

**राणा तथा कुँवर**

**परिवारमा**

**२०७४ सालको**

**विजयादशमी एवं शुभ दिपावलीको**

**पावन अवसरमा हार्दिक**

**मंगलमय शुभ–कामना**

**व्यक्त गर्दछौं ।**

**स्व. बुद्ध नरसिंह राणाका**

**रानी कल्पना राणा**

**छोरा प्रल्हाद नरसिंह राणा/श्रीमती बिनु राणा**

**छोरा अरबिन्द नरसिंह राणा/श्रीमती संगीता राणा**

**छोरा प्रदीप नरसिंह राणा/श्रीमती पुष्पा राणा**

**छोरा प्रसिद्ध नरसिंह राणा/श्रीमती हिना राणा**

# एक जानकारी

**उपमा राणा**
**संयोजक**

बढ्दै गइरहेको कुलबन्धुहरूको आकारले गर्दा साँघुरिदै गइरहेको आभास दिलाउने पाञ्चायन परिसरलाई केही फराकिलो पार्ने उद्देश्यले पाञ्चायन परिसर विस्तार कोषको स्थापना भएको व्यहोरा कुलबन्धुहरूमा पुनः स्मरण गराउन चाहन्छु । सुरूमा अठार हजार रूपैयाँ जम्मा गरी खडा गरिएको यस कोषमा कुलबन्धुहरूबाट जम्मा गरिएको खुत्रुकेको रकम, स्मारीका प्रकाशनबाट भएको आम्दानी र कुलबन्धुहरूबाट प्राप्त भएको सहयोगको रकम जम्मा हुने गर्दछ । सुरूको अवस्थामा सबैको हाँसोको बिषय बनेको यो कोष अहिले कुलबन्धुहरू माझ चर्चाको बिषय बन्ने गरेको छ । यसको मुख्य कारण हो अठार हजारबाट सुरु भएको यो कोषमा आज यो पुस्तक प्रकाशित हुनु भन्दा अगाडि नै **एक करोड पन्ध्र लाख** भन्दा बढी नै जम्मा भइसकेको छ ।

यसरी कुलबन्धुहरू तथा शुभचिन्तकहरूबाट लगातार सहयोग पाइरहँदा यस कार्यमा लाग्नेहरूलाई ठुलै हौसला मिलिरहेको छ भने भविष्यमा समेत सहयोगको निरन्तरता रहने कुरामा निश्चिन्तता मिलेको छ ।

एकातिर हामी पाञ्चायन परिसरलाई विस्तार गर्ने सोचका साथ अगाडि बढिरहेका छौ भने अर्कातिर भइरहेको संरचना २०७२ बैसाख १२ गतेको महाभुकम्पको चपेटाबाट अछुत रहन सकेन । त्यसले गरेको खास गरी पुजा चोकको पश्चिमलङको दलान तथा सत्तललाई पुऱ्याएको क्षतिलाई पुनः निर्माण गर्न निर्माण उपसमितिले सरकारी तथा कुलबन्धुहरूको तर्फबाट करिब ९० लाख अर्थ संकलन गरी पुर्ननिर्माण सम्पन्न भइसकेको छ । तर सम्पूर्ण पाञ्चायनकै संरचनालाई हल्लाएको र १६८ वर्ष पुरानो संरचना भएको हुँदा क्रमश अर्थ संकलन गर्दै पुर्ननिर्माण गर्नु पर्ने देखिएको छ । जस्तै पूजा चौक भित्रका ११ वटा मन्दिरहरू, पश्चिमलङग देखि बाहेक दक्षिण, पूर्व होम चोक तथा बागमति घाटपट्टिको ऐतिहासिक मूल ढोका, खाली जग्गामा ढुङ्गा छाप्नु पर्ने, पाञ्चायन मन्दिरको सम्पूर्ण मन्दिर परिसरमा रङ्गरोगन लगाउनु पर्ने देखिन्छ ।

## पाञ्चायन पुर्ननिर्माण मर्मत सम्भारको विवरण

१. जस्ताको छाना फेर्ने ।
२. छाना फेर्दा बिग्रिएको काठहरू फेर्ने तथा भुकम्पले हल्लाएको काठको पोलहरू मर्मत गर्नु पर्ने ।
३. एउटा जमरा राख्ने कोठाको फ्लोरमा राखेको माटो हटाई ढलाई गर्ने ।
४. बागमतिपट्टिको ढोका पुर्ननिर्माण गर्ने ।
५. पाञ्चायन कार्यको ढोका पुर्ननिर्माण गर्ने ।
६. पाञ्चायन कार्यालय सडकपट्टि खाली स्थानमा ढुङ्गा छाप्ने ।
७. पुर्ननिर्माण पश्चात रंगरोगन लगाउने ।
८. पाञ्चायन मुल मन्दिर पुर्ननिर्माण गर्नु आवश्यक भइसकेको छ ।
९. त्यस्तै पाञ्चायन परिसरको पूर्व पश्चिम दक्षिण तथा होम चोक पुर्ननिर्माण गर्न पर्ने ।

## २०७३ सालमा प्रकाशित स्मारिकामा भएको आम्दानी तथा खर्चको विवरण

| | |
|---|---|
| **जम्मा विज्ञापनबाट उठेको रकम** | **रु. १२,८९,५१०.००** |
| **स्मारीका प्रकाशन तथा कुलबन्धु सम्मान कार्यक्रममा भएको खर्च** | **रु. २,९८,६४०.००** |
| **बचत** | **रु. ९,९०,८७०.००** |

**बचत भएको रकम पाञ्चायन परिसर विस्तार कोषको नाउमा एन.एम.वि. बैक तथा यति डेभेलपमेन्ट हाल परिवर्तन नाम महालक्ष्मी विकास बैंकमा रहेको खातामा जम्मा भएको छ ।**

*कूलबन्धुज्यूहरूबाट सदा झैं सहयोग प्राप्त भइरहने कुरामा विस्वश्त छु ।*
*जयकूल देवी । जय इष्टदेवी ।*

SHIKHAR
AUTOSURANCE

# Get Shikhar Auto Insurance



There are various reasons which can lead to accidents and vehicle damages and sometimes it can happen without ones fault. Apply for Shikhar Auto Insurance Policy and make the most out of it.

**Drive on with Shikhar Auto Insurance.**

Shikhar Insurance
*Happysurance*

www.shikharinsurance.com www.facebook.com/shikharinsurance

Shikhar Biz Centre, Thapathali, P. O. Box: 10692, Kathmandu, Tel: **4246101**, **4246102**, Fax: **4246103**, E-mail: shikharins@mos.com.np

**२०७४**
**सालको**
**विजयादशमी एवं**
**शुभ दीपावलीको**
**पावन अवसरमा सबै**
**नेपालीहरुमा हार्दिक मंगलमय**
**शुभ–कामना व्यक्त गर्दछौं ।**

कुमुद शम्शेर ज.ब.रा.
श्रीमती शिबा राणा
छोरा कैबल्य शम्शेर ज.ब.रा.
श्रीकुन्ज, कमलादी

# नमस्ते & welcome to Shaligram

Otherwise fondly known as the Shaligram Village, it is located in Jawalakhel. The villageis home to several service enterprises,(Shaligram Hotel, Nirvana Wellness Centre, Nirvana Clinic, Diabetes & Health Clinic of Professor Dr. Mimi Giriand Manny's Eatery &Bar).
Welcome one, Welcome all & Feel at home!

2016 tripadvisor TRAVELLERS' CHOICE™

2016 CERTIFICATE of EXCELLENCE tripadvisor®

CERTIFICATE of EXCELLENCE 2015 Winner tripadvisor®





shaligram apartment hotel

E-mail: info@shaligramhotel.com/Web page: www.shaligramhotel.com
Phone: 5554558/5522346






Manny's Eatery & Bar: 5536919



nirvana wellness centre health and beyond

www.nirvanawellnesscentre.com

# प्रसिद्ध क्रिकेट खेलाडी श्री पारस खड्काज्यू सँगको कुराकानी



काठमाडौंको उत्तरी भेग बुढानिलकण्ठ पूर्खौली घर भएका लक्काई खड्का इन्जिनियर प्रेमबहादुर खड्काका नाती वानेश्वर १० बुद्धनगर निवासी पिता मोहनबहादुर खड्का र मुमा रीता खड्काको प्रथम सुपुत्रको रूपमा वि.सं. २०४४ साल कात्तिक ७ मा काठमाडौंको प्रसुतिगृह अस्पतालमा जन्मिनुभएका पारस खड्का नेपालको क्रिकेट खेल जगतमा एक उदाउँदो नक्षत्र हुनुहुन्छ । सानै उमेरदेखि खेलकुदमा रमाउने उहाँले काठमाडौंकै स्थानीय विद्यालयबाट एस.एल.सी. पास गर्नु भई हिमालयन ह्वाइट्हाउस कलेजबाट +२ गरि उहाँले गोल्डन गेट इन्टरनेसनल कलेज बाट बी.बी.एस्. गर्नु भएको हो । सन् २०१५ मा प्राइमिनिस्टर एण्ड कमान्डर इनचिफ बमबहादुर कुँवर राणा सन्तती दिपक विक्रम राणा र गौरी राणाकी सुपुत्री प्राप्तीराज्यलक्ष्मी राणासँग वैवाहिक सम्बन्धमा बाँधिनु भएका पारस खड्काको ज्यादा समय क्रिकेट खेलको विकास र यसको विस्तारमा केन्द्रित रहने गरेको छ । कक्षा १० पढ्दादेखि नै क्षेत्रीय क्रिकेटमा भाग लिएका उनले जिल्ला क्लव र राष्ट्रिय टिम हुँदै अन्तर्राष्ट्रिय क्रिकेट खेलमा आफ्नो उत्कृष्ट प्रदर्शनी देखाई सकेका छन् । यिनै नेपालका ख्याति प्राप्त क्रिकेट खेलाडी कप्तान पारस खड्कासँग पाञ्चायन स्मारिका २०७४ को लागि उनीसँगको एक भेटमा लिइएको अन्तर्वार्ताको सार संक्षेप ।

**१. हजुरको बुवा मुमाको नाम के हो ?**

☞मेरो बुवाको नाम मोहनकुमार खड्का र मुमाको नाम रीता खड्का हो ।

**२. हजुरको जन्म कहिले र कहाँ भएको हो ?**

☞मेरो जन्म २०४४ साल कात्तिक ७ गते काठमाडौंको प्रसुतिगृहमा भएको थियो । स्थायी बसोवास चाहि वानेश्वरमा हो ।

**३. हजुरको दाजुभाई तथा दिदी बहिनी कति जना छन् र उहाँहरू केके गर्दै छन् ?**

☞एक जना भाइ पंकज खड्का विगत ९/१० बर्ष देखि न्यूयोर्क, अमेरिकामा पढ्दै काम गर्दै छन् । घरमा म र भाई दुई जना छोराहरू मात्र हौं ।

**४. हजुरको प्रारम्भिक शिक्षा तथा उच्च शिक्षाको बारेमा जानकारी गराइबक्सन्छ की ?**

☞मैले South Point School वानेश्वरबाट SLC पास गरें र + २ Himalayan White House कलेजबाट सन् 2007 मा पास गरें । स्नातक (BBS) चाहिँ Goldengate International College बाट (2011-12) खेल्दै पढ्दै उतीर्ण गरें ।

**५. हजुरको विवाह को सँग भएको हो र हजुरको श्रीमती के गरिबक्सन्छ ?**

☞मेरो विवाह श्रीमति प्राप्तिराज्य लक्ष्मी (राणा) खड्कासँग सन् २०१५ मा भएको हो । उनी बुवा दिपक विक्रम र मुमा गौरी राणाको छोरी हुन् । पहिले उनी बैंकमा कार्यरत थिइन् तर हाल काम छोडेर स्नातकोत्तर तहमा पढ्दै छिन् ।

**६. हजुरको ससुराली प्राइमिनिस्टर एण्ड कमान्डर इनचिफ बम बहादुर राणाका सन्तती हुन् की कसो ?**

☞मलाई खासै थाहा भएन । तर लगन घर भएकाले उहाँहरू बमबहादुर राणाका सन्तति भएको बुझिन्छ ।

**७. हजुरलाई क्रिकेट खेलमा शोख लाग्नको कारण केही छ की ?**

☞मलाई क्रिकेट खेलाडी बन्छु भन्ने लागेको थिएन तर म कक्षा १० पढ्दादेखि नै क्षेत्रीय क्रिकेटमा म सहभागी भएर जिल्ला, क्लब, क्षेत्रिय र राष्ट्रिय टिममा सहभागी भए । क्षेत्रिय प्रतियोगीतामा खेल्दा खेल्दै म टिममा छनौटमा परे त्यसपछि राम्रो हुँदै गए ।

**८. कहिलेदेखि हजुरले राष्ट्रिय जुनियर टिमबाट खेलि बक्सियो र राष्ट्रिय टिममा कहिले प्रवेश गरि बक्सियो ?**
☞सन् २००२ डिसेम्बरको अन्त्यमा जुनियर टिम र पछिसन् २००४ मा राष्ट्रिय टिम मा प्रवेश गरी मैले क्रिकेट खेल सुरू गरें ।

**९. क्रिकेट टिममा हजुरले कहिले देखि क्याप्टेन भई खेल्न थाली बक्सियो र क्याप्टेन हुँदा जिम्मेवारी कस्तो बोध गरिबक्सन्छ ?**
☞सन् २००१ मा म Captain भएर खेले । तसर्थ यो स्पष्ट छ कि मेरो जिम्मेवारी असाध्यै धेरै छ । जुनियर भन्दा सिनियर टिममा खेल्दा जिम्मेवारी बढ्ने र Team Spirit ले गर्दा खेल राम्रो खेल्यौं । यस्तो भावनाले सबै खेलाडीलाई खेलप्रति उत्प्रेरित गर्दै अन्त्यमा सम्पूण टिमलाई नै विजयी बनाउने रहेछ ।

**१०. क्रिकेट खेलमा हजुरले कस्तो खेलाडीको रूपमा पहिचान बनाई बक्सेको छ, अर्थात हजुरको ब्याटिङ्ग स्टाइल आदि बारे ?**
☞म आफुलाई चाहिँ इमान्दार खेलाडीका रूपमा आफुलाई चिनाउन चाहन्छु । र देशलाई नै जिताउन चाहान्छु ।

**११. हजुरले खेलिबक्सेको खेलहरूमा स्मरण गर्न लायक खेलहरू कुन कुन हुन् र त्यसमा कति जिति बक्सियो कति हारी बक्सेको छ ?**
☞खेलमा जित हार त सधैं भइ नै रहन्छ । U-१५ क्रिकेट खेल भएको नै १४, १५ बर्ष भइसक्यो । World Cup Qualify (२०१४) मा भएको क्रिकेट खेल मलाई सब भन्दा खुशीको क्षण लागेको छ जुन बङ्गलादेशमा भएको थियो ।

**१२. खेल खेल्दा अविस्मरणीय घटना हजुरको जीवनमा कुनै घटेको छ की ?**
☞डिभिजन-५ ४,३,२,१ खेल खेल्दा ज्यादै ठूलो संघर्ष गर्नुपरेको थियो । जसो तसो यहाँ सम्म आयौं । अझै एक दिवसीय अन्तराष्ट्रिय क्रिकेट (ODI) खेल्ने लक्ष्य छ । अझै पनि विश्वकप खेल्ने लक्ष्यका साथ अघि बढ्न सकिन्छ । जसबाट हाम्रो अन्तराष्ट्रिय पहिचानका साथ अघि बढ्न सकिन्छ ।

**१३. आजका दिनमा क्रिकेट खेलबाट जीवन निर्वाह हुन्छ हुँदैन नेपालमा ?**
☞जीवन निर्वाह गर्न गाह्रै छ । तर पहिलाको भन्दा खेल क्षेत्रमा धेरै सुधार भएको छ । विश्वविद्यालयका प्राध्यापक र डाक्टरको जस्तो आर्थिक स्तर त नहोला । तर विस्तारै सुधार हुँदैछ । क्रिकेटको वातावरण व्यवसायिक पनि बन्दै छ ।

**१४. नेपालमा क्रिकेट खेलको भविष्य कस्तो देखिबक्सन्छ ?**
☞क्रिकेट खेलको भविष्य नेपालमा एकदमै उज्ज्वल देखिन्छ । अन्तराष्ट्रिय क्रिकेट परिषद् (ICC) ले हाललाई निलम्बन गरेको छ । यसले गर्दा आर्थिक सहयोग रोकिएकाले अवस्था कमजोर छ । देशभरका गल्लीहरूमा हेर्यो भने बच्चाहरू समेत हात हातमा ब्याट लिएर हिडेको देखिन्छ । अवको १० बर्षमा अर्थात सन् २०२७ सम्म भारत र नेपाल सरकारका खेल निकायसँग समन्वय गरेर अघि बढ्न सकिन्छ । आवश्यक स्रोतहरू जुटाएर व्यवस्थित रूपमा संघलाई चलाएमा यसको भविष्य राम्रो देखिन्छ ।

**१५. क्रिकेट संघमा सँधै झगडा भइरहन्छ अहिले पनि झगडा सुल्झेको छैन क्यारे यस्तै चालाले यो खेलले भविष्यमा गति लेला र ?**
☞हो, हामीलाई पनि त्यस्तै डर लागेको छ । (ICC) ले पोहोर बैशाखदेखि संस्थालाई निलम्बन गरी आर्थिक सहयोग रोकिराखेको छ । अन्तराष्ट्रिय स्तर नपुगेको भनी निलम्बन भएको छ । तर पनि खेल्ने वातावरण अझै छ । कीर्तिपुरको क्रिकेट ग्राउण्डमा हेर्यो भने दशौ हजार मान्छे हाँसि खुसि साथ खेल हेर्न गएको देखिन्छ । (ICC) ले पनि नेपाली खेलाडीमा क्षमता देखेरै होला चासो बढाएको छ । हरेक क्षेत्रमा विवाद हुन्छ र त्यो क्रिकेटमा पनि छ । अब राम्रो व्यवस्थापन नभई खेलाडीले चाहेर मात्र केही गर्न सक्दैन ।

**१६. खेल बाहेक हजुरको शोख के के मा छ त ?**
☞त्यस्तो खास शोख केही छैन । म सामान्य जीवन नै बिताउन चाहान्छु । जस्तो फुर्सदका बेला साथीभाइ सँग भेटघाट, कुराकानी र सबैजनासँग मिलेर खेल खेल्नु र हेर्नु नै मेरो शोख हो ।

**१७. सक्रिय खेलाडीबाट सन्यास लिए पश्चात आफ्नो जीवन कसरी बिताउने विचार गरिबक्सेको छ ?**
☞अहिले त खेल नै खेलिरहेको छु । अवकासको बारेमा सोचेको पनि छैन तर इमान्दारीसँग खेल खेल्दाखेल्दै के भन्न सकिन्छ र । यही खेलले मलाई मान, सम्मान र पहिचान दिइरहेको छ । भविष्यमा मेरो इच्छा क्रिकेट खेलको प्रशिक्षणमा भन्दा व्यवस्थापन पक्षमा सुधार गर्नु पर्ने देखेको छु ।


**१८. हजुरलाई मन पर्ने क्रिकेट खेलाडी को हुन् ?**
☞मेरो सबै भन्दा मन पर्ने खेलाडी खासमा भन्नुपर्दा कोही पनि छैन । तर म अस्टेलियन क्रिकेट खेलाडी चाहि मन पर्ने हो । तर लिभरपुलका फूटबल खेलाडी स्टीभन जेरर्ड हुन् ।

**१९. बिहान बेलुकाको खानामा हजुरको रूचिको खाना के के हुन् ?**
☞खेलाडीहरूलाई रूचि भन्दा पनि शारिरीक शक्ति दिने प्रोटिनयुक्त खाना जस्तै : दुध, अण्डा, माछा, मासु र गेडागुडी आदि खानुपर्ने हुन्छ, जसबाट शरिरमा शक्ति र स्फूर्ति आओस् ।

**२०. खाना पकाउने खानेमा हजुरको शोख छ की छैन ?**
☞मलाई खाना पकाउन चाहिँ आउँदैन तर खाने शोख भने छ । एक पटक सन् २०१२ मा क्यानडामा खेलको क्रममा ३ महिना बस्दा अलि अलि खाना बनाउन सिकेको थिए तर यहाँ आए पछि फेरी त्यो अभ्यास छुट्यो ।

**२१. पाञ्चायनले यस प्रकारको कार्यक्रम गरेकोमा हजुरको प्रतिक्रिया केही छ की ?**
☞सर्वप्रथम त ज्वाई भनेर सम्मान पाएकोमा आफूलाई धेरै खुशी लागेको छ । त्यो भन्दा पनि महत्वपूर्ण कुरा के हो भने खेल क्षेत्रका व्यक्तिहरूलाई पनि समेट्दा मैले प्रेरणा मिलेको महशुस गरेको छु र भविष्यमा अझ राम्रो गरिरहन र अझ बढी मेहनत गर्न यसले मलाई प्रेरित गरेकोमा म यहाँहरूलाई धन्यवाद दिन चाहान्छु ।

**२२. अन्तमा नयाँ पुस्तालाई हजुरको भन्न् केही छ की ?**
☞विशेषतया युवाहरूलाई जीवनमा चारै तिर छरिन र बरालिन भन्दा एउटा बाटो छानेर लाग्नुपर्छ र आफुले छानेको बाटोमा विशिष्टता प्राप्त गर्ने र जिम्मेवारी बोध गर्न सक्नुपर्छ तर सबै भन्दा ठूलो कुरा त जीवनमा असल शिक्षा प्राप्त गर्नु हो । त्यसपछि व्यक्ति संगीत, साहित्य वा जागिर कुनै पनि क्षेत्रमा लाग्न सक्छ । हाम्रो र पश्चिमा समाजमा फरक छ । हामी आफ्नो खुट्टामा उभिन सक्ने सानो तिनो कार्य गर्न लजाउनु हुँदैन । आफुले आफैलाई सहयोग गर्नु पर्छ र सपना ठूलो देख्नुपर्छ र त्यही अनुसार इमान्दार भएर कोसिस गरे देखि अवश्य एक दिन राम्रो हुनेछ ।



NEW
TORNADO
TNT
25
Benelli
TORNADO NAKED
STYLE UP.
RIDE
DESIGN.
LIVE TNT.
PURA PASSIONE DAL 1911
Benelli
Benelli
KTM INTERNATIONAL TRADING PVT. LTD.
NARAYANCHAUR, NAXAL, KATHMANDU
PHONE: +977-1-441 1439




# समस्त
# राणा तथा
# कुँवर
# परिवारमा २०७४ सालको विजयादशमी
# एवं
# शुभ दीपावलीको
# पावन अवसरमा हार्दिक मंगलमय
# शुभ-कामना व्यक्त गर्दछौं ।

**श्री शार्दुल शमशेर ज.ब.रा. स्मृति कोष २०५३**
**सम्बन्धित सदस्यहरु**
**रानी प्रभा लक्ष्मी राणा**
**मनोहर शमशेर राणा**
**तथा**
**सम्पूर्ण स्मृति कोष परिवार**

# Best Wishes on the Auspicious Occassion of
## BADA DASHAIN &
## SUBHA DEEPAWALI 2074






# uTsav

Authentic Nepali restaurant
lal durbar,Durbar Marg Kathmandu, Nepal
Telephone : 4430170, Fax: 4431014
E-mail : utsav@mail.com.np
www.utsavrestaurant.com


TABELA
A GARDEN RESTAURANT
Naxal, Kathmandu, Ph: 01-4416581
e-mail : info@tabelarestro.com, www.tabelarestro.com



**२०७४**
**सालको** *विजयादशमी*
*एवं शुभ दीपावली*को **पावन अवसरमा**
**सम्पूर्ण राणा तथा कुँवर बन्धुहरु**
**एवं**
**सम्पूर्ण नेपाली दिदी बहिनीहरुमा**
**तथा दाजु भाईमा हार्दिक मंगलमय शुभ-कामना**
**व्यक्त गर्दछौं ।**

*कोमल विक्रम राणा तथा श्रीमती मीन कुमारी राणा*
*कविर राणा तथा श्रीमती नन्दु राज्य लक्ष्मी राणा*
**(प्रधान सम्पादक, देसान्तर मिडिया ग्रुप)**
*रवि राणा तथा श्रीमती अन्जु राज्यलक्ष्मी राणा*
*विक्रान्त विक्रम राणा तथा श्रीमती रितु राज्य लक्ष्मी राणा*
**(बोष्टन, अमेरिका)**
*सुश्री कञ्चन राज्यलक्ष्मी राणा*
**(सिड्नी, अष्ट्रेलिया)**
*रजिक विक्रम राणा, सुश्री रिताष्मा राज्यलक्ष्मी राणा*
**(देहरादुन, भारत)**
*आरूष विक्रम राणा*

**प्राइमिनिस्टर कमान्डर इन चिफ बम बहादुर राणाजीका सन्तति**
**बालकोट, सुर्यविनायक नगरपालिका ३, भक्तपुर**




ITR
Authorized Sole Distributers for Nepal.
Reliablity. Durability. Affordability
ITR
PASSION FOR PARTS
ITR LUBRICANTS
ITR
PASSION FOR PARTS
ITR SPARE PARTS
TYRE MARKING
ITR
PASSION FOR PARTS
ITR TYRES
हजुरलाई नमस्ते ट्रेडिङ
बाफल चक्रपथ, काठमाण्डौ । ४२८०३४२, ४२८६७१२, ९८५१०९३४२५, ९८५१०४६६४०

# सातचोक दरवारको उत्तर-पूर्वस्थित भगवती र नारायण मन्दिर

........प्रकाश दर्नाल

काठमाडौ महानगरपालिका वडा नं ।१७ धोविचौरमा ऐतिहासिक सातचोक दरवार छ । जंग बहादुर कुँवर राणाको दाई भक्तवीर कुँवर राणाको कम्पाउन्डसँग जोडिएको छ । सातवटा चोक भएको यो दरवार सातचोकको नामले प्रसिद्ध छ । यसैको अगाडि बाटोको दक्षिणतर्फ



जनरल जय बहादुर कुँवरले यो घण्टा १९०७ साल कार्तिक १५ गते मन्दिरमा चढाइबक्सेको हो ।

चौरमा भोडिका गणेश अर्थात भुँडे गणेशको प्रसिद्ध लिच्छविकाल( ीन मूर्ति भएको मन्दिर छ । भगवती र नारायण मन्दिर सातचोक दरवारको उत्तर पूर्व रहेकोले छेकिएको थियो । त्यसैले त्यहाँ दुइटा मन्दिर छ भन्ने कुरा धेरैलाई थाहा थिएन । मेरो घर यही नजिक भए तापनि मलाई त्यहाँ जाने अवसर जुरेको थिएन । त्यसैले मन्दिर वारेमा अनभिज्ञ थिए । तर यही २०७२ साल वैशाख १२ गते आएको विनाशकारी गोरखा भूकम्पले सातचोक दरवार पनि भत्किदा अहिले बाटोवाटै मन्दिर देखिन्छ । रातो रङ्गले पोतिएको भव्य गुम्वज छानाले वाटोमा हिड्ने जोसुकैको ध्यान आकर्षित गर्छ । यसरी आफ्नै सामुन्ने मन्दिर झुल्किदा यस सम्वन्धमा सोधखोज गर्ने इच्छा भयो । त्यसैले वलराम थापालाई लिएर त्यहा' पुगे । मन्दिर जान सातचोक दरवारको पूर्वी मोहडाको ढोकावाट गई उत्तर लाग्नु पर्छ । भगवती र नारायण मन्दिर एउटै लहरमा दक्षिणतिर फर्केका छन् ।

भगवती मन्दिर - यो मन्दिर अग्लो दुई पेटीमा दक्षिणतिर प्रवेशद्वार भएको ,इ'टा, माटो, काठ, ढुङ्गा प्रयोग गरेर बनाइएको गुम्वज शैलीको एक तले छ । ढोका अगाडि ढुङ्गाको सिंढी छ । ढोकाको माथि प्रस्तरको कलात्मक छेपु भएको र तल दायाँ वायाँ स्थानक मुद्राका गणेश र कुमारका मूर्तिहरू छन् । त्यो भन्दा तलका दुई प्रस्तरका सिंहहरू पनि उल्लेखनीय छन् । मन्दिरमा विभिन्न इँटाका वुट्टाहरू भएकोले आकर्षक देखिन्छ । ढोकाको खापामा पित्तलका किंकम्पा छ । मन्दिरभित्र महिषमर्दिनीको प्रस्तर मूर्ति छ । त्यस्तै छाना माथि अगाडि दुई कुनामा प्रस्तरका शिव र विष्णुका मूर्तिहरू छन् । मन्दिरको वाया'पट्टि घण्टी छ । यसमा " श्री ३ भगवती प्रिती गरी श्री मद्राजकुमार कुमारात्मज जनरल जय वहादुर कु'वर राणाजीवाट वन्हायाको घंट जश्ले लोभ गर्ला पंच पाप लाग्ला १ संवत १९०७ साल मिती कार्तिक सुदी १५ रोज ३ का दिनमा " लेखिएको छ । यसै मन्दिरको दाया'पट्टि पर्खालमा प्रस्तरको शिलापत्र, महाका'ल मूर्ति, सरश्वती मूर्ति भएको देवल, गणेश मूर्ति भएको देवल र श्रीयन्त्र भएको अष्टपत्र छ । मन्दिरको मर्मत सम्भार गर्न' पर्ने अवस्था छ ।

नारायण मन्दिर - यो मन्दिर पनि भगवती मन्दिर जस्तै दुई पेटीमाथि, इ'टा, काठ, माटो, ढुङ्गाले बनेको , दक्षिणाभिमुख, गुम्वज शैलीको एक तले छ । ढोका अगाडि ढुङ्गाको सिंढी छ । ढोकाको माथि प्रस्तरको कलात्मक छेपु भएको र तल दायाँ वायाँ स्थानक मुद्राका जय र विजयका मूर्तिहरू छन् । त्यो भन्दा तलका दुई प्रस्तरका सिंहहरू पनि उल्लेखनीय छन् । यो मन्दिरमा पनि विभिन्न इँटाका वुट्टाहरू भएकोले आकर्षक देखिन्छ । ढोकाको खापामा काठको जाली वुट्टा छ । मन्दिरभित्र कृष्ण, राधा र रूक्मणीका प्रस्तर मूर्तिहरू छन् । यो मन्दिर अगाडि प्रस्तरको गरूड मूर्ति राखिएको छ । यो मन्दिरको अवस्था भगवती मन्दिरको भन्दा नराम्रो अर्थात छाना चुहिने भएकोले शीघ्र मर्मत सम्भार गर्न' पर्ने देखिन्छ ।

यहा'को शिलापत्र अनुसार शाके १७७७ तदनुसार वि.सं. १९१२ ( यहा' संवत १९०९ उल्लेख छ ) मा रणजित पा'डेका छोरा केशर पा'डे र उनका पनि छोरा उदय बहादुर पा'डे र वजै चन्द्रप्रभाले आफ्ना चोकमा भगवती र नारायण स्थापना गरी त्यसको नित्य नैमित्य पूजा गर्न बालाजु इषापोखरी लगायतका ठाउ'को गरी जम्मा ८७ रोपनी

खेत गुठी राखेको पाइन्छ ।
भगवती र नारायण मन्दिर वारे Kathmandu Valley, The Preservation of Physical Environment and Cultural Heritage A Protective Inventory vol.2 , 1972 को पृष्ठ ११ र १२ मा पनि उल्लेख गरिएको पाइन्छ ।

## शिलापत्र

१. श्री गणेशाय नमः उद्यभ्दास्कर सन्निभा त्रिनयना राजन्कपोलट्टा तिर्दुगाम्वाश्चित भक्त दुःख शमनी सृष्टादिक त्रीश्वरी ॥ वि
२. घ्नौ धामभि भूययाश्रित जनान्स रक्षति स्वेछया पापान्सा करूणार्द्रदृष्टि रनिशेव : शर्वयुक्त शिवा : ॥१॥ वृन्दावने कुञ्ज गृहेषु राधाधी
३. सलीलोचित दिव्यवस्त्र : ॥ वंशीरवारंञ्जित सर्वगोप : पायाददादि मधु सुदनोव : ॥२॥ गो गोवं गोपीरमय भुदार : सदार श्री विष्णु त गोत्र भा
४. र : ॥ वादार विन्दे -- पुण्यवारि : पायान्मुरारिर्यजोपकारी ॥३॥ गोरक्षाचल भूय मंत्रिषु पुरालब्ध प्रतिष्ठा भुवन पाडे वंशकलानि धी
५. रणजितो यान्वर्थ नामाश्रित : ॥ तत्पत्नी रमया समागुण धनाधीशापि चन्द्रप्रभा पुत्रै धर्मरनैस्तयापि सहित त्व केहरे : स्येपमम् ॥४॥ दुर्गाया
६. घत पोसु पूजन विधौ संकल्पा भाग भुवो दुप्योत्पत्ति सुसोभिताचय वहृति कार्येषु तातो व्यधान ॥ यना दिष्ट वशाद्गतादि गुजाना तानेव ॐ हां
७. कर्त पौत्र उदेय चतुरयपुर्वो सौवहादुर्वर : ॥५॥ श्री कृष्ण दुर्गाम्विकयो : समक्षं पैतामहं चिरवास समीहनु ॥ क्षिते पुनर्योजि घस्यो
८. वुधाझयाल भवा सूति भोगात् ॥६॥ स्वस्ती श्री ५ मन्महाराजाधिराज रणवहादुर साहानुग्रहैक भाजन श्री देवान् रणजित सिंह पाडे प्रतिस्था
९. पनाम्ना स्वधर्म पत्न्या चन्द्रप्रभायात्विते नरणगंभिर धीरकेशरि दलकेशरि कीर्तिध्वजात्मज तृतेन श्री ७ राघासु रूक्मीणी युतस्य श्री कृष्णस्य
१०. दुर्गाम्वकायाश्च मूर्तिस्थापन प्रासाद रूचन मनुपतो पं खितद ब्योत्पति योग्या संकल्प भूवो व्यवस्था च कृतो सीत सापि दिष्टवशा
११. गुण्यमारि थता तत्पौत्रेणक प्राणोदय वहादुरेण स्वधर्म पत्न्या ललिता देव्या युतेन पुनयथास्थिती नीतेभ्य वधेय मत वथमिति शि
१२. वस ॥ ॐ अद्य व्रह्मणो द्वित्यत्यादि श्री शाके १७७७ विक्रमादित्य सम्वत १९०९ साल चैत्रमासे चन्द्रमाने चैत्र शुक्लपुर्ण्यमा पु
१३. ण्य तिथौ चित्रा नक्षेत्रे वज्रयोगे जथाकरण मुहुर्तके शनिश्चर वासरे मेषराशि स्थिते सवितरि तुलरासि स्थिते च
१४. न्द्रमसि धनु रासि स्थिते देव गुरौ यात्पाषु यथा यथा स्थानेषु सत्सु ॥ येतास्मि दिने श्री देवान् रणजित पाडेका छोरा
१५. श्री धिर विर केसर पांडे तन्का छोरा श्री उदय वहादुर पांडेले आफ्ना श्री वजै चन्द्र प्रभाले आफ्ना चोकमा श्री भगवति श्री नारा
१६. न् स्थापना गरि नित्य नैमित्य पुजाकन षेत वालाज्यु रोपनि ४० इषपोषरि षाल रोपनि ३१ सात्पावो रोपनि ८ चापागाउ देगु वुरोप
१७. नि ८ ज्मा रोपनि ८७ संकल्प गरि श्री भगवति श्री नारान प्रीति गरि चन्हायाको सिलापत्र वनाइ चन्हाया यस षेत मध्ये इषापोषरि षा
१८. ल षेत मध्ये पुजाहारा २ के रोपनि ९ साजवेहान वाजा वजाउन्या कुसल्या ७ के रोपनि २२ वाकि ५७ मध्ये श्री सर्कार वाट गाजिराष्याको
१९. स्मेत पावो रोपनि ३॥ वाकि रोपनि ५३ । तरको उपजनि धान मुरि ५० चावल मुरि ५।५ गहु मुरि ११ ध्युषानि रू ६। वालाज्यूका घर
२०. पसलको वाल रू ४।- यस मध्ये श्री भगवति के दिन १ के दक्षिना २ दाम नैवेद मासु भटमास अदुवा सुरापान स्मेतके ७ दाम दर्ले १ दाम
२१. तेल २ दाम ज्मा रोजिना पैसा ३॥ हिसाबले पलक रूपैया --- १।६॥ श्रीषण्ड के रू १। रक्त चदंनके रू ॥= ज्मा १८॥ वर्ष वंधनके रागा
२२. १ के रू ९ वोका २ के रू ४ रात्रि पुजाको रू १ दिपमालाके तेल पाथि १ के रू २ चुनके रू ॥ सिदुर सुपारि धुप फालफुल के रू -- नरिवलके १ गरि
२३. के ३ भेटिका रू ॥ घ्येजाके षभू वाष गाम १ के ।. वीस २ के जग्यको सराजामके रू १।= पाट २ के ॥ फलसिधा भेटि स्मेत को ॥---
२४. के दक्षिना । कन्या ३ के लाल वंस्त्र शत १२ के १। दक्षिना भोजनके रोटि --- ॥ दहि के --- के रू ४ । दिपमालाको तेल करूवा --
२५. ज्मा रू १४३ वडा दसैके पुजाको सराजाम नरिवल पगरि के ३ भेटि ॥ रागा १। के रू --- १ के ४ दिपमाला के तेल करूवा ---
२६. रू १ ज्मा १४ सबै ज्मा पैसा रू ५७३ ॥ तस्को ८ पाथिकादरले धान मुरि २२।१८ पुजाहाला दीनु श्री नारान के दिन १ अक्षता
२७. तेसै -- निपुल के -- बत्ति के तेल २ दाम ज्मा रोजिना पैसा ८ ॥ का हिसाबले वर्ष १ के रू १०। उधार रू १।- ज्मा रू १२ ॥ ---
२८. के राति पुजाके सराजाम फालफुल के ॥ नरिवल पगरि के ३ भेटि ॥ यो सागको रू ४ जपको सराजाम भेटि स्मेत पुरोहित --- ---
२९. दक्षिणा के । सिधा के ३॥ वैरागी ८ लाई भोजन र प्रसाद दिनु घिउ धार्नि ३ के रू ३॥। सषर के ॥ पिठोके रू २ दहि --- के ---
३०. पात के २ --- के ज्मा रू १६ माना ॥ ज्मा अष्टामि के पुजाका सराजाम फालफुल नरिवल पगरि के रू २ भेटि ----
३१. के रू २ पुरि तर्कारी के रू १ ॥. पैरागि ८ के दक्षिणा दि भोजन गराउनु दिपमालाके तेल कुरूवा ९ के रू ३ ज्मा रू ०५ । दाग - निका पुजा -
३२. पुजाको सरजामके रू ॥ भेटि २ ध्यु के रू १ ॥ सकर के ॥। पिठो के ॥ दहि -- के वैरागी २ भोजन गराउन दक्षिना रू ॥ सबै ज्या ---
३३. ४८ - नि के - पाथिको दरले धान मुरि १९।४।२ वालाज्यू का षेतको वालि मध्ये पराहारालाई दिन -------
३४. ----------- सराजाम नया ढग ---- गरि हाम्रो जय मनाइ पर्व पर्वमा पुजा गर्न पुजाहारा गैरन्ह के चापागाउ --
३५. का घर पसलको वाल षानि पैसा रू --- वालिका आधा गरि --- गहना बनाउनु
३६. बकिं धान मुरि २।२० चावल मुरि ५ -- गुठियार --
३७. सिषर
३८. प्या जपेत ---- सर्ष
३९. -- नि --- जायते
४०. शुभम

संक्षिप्त भावार्थ :- शाके १७७७ तद्नुसार वि सं १९१२ ( तर यसमा १९०९ उल्लेख छ ) चैत्र शुल्क पूर्णिमा शनिश्चर वारका दिन रणजित पाँडेका छोरा धीर विर केशर पाँडे र उनका पनि छोरा उदय बहादुर पाँडे र वजै चन्द्र प्रभाले आफ्ना चोकमा भगवती र नारायण स्थापना गरि त्यसको नित्य नैमित्य पूजा गर्न वालाजु इखापोखरी लगायतका ठाउँको गरी जम्मा ८७ रोपनी खेत गुठी राखे । गुठी वाँडफाँट गरिएको विषय यो शिलापत्रको मुख्य विषय हो ।

---

८ राष्ट्रिय अभिलेखालयको सौजन्यताले प्राप्त शिलापत्रको अनुवाद अनुसार ।

# लोक सभा (भारत ) सभासद मा.माला राज्यलक्ष्मी राणा शाहको एक चिनारी



स्वर्गीय जनरल अर्जुन शमशेर ज.ब.रा तथा रानी विन्दु देवी राणाका छोरी माला राज्यलक्ष्मीको जन्म २ अगस्ट १९५० काठमाडौंमा भएको थियो । तत्कालीन श्री ३ महाराज चन्द्र शमशेर ज.ब.राका पनातीनी हुनु भएको हुँदा वहाँहरू सुःख सयलमा हुर्कि बढी प्रारम्भिक शिक्षा Convent of Jesus and Mary Pune बाट सकि उच्च शिक्षा काठमाडौंको रत्न राज्य लक्ष्मी कलेजबाट इन्टरमिडियटसम्मको शिक्षा प्राप्त गरि ७ फेब्रअरी १९७३ भारतको गढवाल राज्यको राजपरिवार Shri Manujendra Shah सँग विवाह भई 3/24, Ravindra Puri, Dehradun, Uttarakhand भारतमा जानु भएको हाल उहाँको बसोबास Tehri Garhwal House 5,Bhagwan Das Road, New Delhi रहेको पाइयो । उहाँहरूको सन्तानमा एक छोरी केश्रीजा शाह अरोरा परिवारमा विवाह भएको रहेछ । राज्यको राज परिवारको सदस्य भएता पनि उहाँको ससुरा स्व. महाराज मनबेन्द्र शाह भारतीय राजनीतिमा सक्रिय भई लोकसभाको चुनावमा ८ पटक निर्वाचित सांसद भई राजनीतिक घरानाको रूपमा स्थापित व्यक्तित्व हुनुहुँदो रहेछ । माला राज्यलक्ष्मी राणा विवाह भई भारत जानु भए पछि नेपालमा सुख सयलमा हुर्कि बढी भारतको उच्च घरानामा विवाह भएता पनि सामाजिक कार्यहरूमा निरन्तर लाग्नु भएको कारण वहाँ पनि वहाँको ससुराको राजनैतिक परम्परा थाम्दै गढवाल राज्यबाट दुई पटक लोकसभामा विजय भई सामाजिक तथा राजनैतिक कार्यहरू सफलता पूर्वक गर्दै आउनु भएको छ । उहाँ गढावाल राज्यमा २०१४ मा लोकसभामा निर्वाचित हुँदा पहिलो महिला सांसद हुनुहुँदो रहेछ। उहाँ हाल निम्न लिखित समितिमा सदस्य रहि निम्न लिखित कार्यहरू गर्दै आउनु भइरहेको छ ।

1. Committee on enpowerment of women.
2. Standing Committee on Defence.
3. Consultative Committee, Ministry of Tourism & Culture.
4. Governning Body of All India Institute of Medical Science, Rishikesh.

त्यस अतिरिक्त उहाँले सामाजिक तथा सांस्कृतिक क्षेत्रमा पनि निम्न स्थानमा रही कार्यहरू गर्नुभएको पाइन्छ ।

1. Trustee Maharaja Narendra Shah Trust, Dehra Dun, Uttarakhand.
2. Trustee Narendra Mahila Vidyalaya, New Tehri, Uttarakhand.

सायद उहाँ पहाडी राज्यबाट राजनैतिक सामाजिक कार्य गर्ने हुनुहुँदा उहाँको विशेष रूची पहाडी जिल्लाको विकास तथा महिला ससक्तिकरणमा उहाँको अभिरूची पाइयो भने फुर्सदको समयमा म्यूजिक सुन्ने तथा घुम्ने र दिल्ली जिमखाना क्लब, न्यू दिल्ली एण्ड क्रिकेट क्लब अफ इन्डिया, मुम्बईमा सदस्य रही खेलकुद विकासको लागि कार्य गर्नु हुनुहुदो रहेछ ।


**आवरण लेख**

## बङ्गलादेशका प्रशिद्ध भगवती
# ढाकेश्वरी



**एकाराम**

ढाका बङ्गलादेशको राजधानी हो । मुस्लिम राष्ट्र भएता पनि यहाँ राजधानीको नामबाट एक हिन्दुको पवित्र मन्दिर पनि छन्–ढाकेश्वरी । ढाकाको प्रशिद्ध देवी हुनाले यो नाम रहन गएको हुनसक्छ । नाम ढाकेश्वरी भएता पनि मूलतः यिनी दुर्गा भगवति हुन् । भगवतिका विभिन्न रूप नाम र रूप छन् । ढाकेश्वरी भगवतीको रूप महिषासुर मर्दिनीका हुन् । महिषासुर मर्दिनीको अर्थ हुन्छ महिष अर्थात् राँगाको रूप धारण गरेका शक्तिशाली मायावी दानव असुर महिषासुरलाई मारेकी । महिषमर्दिनी नाम पहिलो पटक महाभारतमा दुर्गा भगवतीलाई भनिएको उल्लेख छ । महिषासुर मर्दिनी दुर्गाभवानीको अर्को रूप हो । दुर्गा सप्तशतीमा महिषमर्दिनी र राँगोको रूप लिएको महिषासुरका बीच भएको संग्रामको वर्णन छ । विष्णुधर्मोत्तर पुराणमा यिनलाई चामुण्डा व चण्डिको नाम बाट सम्बोधन गरिएका छन् । यिनको प्रतिमा सिन्धुघाटीको सभ्यताको समयबेलादेखि पाइएको छ । भारत नेपालमा महिषसुर मर्दिनीका मूर्तिहरू धेरै छन् । नेपालमा महिषमर्दिनीको सबभन्दा पुरानो मूर्ति हाँडिगाउँको धनगणेश मन्दिरमा प्राप्त छन् ।



शक्तिकी देवी दुर्गालाई नेपालमा भगवतीको नामबाट बढी चिनिन्छन् । काभ्रेको पलान्चोक पहाडमा रहेको प्रशिद्ध भगवतीको पलान्चोक भगवतीको नामले चर्चित छन् । भारतको विन्ध्याचल पर्वतमा रहेकी दुर्गाका कारण विन्धबासानी भगवती नाम रहेको छ । यसैगरि बङ्गलादेशको ढाकामा रहेकी भगवती पनि स्थानको नामजोडि ढाकेश्वरी भनिएका छन् । ढाकेश्वरीको भगवती पहिले ढाकाको जंगलभित्र उत्पत्ति भएको किवन्दन्ती छ । किवन्दन्ती अनुसार मृतक सतिको शरिरलाई महादेवले आफ्नो जीउमा बोकि बहुलाउँदै पृथ्वीलोक घुमेका थिए । कालन्तरमा उनको जीउको विभिन्न भागहरू पृथ्वीमा झर्नेक्रममा यस ढाकाको जंगलमा पनि खसेका थिए र त्यसै ठाउँमा शक्तिपीठको उत्पत्ति भएको विश्वास गरिन्छ । यसर्थ यस क्षेत्र एक पवित्र शक्तिपीठ हुनपुग्थ्यो । इश्वीको बाह्रौं शताव्दीमा बलबल सेन राज्य सम्हाल्न सिंहासनमा बस्दा उनले आफ्नो जन्म विशेष परिस्थितिमा यही जंगलमा भएको सम्झनामा ढाकेश्वरीको मन्दिर बनाउन लगाएका थिए । करिव ८०० वर्ष पुरानो यहाँको ढाकेश्वरी भगवतीको प्राचीन स्वरूपका मन्दिर र मूर्ति अहिले यहाँ छैन । यस मन्दिरमा विभिन्न समयमा विभिन्न समूहबाट आक्रमण हुँदा ऐतिहासिक सम्पदामा नष्ट हुन पुग्यो । यहाँ रहेको अहिलेको मूर्ति पुरानोको प्रतिमूर्ति मात्र हुन् । पुरानो मूर्ति कलकत्ताको कुमारतुलीमा पुगेको छ । अहिलेको ढाकेश्वरी मन्दिर करिव दुइसयवर्ष अघि इष्ट इण्डिया कम्पनीका प्रतिनिधिले बनाई दिएका हुन् । सन् १९८८ मा इश्लामलाई राज्यको धर्म घोषणा गरेको बङ्गलादेशमा महिषासुर मर्दिन ढाकेश्वरी भगवतिको मन्दिरलाई सन् १९९६ मा राष्ट्रिय मन्दिरको मान्यता दिएका थिए । यसर्थ विश्वमै मुस्लिम राष्ट्र हिन्दूदेवी ढाकेश्वरीलाई विशेष महत्वका साथ हेरिने गरिन्छ ।

ढाकेश्वरी पंच धातुबाट निर्मित सुवर्ण लेपित गरिएको मूर्ति हो । यो मूर्ति करिव डेढ फिट् जतिको उचाइ छ । ढाकेश्वरी मूर्ति महिषमर्दिनीका रूपमा शुम्ब–निशुम्बको अन्त गरेका छन् । मूर्तिको दायाँ बायाँ मूलरूपमा महालक्ष्मी र महासरस्वतीको अन्य दुई साना मूर्ति गणेश र कार्तिकेया छन् । मूर्ति दसैंको समयमा बंगालीहरूले बनाइने माटोको मूर्तिसित मिल्छ । दुर्गा भगवती महिषमर्दिनीको विशेष पूजा आश्विन शुक्लपक्षको नवमी र चैत्रको नवमीमा हुन्छ । दुःखको नाश गर्ने, मृत्युदेखि बचाउन र शत्रुको दमन गर्ने देवी महिषासुर मर्दिनीलाई हिन्दूहरू विशेष श्रद्धा र भक्तिले पूजन, ध्यान, जप, होम आदि गरि मान्ने गरि आएका छन् ।